"हामीले साहससाथ भन्नुपर्छ-अहिले हामी अरुण तेस्रो चाहन्नौं !" -विद्युत विज्ञ विकास पाण्डेसितको अन्तर्वार्ता

# मूल्याङ्कन

मुल्य रु. १५/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क २६, फागुन-चैत्र २०५१

## कति समान छन् महिलाहरु

★ देशका कारखानाहरु र कृषि क्षेत्रमा

★ अमेरिका र जापानमा

★ क्युबा र उत्तर कोरियामा



के विश्वमा महिलाहरु पुरुषभन्दा कम काम गर्छन् ?

क्युबाली महिला राजदूतसितको अन्तर्वार्ताः

विशेष "क्युबामा महिलाहरु हरेक क्षेत्रमा समान छन्"

पेरुको क्रान्तिमा क्रान्तिकारी महिलाहरुको भूमिका

# मीठो मीठो
# साह्रै मीठो
# पशुपति बिस्कुटहरु

**उत्पादक** : पशुपति बिस्कुट इण्डष्ट्रिज (प्रा.) लि., दुहवी, विराटनगर

**हेड अफिस** : खिचापोखरी, काठमाडौं

# नेबिको

**नयाँ**
**आवश्यकता**

## बिस्कुटहरु

तपाईको स्वास्थ्य, वचत
र सम्मान प्रति जत्तिको
होसियार छ त्यत्तिकै
आफ्नो गुणस्तर प्रति छ।




नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

# कति समान छन् महिलाहरू ?

*यस प्रश्नको जवाफ खोज्ने क्रममा विभिन्न सामग्रीहरू*

- खेतीहर महिला मजदूरहरूमाथिको असमान व्यवहार
- कारखानाका श्रमिक महिलाहरूमाथिको अन्याय
- के विश्वका श्रमिक महिलाहरूले पुरूषले भन्दा कम काम गर्छन् ?
- कसरी क्यूबामा महिलाहरूले उल्लेखनीय रूपमा समानताको हक पाएका छन् ?
  *क्यूबाली राजदूतसंग मूल्यांकनले लिएको अन्तर्वार्ता*
- महिलाहरूलाई हक अधिकार दिनमा अमेरिका र जापानभन्दा क्यूबा र उत्तर कोरिया अगाडि छन्: **तुलनात्मक विश्लेषण**

## ८ मार्चको सन्दर्भमा





# अरूण– तेस्रो किन र कसरी नेपालको हितमा छैन ?

**अरूण तेस्रोको सट्टामा के के गर्न सकिन्छ ?**

**जलविद्युतविज्ञ, इन्जिनियर विकास पाण्डेसंग विचारोत्तेजक कुराकानी**

**साथमा, नेपालको सार्वभौम सत्तामाथि नै गम्भीर असर पार्ने विश्वबैंकका खतरनाक शर्तहरू**

# पेरूको क्रान्तिमा महिलाहरूको भूमिका

- क. गोञ्जालोका उत्तराधिकारीहरू बन्न सक्ने क्रान्तिकारी महिलाहरू
- किन शिक्षित, चर्चका महिलाहरू समेत साइनिंग पाथमा सहभागी हुन्छन् ?

*पहिले पेरूमा अध्यापन गर्ने अमेरिकी समाजशास्त्री कैरल एन्ड्रियांको विश्लेषण*



## टर्कीको वामपन्थी आन्दोलन अग्रगतिमा

टर्कीको वामपन्थी आन्दोलनको एक धारा मार्क्सवाद, लेनिनवाद र माओवाद मान्ने TKP–ML लाई नजिकबाट अध्ययन गर्नुहुने लेखक चालिसेको रिपोर्ट !

*२४ वर्षीय युवा वामनेता क. कायपाक्कायाबारे जानकारी*


**हाम्रो मूल्यांकन**
महिला समानताको निम्ति दह्रो कदम- ४

**घटना र प्रवृत्ति**
वाम सरकारको सय दिन- ५
मेक्सिकोको विद्रोह- ६
अरूण तेस्रो बारे इ. विकास पाण्डेसंगको कुराकानी- ७
नेकपा माओवादी ६
मूल्यांकनको रजत अंक ४४
स्ववियु चुनाव ४४

**नीति/संस्कृति**
प्रधानमन्त्री र बोकाको बली- ३२

**साहित्य**
म पनि कामरेड !
कथा/इस्माली ३५

**पर्दा/रंगमञ्च**
गीति नाटक "ठूली"को समीक्षा ३७
"देउमाईको किनारमा" फिल्मका निर्देशकसंगको कुराकानी ३८

**पाठकको प्रश्न/नेताको जवाफ**
एकता केन्द्रका सेक्रेटरी क. दीपक शर्माका जवाफहरू ४२

**विज्ञान/प्रविधि**
के हिमालय दक्षिणतिर सर्दैछ ? -डा. केदार खनाल ४१

**जीवनको झाँकी**
क. रोजा लक्जम्बर्ग- २२

**आँखीझ्याल**
क्यूबा र उ. कोरियाली महिलाको तुलनामा अमेरिकी र जापानी महिलाहरूको अधिकार- २०

**जनजीवन**
श्रमिक महिला दिवसले यी नारी पात्रलाई सम्झन्छ कि सम्झदैन ? -शरद पौडेल १८

**आवरण कथा**
कारखानाका श्रमिक महिलाहरू माथिको अन्याय -उषा श्रेष्ठ १०
अझै प्रजातन्त्र आएको छैन गाउँले खेतिहर महिलाहरूलाई -मुक्ता श्रेष्ठ १३
क्यूवाली राजदूतसंग कुराकानी- १५
श्रममा विश्वका महिलाहरूको योगदान- १७

**विश्व कम्युनिष्ट आन्दोलन**
पेरूको क्रान्तिमा महिला- २३
टर्कीको वाम-आन्दोलन- ३०
क. इब्राहिम कायपाक्काया- ३१

**पाठकको कुरो** ४६


आवरण कला : आइडियल डिजाइनर्स/ कम्प्युटर : नेप्युटर, बागबजार / मुद्रक : इन्द्रेणी अफसेट प्रेस, बागबजार, फोन नं. २२५९५४

मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १३ पूर्णाङ्क २६
२०५१, फागुन/चैत



संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ
सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

प्रधान सम्पादक
श्याम श्रेष्ठ
कार्यकारी सम्पादक
हरिगोविन्द लुईटेल
सह-सम्पादक
राजेन्द्र महर्जन
बजार व्यवस्थापक
श्याम खड्का
कार्यालय व्यवस्थापन तथा लेखा
वीरप्रसाद भंसारी
व्यवस्थापन सहयोगी
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन प्रा. लि.
न्यूसाल, भोंछे, ख- २,२३७
काठमाडौं- २३
पो. ब नं ३०२६, काठमाडौं ।


# किन महिला समानताको निम्ति दह्रो कदम उठ्न सकिरहेको छैन ?

नेपाल यस्तो मुलुक हो, जहाँ महिलाहरूको भागमा कर्तव्य र काम मात्र परिरहेछ, तर अधिकार र अवसरहरू चाहिँ खालि पुरूषहरूले थुपारेका छन् ।

नेपाल यस्तो मुलुक हो, जहाँ महिलाहरूले पुरूषसरह सामाजिक उत्पादनमा योगदान गर्छन्, घरधन्दाका सारा ज्याला नआउने तर दिमाग बोधो पार्ने अभिभाराहरू पनि भ्याउँछन् । तर संपत्तिमा एकाधिकार चाहिँ पुरूषले मात्र जमाउँछन् ।

नेपाल यस्तो मुलुक हो, जहाँ संविधानले लिंगको आधारमा कुनै भेदभाव नगरिने हकको ग्यारेण्टी गर्छ„ तर तिनै पुराना कानूनहरू चाहिँ ज्यूँ का त्यूँ छन्, जसले हरेक फाँटमा महिलाहरूलाई लिंगको आधारमा भेदभाव गर्छन् । महिलाहरू कृषि क्षेत्रमा समान कामको लागि समान ज्यालासम्म पाउँदैनन् ।

नेपाल यस्तो मुलुक हो, जहाँ राज्यले पण्डित-पुरोहितहरूलाई महिलाहरू दासी हुन भनेर प्रचार गर्ने खुला छूट दिइरहेछ । सरकारी संचार माध्यमहरूलाई महिलाहरू भोगविलासका साधन हुन् भन्ने मानसिकता जगाउने सामग्रीहरू प्रचार गर्न खुला छूट दिइरहेछ । पुरूषप्रधान मानसिकता जगाउन दिने काम यहाँ राज्य आफैँले गरिरहेछ ।

त्यसैले, नेपालको राजनीतिमा महिलाहरूको सहभागिता सारै कम छ । सांसदहरू मध्ये ३.४ प्रतिशत मात्र महिला छन् । जिविस र गाविसमा महिला जनप्रतिनिधि १ प्रतिशत पनि छैनन् । नेपालमा नीति-निर्णयहरू पुरूषहरू गर्छन्, महिलाहरू तिनलाई चूपचाप लागू गर्छन् ।

देशको इतिहासमा पहिलो पटक वाम-सरकार आएको छ । तर महिलाहरूको यो स्थितिमा परिवर्तन ल्याउने कुनै दह्रो कदम अहिलेसम्म चालिएको छैन । महिलाहरू आशा र उत्साहका साथ पर्खिरहेछन्- देशको पहिलो वाम-सरकारले यो काम अवश्य गर्नेछ । र, उनीहरू यो बुझ्न सकिरहेका छैनन् कि- एउटा प्रगतिशील सरकारलाई महिलाहरूलाई दासता र असमानताबाट मुक्त गर्ने कादम चाल्न आखिर केले रोकिरहेछ ? यो त फेरि एमालेको घोषणा-पत्रमै बकाइदा उल्लिखित कार्यक्रम नै पनि हो ।

अधिकार कहीं पनि दयाले पाइन्न । यो लडेर लिइनु पर्छ । महिंलाहरूको अधिकार पनि उत्तिकै आउन्न । यसको लागि महिलाहरू स्वयंले दह्रो पाइला चाल्नु पर्छ । नलडी अधिकार र अवसर बढेको विश्वमा एउटै उदाहरण पनि छैन । सरकारमा जानेहरूले अरू नै कामको व्यस्ततावश आफ्नो कर्तव्य भुल्न सक्छन् । बाटो समेत बिराउन सक्छन् । यो अन्यायमा परेकाहरूको काम हो कि- उनीहरू यति जबर्जस्त आवाज निकालून् जो सत्तामा बसेकाले राम्ररी सुनून् । एकताबद्ध आवाज नै त्यस्तो जबर्जस्त आवाज हुन सक्छ । *श्रमिक महिला दिवस* त्यस्तै आवाज निकाल्न एकताबद्ध भएर सडकमा उत्रने दिन हो ।

नेपालमा महिलाहरूको समानताको दिन ल्याउने हो भने अहिलेको स्थिति एउटा सारै अनुकूल स्थिति हो । देशमा अहिले त्यो शक्ति सरकारमा छ, जसले खुदैले महिलाहरूको निम्ति समान अधिकार र अवसरको प्रतिज्ञा गरेको छ ।

बस्, महिलाहरूले सडकमा आएर सरकारलाई सुन्ने भाषामा उसको आफ्नो प्रतिज्ञा संभाउनु परेको छ । यदि यो सरकार आफ्नो लक्ष्यमा र घोषणामा प्रतिबद्ध सरकार हो भने उसले कामैले देखाउने बेला आएको छ- उसले महिलाहरूको लागि समान अधिकार र अवसर भनेको आखिर के हो ?

सैंकडौं राम्रा नियतहरू भन्दा एउटै राम्रो काम धेरै श्रेयस्कर र गह्रौं हुन्छ । त्यो राम्रो काम गर्न किन आइतबार पर्खने ?

□□

# यी कामहरूले एमाले सरकारलाई कता डोऱ्याउँछन् ?

देशको पहिलो वाम-सरकारका रूपमा एमालेको सरकारप्रति धेरै नेपालीहरूले आफ्नो आशा र भरोसा राखेका छन्। उसका हालैका केही सुधारका घोषणाहरुले जनताको आशा र उत्साहलाई निकै हौस्याएका पनि हुन्। उदाहरणका लागि- प्रत्येक गाविसलाई सिधै तीन लाख रूपैयाँ दिएर आफ्नो गाउँ आफैं बनाउन उत्प्रेरित गर्ने घोषणा, ७५ वर्ष माथिका बृद्धहरूलाई पेन्सन दिने घोषणा, ९ कक्षासम्मको शिक्षालाई निःशुल्क गर्ने घोषणा, शिक्षक, कर्मचारी र मजदूरको वेतन ३०० रूपियाँ बढाउने घोषणा, राशन कार्ड थाल्ने घोषणा, महँगी, भ्रष्टाचार नियन्त्रण गर्ने घोषणा, रेडियो-टिभीमा अरू पक्षका समाचार पनि महत्व दिएर प्रसार गर्ने कामको थालनी, अरूण तेस्रोमा सरकारले राखेको अडान र भारत समक्ष नेपालको राष्ट्रिय स्वार्थ प्रष्टसग प्रस्तुत गर्ने कार्य आदि।

तर सरकारका हालैका केही कामहरूले भने जनताको आशा र उत्साहको आगोमा पानी छर्ने काम गर्न थालेका पनि छन्।

यस्ता कामहरू मध्ये पहिलो काम हैटीमा सेना पठाउने काम हो।

यो जगजाहेर छ- हैटीको संकट अरू कसैले नभएर अमेरिकी बहुराष्ट्रिय कंपनीहरूले आफ्नो उद्योग र व्यापारको स्वार्थमा जन्माएको संकट हो। त्यहाँ निर्वाचित प्रजातान्त्रिक सरकारलाई अमेरिकी साम्राज्यवादले आफ्नो निर्देशनमा गिराएको हो। त्यहाँको अशान्तिको स्रोत अमेरिकी र पश्चिमेली साम्राज्यवाद हो। त्यहाँ नेपाल जस्तो असंलग्न देशले "शान्ति कायम गर्ने" नाममा फौज पठाउनुको कुनै तुक छैन। किन पठाउने हामीले त्यहाँ आफ्नो फौज ? के उपदेयाता रहन्छ हाम्रो फौजको त्यहाँ ? हाम्रो फौजको उपस्थितिले त के भ्रम मात्र सिर्जना गर्छ भने, अमेरिका त्यहाँ साँच्चै नै शान्ति र प्रजातन्त्रको स्थापना चाहन्छ, जबकि सत्य चाहिँ त्यसको ठीक उल्टो हो। अमेरिकाको साम्राज्यवादी नियतमाथि नकाब लगाउनका लागि हामीले त्यहाँ किन उसलाई मद्दत गर्ने ?

हैटीमा नेपाली सेना पठाउने घटना यदि एमाले सरकारको जानकारी र निर्देशनमा भएको हो भने यो घटनाले एमाले सरकार अमेरिकी साम्राज्यवादलाई हर तरहले खुशी पार्न उद्धत छ भन्ने देखाउँछ। यदि यो घटना एमाले सरकारको जानकारी र नियन्त्रणभन्दा बाहिरबाट भएको हो भने एमाले सरकारले यो तथ्य स्पष्ट रूपमा जनसमक्ष राख्नु पर्छ र त्यो फौजलाई तुरून्त फिर्ता गर्नुपर्छ। अन्यथा यसबाट एमाले सरकारको नियतमाथि नै निकै ठूलो प्रश्नचिन्ह खडा हुन्छ। खडा भई पनि सकेको छ।

यो घटनाले खालि एमाले माथि होइन, नेपालको स्वतन्त्र र असंलग्न परराष्ट्र नीतिमाथि पनि प्रश्नचिन्ह खडा हुन्छ। त्यहाँको फौजी संलग्नताले देखाउँछ- नेपाल पनि एउटा फौजी धुरीमा संलग्न छ र उसको फौज त्यही धुरीको स्वार्थ अनुकूल संचालन हुनेगर्छ।

एमाले सरकारको अर्को संदेहास्पद काम केही संवेदनशील ठाउँहरूमा उसले गरेको राजनीतिक नियुक्ति हो।

गोरखापत्र र राइजींग नेपालको प्रधान संपादकमा उसले गरेको नियुक्ति निकै संदेहास्पद छ। देशको जनमत निर्माण गर्ने जस्तो अति संवेदनशील ठाउँमा पार्टीले त्यस्ता मान्छेहरू दिन सक्नु पर्छ, जो पदीय दायित्वका हिसाबले सक्षम पनि छन् र प्रगतिशील विचारधाराले लैश पनि। अर्थात् त्यहाँ पदभार सम्हाल्ने मान्छे Red and Expert हुनु पर्छ, Expert मात्र भएर हुँदैन। एमालेसंग त्यस्ता मान्छे नभएका पनि होइन। तर त्यस्ता मानिसहरू नियुक्त गरिएका छन्, जसको विगत प्रतिगामी छ, जो अहिलेको शक्ति समीकरणमा हिजोको प्रतिक्रियावादी शासन व्यवस्थाको प्रतिनिधित्व गर्छन्।

यो एमाले सरकारले गरेको गम्भीरतम् गल्ती मध्ये एक हो।

यस्तै गल्ती संयुक्त राष्ट्रसंघको स्थायी प्रतिनिधि छान्ने सवालमा पनि भएको छ।

आखिर किन गऱ्यो एमाले सरकारले यस्तो गल्ती ?

यस्तो प्रतीत हुन्छ, एमाले सरकार सरकारमा आफ्नो अस्तित्वको लागि निकै चिन्तित छ। यसका लागि उसले वर्ग दृष्टिकोण छोड्ने दिशा समाति-रहेछ। उसले जनताप्रति कम र दरवारप्रति बढी भरपर्ने कार्यनीति समात्न थालेको छ। यी नियुक्तिहरू दरवारलाई पक्षमा लिन गरिएका नियुक्ति प्रतीत हुन्छन्। अन्यथा पर्याप्त विकल्पहरू हुँदाहुँदै अति संवेदनशील ठाउँहरूमा यस्तो नियुक्ति गर्नु कदापि जरूरी थिएन। के विपरीत विचारधाराका मानिसले देशमा सही र प्रगतिशील जनमत निर्माण गर्नमा सघाउ गर्न सक्छन् र ? के अप्ठेरो बेलामा प्रतिक्रियावादी विचारधाराका 'दक्ष' (Expert) मानिसहरूले एमालेलाई सघाउँछन् ? बरू यी कामहरूले एमाले सरकारलाई जनताबाट कटाउने र जन विश्वास घटाउने काम गर्छन्।

एउटा प्रगतिशील सरकारलाई प्रतिक्रियावादीमा बदल्ने यस्तै यस्तो कामले हो। अस्तित्वको कारण देखाउँदै यिनै र यस्तै कामहरू सरकारले एकपछि अर्को गर्दै जाने हो भने एउटा यस्तो बिन्दु आउँछ, जहाँबाट सरकार चारैतिर प्रतिक्रियावादी तत्वबाट घेरिन्छ र आफू पनि प्रतिक्रियावादी शक्तिमा बदलिन बाध्य हुन्छ। कुनै पनि प्रगतिशील सरकार मुख्य रूपमा जनताको विश्वास र बलमा टिक्नु पर्छ। प्रतिक्रियावादी बल र बूतामा टिक्ने प्रवृत्ति लिने हो भने कुनै पनि शक्ति अन्ततः प्रगतिशील बाँकी रहँदैन।

अहिले पनि सरकारमा रहेका सबैजसो मन्त्रीहरूको अधिकांश समय बिना उपलब्धिका भेटघाट, उद्घाटन र भाषणमा गइरहेको देखिन्छ। तीन महीना बितिसकेको छ। तर पूँजीवादी राज्ययन्त्र सीमा अन्तर्गतका निकै कम खर्चमा गर्न सक्ने कुराहरू समेत सरकारले गर्न सकिरहेको देखिन्न। सरकारका मान्छेहरूलाई गहिरोमा र दीर्घकालीन हितका हिसाबले सोच्नका लागि फूर्सद नै नभएको देखिन्छ।

महिलाहरूको समानताको हक सम्बन्धमा संविधानसित बाझिने कानूनहरू खारेज गर्न सरकारलाई खास कुनै खर्च लाग्ने कुरा पनि होइन। संविधानले पनि यसो गर्न छेक्दैन। तर काम अहिलेसम्म हुन सकेको छैन। आखिर केले रोक्छ, एमाले सरकारलाई यो कदम उठाउन ?

भ्रष्टाचार र ढीलासुस्ती नियन्त्रण गर्न पीडित जनताले तुरून्तै फोन गर्न सक्ने, वा आएर भेट गर्न सक्ने अधिकारसम्पन्न एउटा स्थायी द्रुत-संचार संयन्त्र स्थापना गर्नु कुनै गाह्रो काम होइन। मरिचमान सरकारले समेत काठमाण्डूमा यो संयन्त्रको अभ्यास थालेको थियो। यो संयन्त्रको निर्माण हुन सके भ्रष्टाचारीहरूमा र ढीलासुस्ति गर्नेहरूमा एउटा भय संचार हुन्थ्यो र यसले पनि यो प्रवृत्तिमा कमी आउँथ्यो। यो कार्यतिर पनि सरकारको नजर गएको पाइएको छैन।

शहरी क्षेत्रमा राशन कार्डको व्यवस्था गर्नु कुनै निकै समय लाग्ने र सारै गाह्रो काम होइन। यसले महंगीले पीडित शहरी क्षेत्रका जनतामा निकै ठूलो राहत प्रदान गर्थ्यो। बजेटमा यो घोषणा पनि गरिएको छ। तर अहिलेसम्म यस दिशामा ठोस कदम चालिएको देखिएको छैन।

रेडियो, टिभीबाट जनताका केही स्वस्थ गीतहरू बज्न थालेका छन्, यो राम्रो कुरा हो। तर फोहोरी श्रव्य-दृश्य, विज्ञापन र गीतहरू अझै पनि सरकारी संचार माध्यमले नै प्रसार गरिरहेछन्। यसलाई किन रोक्न सकिन्न ? किन फोहोरी हिन्दी फिल्महरू हलमा प्रदर्शन गर्न रोक्न सकिन्न ? विकल्पमा थुप्रै स्वस्थ ज्ञानबर्द्धक सामाग्रीहरू पनि त नभएका होइनन्। हिन्दी फिल्महरू मध्ये नै पनि त्यस्ता फिल्महरू अनगिन्ती छन्, जो अश्लील छैनन् र जनतामा राम्रो सन्देश दिने खालका छन्। किन सरकारले यसको लागि सक्षम सेन्सर बोर्ड र नीति-निर्णय तय गर्न सक्दैन ? देशमा वाम-सरकार अस्तित्वमा भएको बोध त यस्तै काम र घटनाहरूले गराउने हुन्।

सरकारमा भएको पार्टीले आफ्नो वर्ग-प्रतिबद्धता नै बिर्सेको हो भने त त्यसमा के ओखती रह्यो र ? हैन, ऊसित सोच्नका लगि समय नै नभएको हो भने, उसले यी अनावश्यक भेटघाट, उद्घाटन र भाषणलाई घटाउनै पर्छ। आफ्नो समयलाई व्यवस्थित गर्नै पर्छ। ❑



# मेक्सिको
# जापातिस्ताहरुमाथि भीषण दमनको असफल प्रयास



सबकमान्डाण्टे मार्कोस

मेक्सिकोको नयाँ राष्ट्रपति जेडिलोले पोहोर जनवरीमा गरिएको सारा संझौता तोडेर मेक्सिकोका किसान र आदिवासीहरुको क्रान्तिकारी संगठन- जापातिस्ता राष्ट्रिय मुक्ति मोर्चा (जा. रा. मु. मो) माथि भीषण दमन अभियान छेडेका छन् । मेक्सिकोको सबैभन्दा गरीब दक्षिणी राज्य- चियापासमा अत्याधुनिक हातहतियारले लैस ७० हजार सेना तैनाथ गरिएको छ । उनीहरु जनताको घरघरमा पसेर गुरिल्ला नेताहरु र हातहतियारहरु हात लगाउन खानतलासी गर्दैछन् ।

राष्ट्रपति जेडिलोको दावी छ- उनको खुफिया-यन्त्रले हालै जापातिस्ताहरुको सर्वोच्च गुरिल्ला नेता पत्ता लगाएको छ । सबकमान्डाण्टे मार्कोसको नामले चर्चित मुकुण्डोबिना कहिल्यै बाहिर ननिस्कने ती रहस्यमय नेता अरु कोही होइनन्- उनी ३७ वर्षीय राफेल सेवास्तियन गुइल्लेन भिसेण्टे हुन् । दर्शनमा मास्टर्स डिग्री हासिल गरेका उनी उत्तरी मेक्सिकोमा विश्वविद्यालयमा प्राध्यापक थिए । निकारागुआमा वामपन्थी साण्डानिष्टाहरुसित थुप्रै वर्ष काम गरेर आएपछि उनी १९८३ देखि अलप भए । जेडिलोको भनाइ छ- यी जापातिस्ता नेता "न त लोकप्रिय छन्, न यी आदिवासी नै हुन् र न यी चियापासकै हुन् ।"

राष्ट्रपतिले अहिले गुइल्लेन् लगायत ५ जना सर्वोच्च जापातिस्ता नेताहरूलाई पक्रने वारेण्ट गरेका छन् । सेनाले घरघरमा छापा मारेको छ । तर गुइल्लेन्को छेउटुप्पो उनीहरुले पत्तो लगाउन सकिरहेका छैनन् । सेनाको दावी छ, अहिलेसम्म उनीहरुले २५ जना जापातिस्ता समर्थकहरूलाई पक्रेका छन्, जसमध्ये दुईजना वारेण्ट जारी गरिएका नेता हुन् । जोर्ज सेण्टीयागो सेण्टीयागो र जोर्ज जेभियर इलोरियेगा बर्डेग उनीहरुको नाम हो ।

जापातिस्ताहरूले चाँडै सशस्त्र विद्रोह गर्ने सुराक पाएकाले उनीहरु माथि अहिले तुरुन्तै गत सालको संझौता मिचेर दमन गरेको भन्ने राट्रिपति जेडिलोको दावी छ । तर सेनाले पूरै चियापासमा धुइँपत्ताल खोज्दा पनि केही वटा पटाका र केही दर्जन ग्रिनेडसिवाय केही भेट्न सकेनन् । यसबाट राष्ट्रपतिको दावी झुठो र काल्पनिक साबित भएको प्रचार अहिले पश्चिमेली संचार माध्यमहरु आफैं गर्दैछन् ।

खासैमा दमनको करण चाहिँ बहुराष्ट्रिय कंपनीहरुको दवाब थियो जो जापातिस्ताहरुको विद्रोहको डरले मेक्सिकोमा लगानी गर्न डराइरहेका छन् । उनीहरुको सातो पोहोर जनवरी १ मै गएको थियो, जब ३०० जना सशस्त्र जापातिस्ता गुरिल्लाहरुले चियापास शहरमा अमेरिकाद्वारा लादिएको व्यापार संझौता NAFTA को विरोध गर्दै र उन्नत जीवन स्तरको माग गर्दै सशस्त्र विद्रोह गरे र तीन दिनसम्म शहर कब्जा गरे । १४५ जना मानिसको ज्यान गएको त्यस विद्रोहमा सरकारले दमन त गऱ्यो, र विद्रोहीहरू पछि पनि हटे, तर सरकारले विद्रोहीहरूसित संझौता नगरी धरै पाएन । किसानलाई जमीनको अधिकार दिइनु पर्छ भनेर लड्ने १९१० का प्रसिद्ध किसान नेता इमिलियानो जापाताको बाटो लिएका हुनाले 'जापातिस्ता' (जापातावादी) नामले चर्चित त्यस राष्ट्रिय मोर्चालाई सरकारले मान्यता नदिई धरै पाएन ।

अहिले मेक्सिकोको अर्थतन्त्र डाँवाडोल छ । सरकारले आफ्नो मुद्रा पेसोको निकै ठूलो अवमूल्यन गर्दा पनि स्थिति सुध्रेको छैन । मेक्सिकोको सरकार विदेशी लगानी भित्र्याएर यो समस्या हल गर्न चाहन्छ । लगानीकर्ताहरू भनिरहेछन्- पहिले जापातिस्ताहरूमाथि दमन गरेर उनीहरूलाई खत्तम पार, अनिमात्र आमी आउँछौं, नत्र हामी हाम्रो लगानी डुबाउने पक्षमा छैनौं । जापातिस्ताहरू माथिको अहिलेको भीषण दमन यिनै लगानीकर्ताहरूलाई खुशी पार्न भएको हो ।

तर जापातिस्ताहरुको आन्दोलन बित्थामा भएको थिएन । भीषण गरीबी, बेरोजगारी, चर्को भ्रष्टाचार, जमीन र संपत्ति केही मुट्ठीभर मानिसमा मात्र थुप्रिनु र आदिवासीप्रति चर्को भेदभाव- यिनै समस्याको समाधानको लागि उनीहरूले आवाज उठाएका थिए । उत्तर एटलाण्टिक व्यापार संझौता NAFTA ले खुल्ला रूपमा भित्र्याउने अमेरिकी खाद्यान्नले चियापासका माया मूलका यी आदिवासी इण्डियन किसानहरुको ढाडै भाँच्च्यो । त्यसैले त्यसैको विरूद्ध उनीहरुले आवाज उठाएका थिए । उनीहरुको आवाज बिल्कूलै न्यायपूर्ण थियो । त्यसैले उनीहरुलाई व्यापक जनसमर्थन प्राप्त थियो ।

अहिले मेक्सिकोको पूँजीवादी सरकार बहुराष्ट्रिय लगानीकर्तालाई खुसी पार्न र जापातिस्ताहरूलाई जन समर्थन छैन भनेर देखाउन जापातिस्ताहरुको यो न्यायपूर्ण आवाजमाथि जबर्दस्ती दमन गर्दैछ । तर मेक्सिकोका जनताहरु भने हज्जारौंको संख्यामा सडकमा उत्रेर यस दमनको विरोध गर्दैछन् । सरकारको दमन बिल्कूलै अप्रभावकारी र असफल भएको छ । वाशिंगटनका एक जना मेक्सिको विशेषज्ञ भन्दछन्- "यदि जेडिलोको सैनिक योजनाले राम्रो काम गऱ्यो भने ठीकै छ, बजार खुशी हुनेछ, हरेकले व्यवसाय गर्न पाउनेछन् ।"

तर जापातिस्ताहरुलाई जन- समर्थन कम छ भन्ने जेडिलोको कथन गलत् भयो भने, उसले कैयन वर्षसम्म पनि ननिभ्ने गुरिल्ला-युद्धको झिल्को बाल्नेछ । मेक्सिकोमा त्यही झिल्कोले सारा देशै सल्काउने छाँटकाँट छ । ❑

## एकता केन्द्र (प्रचण्ड) अब नेकपा माओवादी

क. प्रचण्डले नेतृत्व गर्नु भएको नेकपा (एकता केन्द्र) को हालै बसेको केन्द्रीय समितिको तेस्रो विस्तारित बैठकले आफ्नो पार्टीको नाम बदलेर नेकपा (माओवादी) राखेको छ । यो निर्णयपछि अब क. दीपक शर्मा सेक्रेटरी रहनु भएको नेकपा (एकता केन्द्र) मात्र एकता केन्द्रको नामले परिचित पार्टीको रूपमा बाँकी रहेको छ ।

विस्तारित बैठकले पार्टीको निर्देशक सिद्धान्त पनि बदलेको छ । अब उप्रान्त नेकपा (माओवादी) को निर्देशक सिद्धान्त मार्क्सवाद लेनिनवाद हुने छैन, माओवाद नै पार्टीको निर्देशक सिद्धान्त हुनेछ ।

माओले जीवनभर मार्क्सवाद लेनिनवाद नै व्यवहारमा प्रयोग गर्नु भयो र यसलाई विकसित गर्नुभयो । माओका विचारहरू तत्कालीन विश्व र चिनीयाँ परिस्थितिमा मार्क्सवाद लेलिनवादको विशिष्ट प्रयोगका उपज थिए । त्यसैले मार्क्सवाद लेनिनवादलाई छोड्ने हो भने माओका विचारहरूको मुख्य सैद्धान्तिक आधार र ऐतिहासिक सान्दर्भिकता नै कसरी बाँकी रहन्छ ? के मार्क्सवाद लेनिनवादको पृष्ठभूमिबिना नै शून्यबाट पैदा भएको थियो र- 'माओवाद' ?

के मार्क्सवाद लेनिनवादको अभावमा माओका विचारहरू मात्रैले पूर्णांग वैज्ञानिक साम्यवादी विचार- धारा बन्न संभव छ ? विस्तारित बैठकको उपरोक्त निर्णयबाट यी प्रश्नहरू स्वभावतः पैदा भएका छन् । ❑





# अरुण तेस्रो किन नेपाल र नेपालीको हितमा छैन ?

### इन्जिनियर विकास पाण्डेसंग अन्तर्वार्ता

## हामीले सहासपूर्वक बताउन सक्नुपर्छ- अरूण थाल्न हामी अहिले तयार छैनौं ।

*तपाईहरूले अरूण तेस्रोको बारेमा लगातार आवाज उठाउँदै हुनुहुन्छ । नेपाल र नेपालीको दीर्घकालीन हितका हिसाबले खासैमा अरूण तेस्रोबाट के समस्या पैदा हुने देख्नु भएको छ ?*

-समस्यालाई हामीले दुई किसिमले हेरौं: एउटा, कुनै पनि जलविद्युत आयोजनाबाट हामी के खोज्दछौ, र त्यो आयोजनाले त्यो दिन सक्छ कि सक्दैन ? अर्को, त्यो आयोजनालाई प्राप्त गर्नको लागि हामीले कस्तो शर्त पालना गर्नु पर्ने हो र त्यो हाम्रो देशको हितको हिसाबले मान्य हुन सक्छ कि सक्दैन ?

यी दुबै हिसाबले हामीले समस्यालाई केलाऊँ ।

कुनै पनि जलविद्युत आयोजनाबाट हामी, पहिलो कुरो, सस्तो विजुली खोज्छौं । दोस्रो, हामी छिटो र निरन्तरतामा विजुली खोज्छौं । तेस्रो, नेपालको लागि जलविद्युत नै सबैभन्दा ठूलो प्राकृतिक स्रोत भएकोले सकेसम्म देशको धेरै भागमा विद्युत आयोजनाहरू छरिउन् र यो देश- विकासको जग बन्न सकोस् भन्न खोज्छौं ।

मेरो मूल्यांकन के छ भने- यी तीन वटै हिसाबले अरूण तेस्रो हाम्रो देशको निम्ति सन्तोषजनक छैन ।

पहिलो कुरो, अरूण तेस्रोको विजुली सस्तो छैन । सस्तो कि महंगो, छिमेकी देश र संसारका अरू देशसित दाँजेर हेरेपछि मात्र थाहा हुन्छ । नर्वे, न्यूजिल्याण्ड, स्वीट्जरल्याण्ड र क्यानाडा जस्ता जलविद्युतकै प्रधानता भएका देशहरूमा सरकारले सालाखाला ने.रू. २/५० देखि ३ रूपियाँ प्रति यूनिटमा जनतालाई बिजुली दिइरहेछ । भारतमै प्रति यूनिट भा.रू. १.५० (अर्थात् ने.रू. २/४०) मा सरकारले जनतालाई बिजुली बेचिरहेछ । अमेरिकाको वाशिंगटनमै जनताले ४ रूपियाँ प्रति यूनिटमा बिजुली पाइरहेछन् । तर अरूणको बिजुली चाहिँ अहिलेको बजार भाउमा हिसाब गर्दा यो निक्लँदासम्म प्रति यूनिट रु. ५/५० पर्ने भएको छ । त्यतिखेरको बजारभाउमा यो प्रति यूनिट रु. ८/८० पर्न आउने अनुमान छ । यो मोलमा बिजुली निकाल्ने हो भने बिजुली नेपालको लागि सम्पति ठहरिने छैन । कसले किन्ने हाम्रो बिजुली ? भारतको भन्दा हाम्रो बिजुली दोब्बरभन्दा पनि ज्यादा महंगो हुने भो । यूरोपकैभन्दा दोब्बर महंगो हुने भो । अमेरिकाको भन्दा पनि डेढी महंगो हुने भो । कसरी नेपालीहरूले किन्न सक्लान् यति महंगो बिजुली ?

अरूणको बिजुली छिटो आउनेवाला पनि छैन । कागतमै यो आयोजना पूरा हुन आठ वर्ष लाग्छ भनिएको छ । कागतमै लेखे अनुसार त यहाँ हुने गरेकै छैन । बाढी, पहिरो, दृश्य- अदृश्य यी सबै कारणले १०/१२ वर्ष त हेलैमा लाग्न सक्छ । त्यतिखेर सम्म नेपालको अर्थतन्त्र कहाँ पुगिसकेको हुनेछ र बिजुलीको माग कहाँ ! त्यसैले, एउटै आयोजनालाई यति धेरै कुरेर 'अरूण आएपछि नेपालमा लोडसेडिंग खत्तम हुन्छ' भन्ठान्नु गल्ती हुनेछ ।

हाम्रो पहाड पर्वतमा अब स्रोत साधनहरू धेरै खतम भए । उनीहरूले केन्द्रलाई बेच्न सक्ने अरू कुनै कुरै छैन, बिजुलीसिवाय । तर अरूणमा हात हालेपछि हामी ती सानासाना जलविद्युत आयोजनाहरूमा हात हाल्नैं सक्दैनौं । हाम्रो सारा स्रोत अरूणमै सीमित हुन्छ । र, अरूणको बिजुली गाउँ गाउँमा पुग्नेवाला पनि छैन । यो मुख्य गरी अहिले ग्रीड भएका ठाउँमा मात्रै सीमित हुनेवाला छ । यस प्रकार, यसले सकेसम्म धेरै भागमा विद्युत आयोजना छर्नबाट छेक्नेछ । विकासको प्रतिफल शहरहरूमै सीमित पारिदिनेछ ।

अब जाउँ अरूण आयोजना लिनको लागि देशले कुन कुन शर्त पालना गर्नु पर्छ भन्ने सवालमा ।

अरूण योजना नेपाललाई दाताहरूको अनुशासनमा राख्नका निम्ति लक्षी भएको छ । अरुणका शर्तहरू यस्ता छन्, जसले जलस्रोतको क्षेत्र मात्र छुँदैन, देशको पूरै अर्थतन्त्रलाई यसले प्रभावित पार्छ ।

विश्व बैंकको एउटा शर्त के छ भने- अरूण जस्तो ठूलो योजना संचालन गर्ने हो भने यसमा गरिएको लगानी उठाउनको लागि- बिजुलीको महसुल सन् २००२ सम्ममा त्यही अनुसार बढ्नु पर्छ । उहाँहरूले यसको लागि बढाउनु पर्ने बिजुली महसुलको दर नै तोकिदिनु भएको छ-. यो यो वर्षमा यति यति बिजुली महसुल बढाइनु पर्छ भनेर ।

त्यस अनुसार विद्युत महसुल अहिलेको भाउमा सन् २००२ सम्ममा प्रति यूनिट रु. ५/५० पर्न जानेछ, त्यसमा हरेक वर्षको मुद्रास्फिति दर थप्दै । मुद्रास्फिति दर पनि थोरै छ- उहाँहरूको अनुमानमा । त्यो ५ प्रतिशत मात्र राखिएको छ । यो मुद्रास्फिति दर मुताबिक विद्युत महसुल बढ्दा रु. ८/८० प्रति यूनिट हुन जानेछ- सन् २००२ सम्ममा । तर १० प्रतिशत मुद्रास्फिति बढ्ने हो भने विजुलीको मोल ११ रु. प्रति युनिट हुन जान पनि सक्छ । जेहोस, अहिलेको महसुलभन्दा ४०-४१ प्रतिशत विद्युत महसुल थप बढाउनु पर्ने र त्यसमाथि थप मुद्रास्फिति वृद्धि दर पनि जोड्दै लानु पर्ने विश्व बैंकको शर्त छ ।

यो शर्त नेपालमा लागु हुन सक्ने संभावना क्षीण छ । विश्व बैंककै शर्त मुताबिक गएको तीन वर्षमा झण्डै तीन पटक महसुल बढ्यो । र, तीन वटा वृद्धि जोड्दा झण्डै २०० प्रतिशत विद्युत महसुल बढ्यो । उदाहरणको लागि १ रु. प्रति यूनिट तिर्नेले रु. ३ प्रति यूनिट तिर्नु पर्ने भो । अब यसमा पनि थप ४० प्रतिशत वृद्धि गर्ने शर्त छ । यसबाट त रु. १ तिर्नेले ४ रुपियाँ २० पैसा तिर्नु पर्ने हुन जान्छ ।

५४ अरब रूपियाँ खर्च हुने अरूण तेस्रो जलविद्युत आयोजना नेपालको अहिलेसम्मको सबैभन्दा ठूलो विद्युत आयोजना हो । आयोजना पूरा हुन कम्तीमा आठ वर्ष लाग्ने यो आयोजना निस्कदा त्यतिखेरको भाउमा यसबाट निस्कने बिजुली नेपालको सबैभन्दा महंगो बिजुली हुनेछ । विज्ञहरूको भनाइ छ- त्यतिखेर यसको भाउ प्रति युनिट रु. ८।८० लाग्नेछ, जुन अहिले हामी प्रति यूनिट ४ रूपियाँमा पाइरहेका छौं ।

यो आयोजनाको लागि विश्व बैंकले दिने ऋणका शर्तहरू यस्ता नियन्त्रणकारी छन्, जसबाट नेपाल स्वतन्त्र, सार्वभौम मुलुक बाँकी रहने छैन । नेपालको बजेट आयिन्दा विश्व बैंकको लागि चित्त बुझ्दो हुनु पर्नेछ र विश्व बैंकको पूर्व स्वीकृति बिना कुनै अर्को विद्युत आयोजनामा सरकारले हात हाल्न पाउने छैन । एमाले सरकारले हालै विश्व बैंकलाई सडक आफैंले बनाएर आयोजनाको लागत कम्तीमा ४० प्रतिशत घटाउन सकिने, अरू आयोजनामा हात हाल्न नपाइने जस्ता नियन्त्रणकारी प्रावधान हट्नु पर्ने र सरकारले विद्युत महसुल घटाउन पाउनु पर्ने प्रस्ताव राख्यो । तर विश्व बैंक आफ्नो अडानमा टसमस भएको देखिएको छैन ।

नेपालमा गिरिजाकोइराला, रामशरण महत र अजितनारायणहरू देशको भविष्य जतिसुकै भड्खालोमा जाओस, अरूण तेस्रो चाहिँ जसरी पनि ल्याइनु पर्छ भन्दैछन् । विश्व बैंक जस्तोले सोचेको कुरामा हामीले शंका गर्नु हुन्न भनेर आँखा चिम्लेर विश्व बैंकका शर्तहरू मान्न दवाब दिंदैछन् ।

यो स्थितिमा के गर्नु नेपाल र नेपालीको दीर्घकालीन हितमा हुन सक्छ ? **यी कुराहरूबारे विद्युतविज्ञ इन्जिनियर विकास पाण्डेसँग लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ । उहाँ एलाइन्स फर एनर्जी र अरूण सरोकार समूहसित पनि सम्बद्ध हुनुहुन्छ ।**

## अरूणको सट्टामा के गर्ने त ?

**के यसरी सधैंभरि विद्युत महसुल बढाउँदै लैजाने र जनताले जति बढाए पनि तिर्न सक्ने स्थिति भइरहला त ? यस्तो त नहुन सक्छ । भारतमा बिजुली सस्तो छ, हामीलाई मात्र किन महँगो ? किन हामीले अमेरिकाभन्दा बेसी तिर्ने ? जनताले यो कुरो भन्न सक्छन् र बढेको महसुल नतिर्न सक्छन् । हाम्रो अर्थतन्त्रले यो वृद्धि नधान्न सक्छ ।**


अर्को शर्त छ- नेपालको सार्वजनिक खर्चको बजेट बनाउँदा विश्व बैंकलाई चित्त बुझ्दो हुनैपर्ने भन्ने, विश्व बैंकसितको संझौताले तोकेको वित्तीय अनुशासनभित्र सरकार बस्नै पर्ने भन्ने । अस्ति हाम्रो जलस्रोत मंत्रीज्यू विश्व बैंक जानु भो । उहाँ त अरुण सम्बन्धी बाटो तल-माथि गर्न मिल्छ कि मिल्दैन, विद्युत महसुल हेरफेर गर्नमा सरकारलाई कत्तिको छुट हुन्छ र १० मेघावाट भन्दा माथिको योजना सरकारले बनाउन पाइन्छ कि पाइन्न भन्ने कुरा सोध्नु जानु भएको । तर विश्व बैंकले त्यहीं सोधिहालेछ- हालैको चुनावपछिको एमाले सरकारको बजेटमा 'आफ्नो गाउँ आफैं बनाउँ' कार्यक्रमको लागि कहाँबाट बजेट निकालियो भनेर । शर्त अनुसार उनीहरुले यस्तो सोध्नुलाई आफ्नो अधिकार संझेका छन् ।

यसप्रकार, एउटा अरुणको लागि ऋण लिंदा विश्व बैंकले समूचा अर्थतन्त्रमा, सबै कुरामा "वित्तीय अनुशासन" भन्दै कस्ने जुन शर्त छ, त्यो अनुसार त सरकारले नयाँ नयाँ कार्यक्रम सोच्नै नसक्ने भो । नयाँ नयाँ पहलकदमी लिनै नसक्ने भो । हाम्रो हातखुट्टा पूरै बाँधिने भो । लिनसक्ने हदको पैसा एउटै प्रोजेक्टको लागि हामीले लिईसक्ने भयौं । अरु नयाँ प्रोजेक्ट थाल्नका लागि हामीलाई कुनै स्वतन्त्रता नहुने भो । यसको लागि विश्वबैंकको पूर्वस्वीकृति चाहिने भो ।

विश्वबैंकको यस्तो कठोर शर्तमा बाँधिनु सार्वभौम नेपालको लागि निकै गंभीर कुरा हो । नेपालको प्रजातन्त्रकै भविष्यको लागि समेत यो गंभीर कुरा हो । विश्वबैंकको यो शर्त मान्ने हो भने नेपालमा प्रजातान्त्रिक चुनावबाट जुनसुकै नयाँ सरकार आए पनि उनीहरुले कुनै नयाँ कार्यक्रम लागु गर्न सक्ने छैनन् । सबैका पूरिया मात्र फरक हुने भए, भित्रको चकलेट त एउटै हुने भो । चुनावमा नारा जे दिए पनि सरकारमा आउँदा त सबैका हात खुट्टा बाँधिएका हुने भए । विश्व बैंकको अनुमतिबिना उनीहरुले कुनै नयाँ पहलकदमी लिन नसक्ने भए । किनभने विश्व बैंकसित यसरी हामीले सही गरिसकेका छौं कि- नयाँ कुरा गर्ने हामीसित हक नै छैन । कुनै नयाँ कुरा गर्ने हामीसित ठाउँ नै छैन ।

यस्तो भयो भने नेपालको प्रजातन्त्रको भविष्य कस्तो हुन्छ ? यहाँका जनता कति सार्वभौम रहन्छन् ? सार्वभौम जनताले चुनावद्वारा नयाँ सरकार ल्याउनुको अर्थ नै के बाँकी रहन्छ ?

विश्वबैंकको ऋण चुक्ता गर्न उसको लागि त कठोर अनुशासन राम्रै कुरा हो । तर हाम्रो सार्वभौमसत्ताको लागि, प्रजातान्त्रिक तवरले हाम्रो विकासका नयाँ बाटाहरु नयाँ नयाँ



सरकारमार्फत् खोज्नका लागि यो शर्तले हामीलाई छेक्ने भयो । हाम्रो प्रजातन्त्रलाई र प्रजातान्त्रिक प्रक्रियालाई सीमित पारिदिने भो यसले । कठोर अनुशासनले हाम्रो विकास नै अवरुद्ध हुने भयो । जुनसुकै सरकार आए पनि उसले यो कुरा गर्नै नसक्ने, गर्नको लागि विश्वबैंकको अनुमति लिनु पर्ने भन्ने भएपछि के मतलब भयो र चुनावको र हाम्रो प्रजातन्त्रको ? यसले त प्रजातन्त्रमै जनताको विश्वास कम पार्नेछ ।

❑ *तर गिरिजाकोइराला र रामशरण महत त भन्दै हुनुहुन्छ कि जसरी पनि हामीले यत्रो ठूलो रकम गुम्न दिन हुन्न, लिई छाड्नु पर्छ । पहिले विश्वबैंकसित पैसा नै लिउँ, पछि के गर्न सक्छ र विश्वबैंकले ? फेरि विश्वबैंक जस्तो संस्थाले गरेको काममा हामीले किन शंका गर्ने ?*

-नेपालको भविष्य, यहाँको प्रजातान्त्रिक प्रक्रिया, र जनताको हामीलाई कुनै पर्वाह छैन भन्ने हो भने यस्तो भन्न सकिन्छ । हैन भने यो बिजुली कसका लागि निकाल्ने ? यो बिजुली यति महँगो छ कि हामी यसलाई भारतमा बेच्नै सक्दैनौ । भारतले सस्तो भए न किन्ने हो ! दोब्बर महँगो भएपछि किन किन्छ उसले ? नेपाली जनताले त यसको मोल तिर्नै सक्दैनन् । अमेरिका र यूरोपमा भन्दा डेढी र दोब्बर महँगो मोलमा बिजुली किन्ने नेपालीको क्षमता नै छैन । फेरि यो बिजुलीले लोडशेडिङ खत्तम पार्ने भो भनौं भने यो १०/१२ वर्ष पछि मात्र आउने बिजुली हो । हैन, गाउँ गाउँका जनताले यो विजुली पाउँछन् भन्ने हो भने, त्यस्तो पनि हुनेवाला छैन । यो विजुली शहरमै सीमित हुने विजुली हो । अनि यो विजुली कसका लागि त ?

फेरि यो आयोजनाका लागि लिइएको ऋणका शर्तहरु कति भयानक र कठोर छन् भन्ने कुरा मैले माथि भनिहालें । अर्को शर्त के छ भने, यदि सरकारले आर्थिक अनुशासनमा रहेर काम गरेन भने, विद्युत महसुल वृद्धिको शर्त नमान्ने हो भने, विश्व बैंकले नेपाललाई दिईआएको संपूर्ण सहायता मध्ये आधादेखि दुई तिहाई धनराशि रोकिदिन सक्छ । खालि जलस्रोतको क्षेत्रको सहायतामा मात्र होइन, पूरै अर्थतन्त्रमा दिइआएको सहयोगको आधादेखि दुई तिहाई भाग उनीहरुले रोक्न सक्छन् । साथसाथै विश्व बैंक र मुंद्राकोषले अरु दाता राष्ट्रहरुलाई समेत यस्तै कदम उठाउन अनुराध गर्न सक्ने प्रावधान छ । त्यसैले आँखा चिम्लेर, पहिले पैसा नै लिउँ भन्ने सवालै उठ्दैन । यसका शर्तहरु सारै कठोर छन् ।

यति कठोर शर्त व्यहोरेर ऋण लिने र बिजुली निकाल्ने । तर त्यो बिजुली जनताको निम्ति तिर्नै नसक्ने गरी सारै महंगो हुने र बजारमा बेच्न प्रतिस्पर्धात्मक नै नहुने- यस्तो हामीले किन गर्ने ?

❑ *यस्तो नगर्ने हो भने सरकारले अहिले के गर्नु पर्छ भन्ने तपाईको भनाइ हो त ?*

-अरुण हामीलाई सधैंभरि

## अरुण तेस्रो बारेमा विश्व बैंकका खतरनाक शर्तहरु

❑ विश्व बैंकको ऋण लगानी हुन थाल्नु पहिले विश्व बैंकलाई चित्त बुझ्दो हुने गरी नेपाल सरकारको सर कारी खर्च संबन्धी कार्यक्रम (बजेट र योजना) लाई अन्तिम रुप दिइनु पर्ने ।

-पारा १: ४५ का अनुसार

❑ चालु वर्षको सरकारी कार्यक्रमका साथसाथ सरकारको खर्च संबन्धी योजनाको बृहद आर्थिक संर चनाबारे विश्व बैंकले सरकारसित बसेर हरेक वर्ष पुनरावलोकन गर्न पाउने ।

-बुँदा ३५ (क) अनुसार

❑ विद्युत प्राधिकरणले नयाँ आयोजनामा लगानी गर्नुभन्दा पहिले विश्व बैंकको पूर्व सहमति लिनु पर्ने ।

-बुँदा ३५, NEA, (च) अनुसार

❑ नेपालको सरकारले विश्वबैंकसंग भएका बित्तीय अनुबन्धहरु मुताबिक मात्र विद्युत महसुल र अन्य महसुलहरु बढाउनु पर्ने । त्यो सुनिश्चित गर्न महसुल निर्धारण आयोग (TFC) का नियमहरु नै सरकारले संशोधन गर्नुपर्ने ।

-पारा २.९ मुताबिक)

❑ बित्तीय अनुबन्ध मुताबिक सरकारले मार्च १९९४ मा विद्युत महसुल ३८ प्रतिशत वृद्धि गर्‍यो । अब सन् १९९६ मा २६%, १९९७ मा २५%, १९९८ मा ४%, १९९९ मा १३%, २००१ मा १०% र २००४ मा १०% महसुल बढाउनु पर्ने ।

-पारा ४.३ मुताबिक

❑ बिशेष खाता लगायत आयोजनाको खाताको लेखा परीक्षण विश्व बैंकलाई पेश गर्नुपर्ने ।

-बूँदा ३५ (घ) मुताबिक

❑ विद्युत प्राधिकरणले आर्थिक वर्षको अन्त्य भएको ६ महीनाभित्र लेखा परीक्षण नगरिएको हिसाब किताब र नौं महीनाभित्र लेखा परीक्षण गरिएको हिसाब विश्व बैंकलाई बुझाउनु पर्ने ।

-बूँदा ३५, NEA, (ग) मुताबिक

❑ विद्युत प्राधिकरणले विश्व बैंकसंग मिलेर आफ्नो व्यापारिकरण-योजनाको अध्ययन सिध्याउनु पर्ने र त्यसको समीक्षा गर्नु पर्ने र विश्व बैंकलाई चित्तबुझ्दो हुने गरी त्यसको कार्यान्वयन गर्नु पर्ने ।

-बूँदा ३५, NEA, ख मुताबिक

*स्रोत: विश्व बैंकका आधिकारिक चिठी पत्रहरु र अरुण सरोकार समूह*

**विश्व बैंकका कठोर शर्तहरूमा बाँधिनु सार्वभौम नेपालको लागि र प्रजातन्त्र कै भविष्यको लागि निक्कै गम्भीर कुरा हो**

## हामी त्यत्रो जोखिम मोलेर विश्वबैंकबाट ५० अरब रुपैयाँ लिन तयार, यहीं बैंकमा भएको बिना जोखिमको ५० अरब लिन किन बेतयार ?

नचाहिने आयोजना होइन । यसलाई सन् २००२/२००३ मा ल्याउनु भन्दा बाटो र अन्य पूर्वाधार बनेपछि सन् २०१० पछि ल्याउनु नेपालको लागि हितकर हुन सक्छ । अहिले नै हामीसित भएको सबै पैसा एउटै अरुणमा खन्याएर बाँकी अरु आयोजनामा हात बाँधीबस्नुमा हामी खुशी छैनौं । हामी साना र नौंला आयोजनामा पहलकदमी गर्न चाहन्छौं र अरुणमा अहिलेसम्म भइसकेको खर्च हामी ती आयोजनामा गाभ्न पनि तयार छौं । तर अहिले नै अरुण थाल्न हामी तयार छैनौं- यो कुरा हामीले साहसपूर्वक विश्वबैंकलाई बताउन सक्नु पर्छ । यस्तो भन्ने काम गर्दा यो आयोजना अहिले ल्याप्स् हुन्छ, पछि फेरि छुट्टै निवेदन गर्नु पर्छ भने पनि त्यो कुनै नोक्सानदायी कुरा होइन । सन् २०१० पछि अरुण झन् अहिलेभन्दा पनि आकर्षक र पर्ता पर्ने प्रोजेक्ट हुनेछ । यो बीचमा हामी त्योभन्दा सस्तोमा त्यति नै बिजुली उत्पादन हुने थुप्रै साना साना विद्युत आयोजनाहरु संचालन गरेर हाम्रो विद्युतको खाँचो टार्न सक्छौं ।

अहिलेसम्म दाता राष्ट्रहरुले हामीलाई पशुपतिको माग्ने भैं ठानि- रहेछन् जे दिए पनि थापेर खाने, आफ्नो आवश्यक्ता समेत बताउन नसक्ने । दिएको अनुदान समेत खर्च गर्न नसक्ने, तर हामीले हाम्रो क्षमता यो हो, हामी यो लिन सक्छौं, यो लिन सक्दैनौं, हाम्रो प्राथमिकता यो हो भनेर योजनाबद्धताका साथ प्रस्तुत हुने हो भने, हामीप्रति दाता राष्ट्रहरुको धारणा बिग्रने होइन । त्यो झन् राम्रो हुनेछ । कम से कम नेपाल अब आफ्नो प्राथमिकता र आवश्यक्ता पहिचान गर्न र भन्न सक्ने भएछ भन्ने प्रभाव उनीहरुमा पर्छ । यसले हाम्रो इज्जत नै बढ्नेछ ।

हामी अहिले अरुणको लागि तयार छैनौं भनी भन्दा अरुणका लागि आउने अनुदान पनि गुम्नेवाला छैन । जर्मनीले त गत: दिसेम्बरको संसदमै यो अनुदान नेपालको लागि हो, यो उसले अरु काममा समेत खर्च गर्न सक्छ भनिसकेको छ । अन्य दाताहरु पनि सहायता बन्द गरिहाल्नेवाला छैनन् । हामीले केहीसित त कुरा पनि गरिहेरेका छौं । कोही पनि सहायता रोक्नेवाला छैनन् ।

❑ *तर अरुण नलिने हो भने हामी नेपालको बढ्दो विद्युत आवश्यक्ता कसरी पूर्ति गर्न सक्छौं ? आवश्यक्ता त वार्षिक १५ प्रतिशतका दरले बढ्दैछ । यो आवश्यक्ता धान्ने विकल्प के छ ?*

-नेपालमा दुई किसिमका जनता छन्- एउटा विजुली पाइरहेका, जसले अहिले लोडशेडिङको समस्या भोग्दैछन् । अर्का थरी ९० प्रतिशत जनता छन्, जसले बिजुलीको कुनै उपभोग नै गर्न पाइरहेका छैनन् । तपाईको प्रश्न पहिलो समूहको प्रश्न हो ।

शहरी क्षेत्रको लागि विद्युत उत्पादन भनेको व्यापार हो । विद्युत उत्पादन गर्नु पर्छ, शहरमा किन्न सक्ने ग्राहक छन् । अरुणमा हामीले सरकारले जमानत बसेर शहरी क्षेत्रमा १ अरब डलरको विजुलीको व्यापार गर्ने दायित्व विद्युत प्राधिकरणलाई हामी सुम्पन लाग्दैछौं । नेपालमा सरकारी क्षेत्र यस्तो व्यापारको लागि सक्षम देखिएको छैन । अतः यत्रो जोखिमपूर्ण व्यापार गर्ने जिम्मेवारी अत्यन्त कमजोर प्राधिकरणलाई दिइनु हुन्न । राज्यले शहरी क्षेत्रको निम्ति यति जोखिम् मोल्नु आवश्यक पनि होइन । शहरी क्षेत्रमा विद्युतको आपूर्ति गर्ने जिम्मा निजी क्षेत्रलाई दिए हुन्छ । त्यहाँ सक्षम उत्पादक पनि छन् र किन्न सक्ने उपभोक्ता पनि । व्यापारिक स्तरमा त्यहाँ विजुली उत्पादन हुन संभव छ । व्यापारिक स्तरमा विद्युत उत्पादन संभव भएको ठाउँलाई राज्यले भरथेग गरिराख्नु जरुरी छैन ।

तर ग्रामीण क्षेत्रमा भने राज्यले नै हात हाल्नु पर्छ । त्यहाँ निजी क्षेत्रलाई सुम्पेर हुँदैन । त्यहाँ गरीबि हटाउने, बेरोजगारी हटाउने, र विकास गर्ने हिसाबले विद्युत आयोजनालाई विस्तार गर्नु पर्छ । अनुदान (Subsidy) दिएर पनि सरकारले यो काम गर्नुपर्छ ।

भारत, पाकिस्तान र श्रीलंकामा जस्तै- सरकारले विद्युत उत्पादनको किनबेचको न्यूनतम् मोल तोकिदिनु पर्छ । यसमा निजी क्षेत्रले पनि उत्पादन गर्छ र सरकारलाई बेच्छ । सरकारले पनि उत्पादन गर्छ र ग्राहकलाई बेच्छ । सरकारले भनिदिनु पर्छ कि- निजी क्षेत्रको विजुली हामी यो मोलमा जति पनि किनीदिन सक्छौं, भारतलाई पनि बेचिदिन्छौं ।

अरुणमा जोखिम मोल्नुभन्दा सरकारले यस्तो आयोजना विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्न जोखिम मोल्नु धेरै श्रेयस्कर छ ।

शहरी क्षेत्रका जनताले थुप्रै स्रोत साधन पाएका छन् । राज्यले आफ्नो सीमित स्रोत साधन त्यहाँ खर्च गर्ने होइन । ग्रामीण क्षेत्रमा बिजुली पुऱ्याउन खर्च गर्नुपर्छ, जहाँ जनताले विकासको कुनै प्रतिफल भोग्न पाएका छैनन् । नेपालमा निजी क्षेत्र शहरी क्षेत्रको लागि व्यापारिक हिसाबले विद्युत उत्पादन गर्न सक्षम पनि भइसकेको छ ।

निजी क्षेत्रको आकर्षण अहिले भोटेकोशी आयोजना, माथिल्लो मर्स्याङ्दी, खिम्ती, मोदीमा बढेको छ । किनभने यी आर्थिक हिसाबले संभव, बाटोको पूर्वाधार भएका र पर्ता पर्ने खालका छन् । यसरी निजी क्षेत्रलाई प्रोत्साहित गरियो भने स्वत: आर्थिक हिसाबले पर्ता पर्ने आकर्षक र संभव आयोजनामा उनीहरुले लगानी गर्न खोज्नेछन् । राज्यले थोरै भरथेग गरे पुग्छ, रुल नियम बनाइदिए पुग्छ ।

अरुणको विकल्प त यहीं, अहिले छन्- मर्स्याङ्गदीको दुई आयोजना मिलाएर भर्खरै हस्ताक्षर भयो । यसबाट ८५ मेघावाट बिजुली आउँछ । भोटेकोशीबाट ३६ मेघावाट आउँछ, खिम्तीबाट ६०, मोदीबाट १४- यति जोड्दा नै १९५ मेघावाट भइसक्यो । अरूणको जति बिजुली त यतिमै भइहाल्यो ।

अझ इन्द्रावती छ- ५८ मेघावाटको । सेती छ- ४४ मेघावाटको । यी जम्मै निजी क्षेत्रलाई सुम्पीदिए हुन्छ- स्वदेशी वा स्वदेशी- विदेशी संयुक्त लगानीमा । सरकारले लगानी पनि गर्नु पर्दैन । अरुणभन्दा छिटै, अरुणभन्दा सस्तोमा र अरुणभन्दा धेरै बिजुली निस्कन संभव छ । देशको प्रभुसत्ता, स्वतन्त्रता र प्रजातन्त्र पनि बन्धकीमा राख्नु पर्दैन । कठोर जोखिम पनि मोल्नु पर्दैन । क्षेत्रीय सन्तुलन पनि हुन्छ ।

भारत र पाकिस्तामा अहिले ने.रु. ३ रुपियाँ प्रति किलोवाट प्रतिघण्टामा निजी क्षेत्रको विजुली किनबेच भइ- रहेछ । अझ श्रीलंकामा त रु. २/६० छ । नेपालमा पनि त्यति नै सस्तोमा विजुली निकाल्न संभव छ । अरु सस्तो पनि हुन संभव छ, किनकि नेपालमा ठाडो खोला धेरै छन् र ठाडो खोलामा बढी सस्तोमा बढी बिजुली निक्लन संभव हुन्छ । नेपालमा जति ठाडो खोला यी कुनै देशमा पनि छैनन् ।

त्यसैले, विकल्प छ । आवश्यक्ता छ- सरकारको प्रतिबद्धताको र जरुरी नीति नियमहरुको ।

पैसाकै अभाव छ नेपालमा, त्यो पनि सत्य होइन ।

अहिले यहाँ काठमाडौंकै बैंकहरुमा मात्र ५० अरब रुपैयाँ उत्तिकै थन्केर बसिरहेछ । काठमाडौंको जग्गामै अरबौं रुपैयाँ लगानी भएर बसेको छ, वेफ्वाँकमा र अनुत्पादक रूपमा । जलविद्युत उत्पादनको आकर्षक योजना सरकारले बनायो, सरकार ग्यारेण्टी बस्यो र त्यसबाट निस्कने विजुली नाफादायक हुन सक्ने देखाउन सक्यो भने यो पैसा त्यहाँ लगानी हुन किन सक्दैन ? सरकारले यसको लागि आकर्षक व्याजदरको सरकारी बण्ड नै निकालेर जनताको त्यो बचत प्रशोचन गर्न सक्छ । हामी त्यत्रो जोखिम मोलेर विश्वबैंकबाट ५० अरब रुपैया लिन तयार, यहीं बैंकमा भएको बिना जोखिमको ५० अरब लिन किन बेतयार ? मुख्य रुपमा हामीसित प्रतिबद्धता छैन र योजना छैन । त्यसैले समस्या भएको हो ।

नेपाली पूँजी, नेपाली ठेकेदार, नेपाली इंजिनियर र नेपाली नै प्रविधि र सानो आयोजना- यो भयो भने आयोजना निश्चय नै धेरै गुणा सस्तो हुनेछ ।

विद्युत विकासको एउटा अर्को विकल्प के हो भने- विकेन्द्रित रुपमा जिल्ला जिल्लामा विद्युत उत्पादन गर्नु र जिल्लाको आयस्रोतको रुपमा केन्द्रलाई बेच्नु ।


५/१० मेघावाट विद्युत निकाल्ने ठाउँ धेरै जिल्लामा छन् । यी जिल्लालाई विकास बजेटको निम्ति हमेशा केन्द्रको मुखापेक्षी बनाउनुको सट्टामा राज्यले थोरै अनुदान सहायता गरेर, ऋण नै दिएर वा विदेशी ऋण नै जुटाईदिएर त्यहाँको विजुलीलाई कमाइखाने बाटो बनाईदिन सकिन्छ । थुप्रै जिल्लाहरु ग्रीडको नजिकै छन् । ग्रीडमा विजुलीको अभाव छ, जिल्लामा विजुलीको भण्डार छ । त्यसैले पहिले बाटोको छेउको जिल्लाबाट यो काम थाल्नुपर्छ । बाटो बढ्दै गएपछि भित्र-भित्रका जिल्लामा पनि यस्तो गर्न सकिन्छ । नर्वेको सहायतामा स्याांजा, प्यूठानमा यस्तो विद्युत उत्पादनको निम्ति प्रयत्न हुन थालेको पनि छ । सरकारले यो बिजुली जिल्लालाई छोडिदिनु पर्छ ।

चीनले यस्तै विकेन्द्रित पहलकदमीको बाटो अप्नाएर कम्युन कम्युनमा बिजुली उत्पादन गरेको थियो । चीनमा विजुलीको व्यापक वृद्धि यही बाटोबाटै भएको थियो । 'Self construction, Self manegement, Self consumption' यो नीति अप्नाइएको थियो चीनमा । त्यसैले चीन विकेन्द्रित विद्युत उत्पादनमा सबैभन्दा अगाडि छ ।

यसरी निजी क्षेत्रलाई शहरको विजुलीको उत्पादनमा लगाउने र राज्यले ग्रामीण क्षेत्रमा हात हाल्ने- यी दुई बाटोबाट नेपालमा काफी विद्युत उत्पादन संभव छ । यस उपायबाट निकै सस्तोमा, निकै छिटो र देशव्यापी रुपमा विजुली निकाल्न सकिन्छ ।

❑

# कस्तो अन्याय भोगदैछन संगठित कारखानाहरूमा



# महिला मजदूरहरू ?

उषा श्रेष्ठ

**स**म्पूर्ण देशको आधा भाग ओगटेका नेपाली महिलाहरू उत्पीडित र शोषित अवस्थामा रहेका छन् । उनीहरूलाई अझै पनि दोस्रो दर्जाको नागरिकको रुपमा हेर्ने गरिन्छ । सामाजिक उत्पादन कार्यमा र सार्वजनिक क्षेत्रका कार्यहरूमा उनीहरूको सहभागिता निकै कम छ । महिलाहरूलाई धेरैजसो अनुत्पादक कार्यहरूमा मात्र सीमित गराई पुरुषको दासको रुपमा हेर्ने प्रवृत्ति अझैसम्म गएको छैन ।

---

८ मार्च अर्थात् फागुन २४ गते विश्वभरिका श्रमिक महिलाहरूको महान दिवस हो । यो दिवसकै दिन संसारका विभिन्न भागमा महिलाहरूले समान हक र अवसरका लागि संघर्ष शुरु गरेका थिए । यसैको स्मरणमा सन् १९१० मा डेनमार्कको राजधानी कोपेनहेगेनमा भएको महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलनले प्रसिद्ध महिला नेतृ क्लारा जेटकिनको प्रस्तावमा यो दिनलाई *अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस* को रुपमा मान्ने घोषणा गरेको हो । महिलाहरूको यस महान पर्वको उपलक्ष्यमा ***मूल्यांकन*** ले हरेक वर्ष जस्तै यसपालि पनि नेपाली महिलाहरूको जानकारीको लागि केही विशेष सामग्रीहरू प्रस्तुत गर्ने जमर्को गरेको छ ।

**– मूल्यांकन**


कानूनले महिलाहरूका लागि जुन हकहरू उल्लेख गरेको छ, त्यो पनि व्यवहारिक रुपमा उनीहरूले उपभोग गर्न पाएका छैनन् । सामाजिक बन्धनलाई तोडी अझै पनि महिलाहरू पुरुषको तुलनामा समान र स्वतन्त्र हुन सकेका छैनन् । यी सामाजिक असमानताको कारणले गर्दा पनि महिलाहरूले सांस्कृतिक पछौटेपन बेहोर्न परिरहेको छ । अहिलेको अवस्थामा भौतिक आवश्यकताको कारणले गर्दा केही मात्रामा महिलाहरू सार्वजनिक रुपमा अगाडि बढ्न थालेका छन् । तीमध्ये केही महिलाहरू संगठित कारखानाहरूमा मजदूरी पनि गर्न लागेका छन् ।

संगठित संस्था अर्थात् कारखानाहरूमा काम गर्ने महिलाहरूको संख्या अहिले पनि धेरै कम छ । पुरुषको तुलनामा एक चौथाई मजदूरहरू मात्र महिला मजदूरको रुपमा कार्यरत छन् । नेपालको हाल उपलब्ध २०४८/४९ को सरकारी तथ्यांक अनुसार कूल मजदूर संख्या २,२३,४६३ रहेको छ । यसमा महिला मजदूर संख्या ५४,३८१ मात्र रहेको छ । यो भनेको कुल मजदूर संख्याको २५.४ प्रतिशत हो ।

गैर सरकारी आँकडाअनुसार नेपालमा करीब ६ लाख मजदूरहरू छन् । त्यसमा एक चौथाई, अर्थात डेढ लाख महिला मजदूरहरु रहेका छन् । ती महिला मजदूरहरुको स्थिति के छ ? के उनीहरु पुरुषसरह समान छन ? के उनीहरु समान ज्याला, समान सुविधा पाइरहेका छन ?

बालाजु औद्योगिक क्षेत्रमा र केही गलैंचा कारखानामा काम गर्ने महिला मजदूरहरूबीच मैले एउटा अनुसन्धान गरेकी थिएँ । यो लेख त्यही अनुसन्धानको नतीजा हो ।

अनुसन्धानबाट के पत्तो लाग्यो भने, औद्योगिक क्षेत्रका कारखानाहरूमा महिला र पुरुष मजदूरको कामको प्रकृतिमा कुनै फरक छैन । ज्यालामा



अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा

पनि अन्तर छैन । र ,पुरुषसरह दिइने जुन सुविधा हो, त्यसमा पनि फरक छैन । औद्योगिक क्षेत्रभरि समान कामको लागि समान ज्याला चाहिं छ ।

तर समस्या के रहेको छ भने, एक जना महिला मजदूरले पाएको ज्यालाले ऊ आफू एक्लोलाई न्यूनतम आवश्यकता पूरा गर्न पनि धौधौ पर्ने स्थिति छ । हाम्रो समाजमा एक जना काम गर्ने मान्छेले कम से कम ३ जनालाई पाल्नु पर्ने स्थिति छ । जब एउटाले पाएको मासिक तलबले ऊ एक्लोलाई धान्न समेत गाह्रो पर्छ भने ३ जनालाई धान्ने कसरी ? अर्थात् उमेर पुगेका महिला मजदूरहरूको बच्चाबच्ची त हुन्छन् नै । ती बच्चा बच्चीलाई उसले हुर्काउने कसरी ?

राष्ट्रिय जनगणना २०४८/४९ अनुसार पनि सरदर नेपाली परिवार ५.६ जनाको छ । यसको मतलव एउटा परिवारमा लोग्ने स्वास्नी दुबै काम गर्छन् भने प्रत्येकले एक जनाको तलवले आफूबाहेक अरु २ जनालाई धान्नु पर्ने हुन्छ । यस हिसावले विश्लेषण गर्दा अहिलेको बजार भाउमा एउटा मजदूरलाई कम्तिमा पनि निम्न बमोजिमको खर्च

## न्यूनतम मासिक खर्च विवरण

| विवरण | आवश्यक परिमाण | दर | जम्मा रु. |
|---|---|---|---|
| | ३० के.जी. | १६।५० प्रति के.जी. | ४९५।- |
| १. चामल (मनसुली) | ४ के.जी. | २६।- प्रति के.जी. | १०८।- |
| २. दाल (मसुरो) | | ३००।- | |
| ३. तरकारी (दैनिक रु. १०।- को मात्र) | ५०।- प्रति के.जी. | १२०।- | |
| ४. राँगाको मासु (महिनाको ४ पटक,६००ग्रा) | ९।- प्रति लिटर | १३५।- | |
| ५. मट्टितेल (दैनिक ।९१,२० लि. मात्र, १५ लि.) | १.५ लि. | ५२।- प्रति लिटर | ७८।- |
| ६. खाने तेल (भटमास) | अन्दाजी | ८०।- | |
| ७. नुन, जिरा, बेसार आदि | १०० x २ = २०० प्रत्येक | | |
| ८. जुत्ता (एक जनालाई २ जोर वर्षको) | महिना ३ जनालाई मात्र | ५०।- | |
| ९. एक जनालाई लुगा वर्षको दुई जोर रु. ६०० x २ = रु. १२००। बराबारको प्रत्येक | महिना तीन जनालाई | ३००।- | |
| | २ गोटा | १५।- | ३०।- |
| १०. नुहाउने साबुन | ३ गोटा | ७।- | २१।- |
| ११. लुगा धुने साबुन | ५० ग्राम | १५।- | १५।- |
| १२. मञ्जन | १८० कप | १।- | १८०।- |
| १३. चिया (बिहान, साँझ १/१ कप मात्र) | | | ४५०।- |
| १४. खाजा (प्रति व्यक्ति रु. ५।- को मात्र) | | | ८००।- |
| १५. घरभाडा (सानो एउटा कोठाको मात्र) | | | ३१४३।- |
| जम्मा रु. | मासिक | | |

मासिक रुपमा लाग्छ ।

यस प्रकार, एक जना मजदूरको लागि न्यूनतम खर्च मासिक रु ३१४३।- लाग्छ । तर सरकारले तोकेको मासिक तलब रु. १३००।- मात्र छ । त्यसैले निर्धारित बेतन जीवन धान्न साह्रै अपर्याप्त छ । अझ यो मासिक खर्चको तालिकामा के हिसाब गरिएको छ भने, एउटा मजदूरको परिवार कहिल्यै बिरामी पर्दैन, उसको परिवारमा कहिल्यै चाडबाड आउदैन, कहिल्यै पाहुना आउँदैनन्, बच्चा बच्चीलाई कहिल्यै पढाउन पर्दैन ।

नेपालमा महिला मजदूरहरू दुई छाक पनि अघाँउन्जी खान नपाएर साह्रै कठीन जिन्दगी बिताउँछन् भन्ने कुरा यसैबाट थाहा हुन्छ । ज्यालाको क्षेत्रमा साह्रै अन्याय भएको यो समस्या नेपालका पुरुष मजदूरहरूको पनि साझा समस्या हो ।

अनुसन्धानको सिलसिलामा के पनि पत्तो लाग्यो भने, पूरै बालाजु औद्योगिक क्षेत्रमा महिलाहरूलाई भरिसक्के मजदूरीमा भने लिईंदो रहेनछ । गएको १२ वर्षमा सम्पूर्ण बालाजु औद्योगिक क्षेत्रमा जम्मा ३ जना महिला मजदूरले मात्र कारखानामा काम पाएछन् । यहाँ रहेका बाँकी अरु सबै महिला मजदूरहरू १२ वर्षअघि नै पसेका व्यक्तिहरू हुन् । कारखाना व्यवस्थापक-हरूले नयाँ भर्ना गर्नमा प्राथमिकता पुरुष मजदूरलाई मात्र दिइरहेको कुरा यसबाट प्रष्ट हुन्छ ।



“महिला मजदूरलाई भर्ना लिनमा किन यति बिघ्न पक्षपात त ?”

मैले नेपोथिन कारखानाकी एक जना महिला मजदूरलाई सोधें ।

“महिलाहरू बच्चा पाउँछन् । उनीहरूलाई सुत्केरी बिदा दिनु पर्छ । दूध खुवाउन छुट्टी दिनु पर्छ । बच्चा बिरामी परे कारखाना आउँदैनन् । यही भनेर होला नि !” उनले जवाफ दिइन् ।

बच्चा जन्माउनु, दूध खुवाउनु त प्राकृतिक नियम नै हो । यो समाजको लागि र पूँजीपतिकै लागि पनि एउटा नभई नहुने काम हो । यो काम महिलाबाट नभए पूँजीपतिले पुरानो मजदूर बूढो भएपछि उसको ठाउँमा नयाँ जवान मजदूर कसरी भेट्टाउँछन् ? कसरी पूँजीपतिले नयाँ मजदूरहरू लगातार पाइरहन्छन् र उत्पादन धान्छन् ? त्यसैले यस्ता नगरीनहुने काममा व्यस्त भएवापत महिला मजदूरहरूले त सुत्केरी बेलामा राम्ररी सुविधा सहुलियत भेट्टाउनु पर्ने । पर्याप्त विदा र भरथेग पाउनु पर्ने । तर आश्चर्य, औद्योगिक क्षेत्रमा बच्चा पाउने भएवापत भरिसक्के महिला मजदूरलाई काममै लिइन्न ।

यत्ति मात्र होइन, महिला मजदूरहरूले उत्ति नै काम गरे पनि उनीहरूले प्रमोशन र विशेष ग्रेड पुरुष मजदूरसरह पाउँदा रहेछन् । महिला मजदूरमध्ये असाध्यै थोरैले मात्र दक्ष र उच्चदक्ष मजदूरको दर्जा पाउन सकेका रहेछन् । यसबाट उनीहरूको तलवमै पनि फरक पर्छ । दक्ष र उच्चदक्ष मजदूरको अदक्ष र अर्धदक्ष मजदूरको भन्दा बेसी तलब हुन्छ । तर धेरैभन्दा धेरै पुरुष मजदूरलाई मात्र दक्ष र उच्चदक्ष मजदूरको दर्जा दिइँदोरहेछ । यो पनि कारखानाहरूमा महिला मजदूरमाथि भएको अन्याय र असमानताको टड्कारो उदाहरण हो ।

गएको १२ वर्षमा औद्योगिक क्षेत्रमा महिला मजदूरहरू विभिन्न निहुँमा निकै निकालिएको भेट्टाइयो । बच्चा जन्माउने, विदा र सुविधा बेसी दिनु पर्ने भन्ने कारण ठाडो रुपमा देखाएर त निकालिएको रहेनछ, तर देखाउने कारण अरु जे सुकै भए पनि ,असली कारण चाँहि त्यही नै हुने गर्दोरहेछ ।

महिला मजदूरलाई सकेसम्म भर्ना नै लिन नमान्ने, भर्ना लिए पनि सकेसम्म प्रमोसन नै नगर्ने र सकेसम्म बेसी कामबाट हटाउने यो प्रबृत्ति खालि बालाजु औद्योगिक क्षेत्रको मात्र होला भन्ने देखिदैन । यो नेपालव्यापी प्रवृत्तिको रुपमा देखिन्छ ।

यसबाहेक, श्रम नियमावलीले व्यवस्था गरेका थुप्रै सुविधा सहुलियत औद्योगिक क्षेत्रमा महिला मजदूरहरूले पाएको देखिएन । जस्तो कि- श्रम नियमावलीमा हरेक दुई-दुई घण्टामा आधा आधा घण्टा आमाहरूले बच्चाहरूलाई दूध खुवाउने छुट्टी पाउने व्यवस्था छ । तर धेरै जसो कारखानामा ८ घण्टामा बीचमा १ पटक मात्र दूध खुवाउने छुट्टी पाउने व्यवस्था छ । यो निकै अमानवीय व्यवहारको उदाहरण हो । एउटा शिशुको आमाको दूध खाने मानव अधिकारको पनि हनन् गर्नु साह्रै लाजमर्दो कुरा हो ।

त्यस्तै, नियमावलीमा व्यवस्था भएको अनुसार व्यवहारमा भने धेरै जसो कारखानामा शिशु स्याहार-केन्द्र नै छैन । एउटा साझा दिवा शिशु स्याहार -केन्द्र औद्योगिक क्षेत्रको बीचमा छ ।

सुत्केरी विदाको हकमा पनि सुत्केरी हुनु १ दिन अघिसम्म पनि कारखाना जानु पर्ने ऐन र नियमावलीले व्यवस्था गरेको छ । यो मानवीय स्वास्थ्यको हिसावले असंभव कुरा हो । यसमा ऐन र नियमावली नै बदल्नु पर्ने स्थिति छ । जसरी सुत्केरी भएपछि ५२ दिन विदा दिइन्छ, त्यसरी नै सुत्केरी हुनुअघि पनि त्यति नै दिन वा पर्याप्त दिन विदा हुने व्यवस्था हुनु नितान्त जरुरी देखिएको छ ।

अझ, सुत्केरी भएपछि तीन महिना नपुगी शिशु स्याहार केन्द्रमा बच्चा राख्न पाइन्न । तर कारखानाले दिने प्रसूती विदा भने ५२ दिन मात्र छ । यो बीचको ३८ दिनमा बच्चा कहाँ राख्ने ? यो टड्कारो मानवीय समस्या सुत्केरी हुने महिला मजदूरहरूले भोग्नु परिरहेको छ ।

धेरै जसो कारखानामा नियमावलीले व्यवस्था गरे मुताविक व्यवहारमा भने महिला र पुरुषको छुट्टै शौचालय रहेनछ ।

यो पनि महिला मजदूरको अर्को टड्कारो समस्या हो ।

महिला मजदूरहरूको स्थिति, कति पीडादायक र कठीन छ भन्ने कुरो गलैंचा उद्योगमा कार्यरत महिला मजदूरहरूको अवस्थाबाट थाहा हुन्छ । त्यहाँका महिला मजदूरहरूले दिनमा १७ घण्टासम्म कार्य गर्नु पर्दछ । श्रम ऐनले व्यवस्था गरेको ८ घण्टाको कार्य-दिवसको कुरा उनीहरूलाई आकाशको फल" भएको छ ।

१ वर्ग मिटर गलैंचा सिध्याउनको लागि ४ जनालाई ४ दिन लाग्दोरहेछ । तर त्यसवापत उनीहरूले प्रति वर्ग मिटरको रु ३५०।- मात्र ज्याला प्राप्त गर्दारहेछन् ।

यसरी एक जना गलैंचा मजदूरको भागमा १ दिनमा रु. २१।७५ पर्न आउँछ । बिहान ६ बजेदेखि बेलुकी ११ बजेसम्म दिनमा १७ घण्टा काम गरेर फगत रु. २१।७५ प्राप्त गर्नु भनेको सारै ठूलो शोषण र अन्याय हो । फेरि त्यतिले शहरी क्षेत्रमा दुई छाक खान पुग्दैन । यसरी कारखाना मालिकहरूले गलैंचाका मजदूरहरूलाई चरम शोषण गरेका छन् ।

गलैंचा उद्योगमा काम गर्ने महिला मजदूरको लागि महिला हुनुको नाताले पाउनु पर्ने कुनै सुविधाको व्यवस्था पनि कारखाना मालिकले गरेको पाइएन । अन्य संगठित कारखानामा जस्तो श्रम नियमावलीमा उल्लेख गरेका सुविधाहरू जस्तै - शिशु स्याहार केन्द्र, सुत्केरी विदा, स्वास्थ्य उपचार, सार्वजनिक विदा भत्ता, जागिरको स्थायित्व, आदि जस्ता कुनै कुरा पनि उनीहरूले पाउँदैनन् । व्यवस्थापकले दिएको एउटा कोठामा ६-७ जना मजदूर कोचिएर बस्नु पर्दोरहेछ । मजदूर- सुविधाको लागि बोल्न युनियन खोल्न पाइँदोरहेनछ । यदि कसैले मजदूर - सुविधाको लागि केही बोलेमा "काम गरे गर, नगरे निस्केर जा" भन्ने धम्की कारखाना मालिकको हुँदोरहेछ ।

वास्तवमा, गलैंचामा कार्यरत सम्पूर्ण मजदूरहरूले,त्यसमा पनि महिला मजदूरहरले, दासत्वपूर्ण नारकीय जीवन बिताइरहेका छन् । यस्तो शोषित र पीडित अवस्थामा पनि बेरोजगारीका कारणले महिलाहरू मजदूरी गर्न बाध्य भएका छन् ।

यसरी,महिला मजदूरहरूको समस्या केलाउँदा पहिलो समस्या आम मजदूरहरूकै समस्याको रूपमा रहेको जीवन धान्न नपुग्ने ज्याला नै हो । अर्को, महिला हुनुको नाताले उनीहरूको दायित्वको आधारमा ऐनले व्यवस्था गरेका जुन सुविधाहरू छन् ,त्यो पनि व्यवहारमा उनीहरूले उपभोग गर्न नपाउनु नै हो ।

यी कुराको विश्लेषण गर्दा महिला मजदूरहरू दोहोरो शोषणमा परेका देखिन्छन् । एकातिर,पुरूषको तुलनामा उनीहरूले घरका कार्यहरू पनि गर्नुपर्छ भने भौतिक आवश्यकताको कारणले कारखानाको कार्यमा पनि बढी मिहेनत र इमान्दारीपूर्वक यिनै महिला मजदूरहरूले काम गर्नु परेको हुन्छ । कामको सुरक्षाको कुनै ग्यारेन्टी छैन । महिलाको बच्चा जन्माउने सामाजिक र प्राकृतिक दायित्वलाई पनि महिलाको कमजोरी ठानी उल्टै उनीहरूलाई रोजगारीबाट बन्चित गरिने स्थिति छ ।

> उनीहरूको आवाज- मान्छे भएर जीउन पुग्ने वेतनको लागि जरूरी छ



दासत्वपूर्ण नारकीय जीवन

यस सम्बन्धमा श्रमिक महिलाहरूले सशक्त आवाज उठाउन निकै जरूरी भएको छ । पहिलो कुरो त, उनीहरूको आवाज-मान्छे भएर जीउन पुग्ने बेतनको लागि जरूरी छ । यो आवाज सारा मजदूरको पनि आवाज हुन सक्छ । त्यसैले, सबैसित एकतावद्ध भएर यसको लागि संघर्ष हुनुपर्दछ ।

दोश्रो, महिलाहरूको सन्तान जन्माउने प्राकृतिक दायित्वलाई पनि सामाजिक उत्पादनको लागि नभईनहुने कामका रूपमा कानूनी मान्यता दिइनु पर्छ भनेर आवाज उठाउनु जरूरी भएको छ । यस्तो भएपछि मात्र मजदूर,महिला-मजदूरहरूको सामान हक र हितको पक्षमा ऐन निर्माण हुनु जरूरी छ ।ऐनमा महिला मजदूरहरूको विपक्षमा महिलाहरूलाई यो कारणले हुने सारा पक्षपात र असमानताको अन्त हुनसक्छ । के माग गर्नु जरूरी देखिन्छ भने,महिलाहरूले सुत्केरी हुनु ५२ दिन अघिदेखि पनि सुत्केरी विदा पाउनु पर्छ र उनीहरूले पनि प्रमोशन र ग्रेडमा पुरूषसरह अवसर पाउनु पर्छ ।

अब सरकारले कस्तो पाइला चाल्ने भन्ने कुरामा केवल महिला मजदूरहरू मात्र होइन, सम्पूर्ण मजदूर वर्गको नै ध्यान केन्द्रीत हुनु परेको छ । अहिले देशमा एमालेको सरकार छ, जसले आफूलाई मजदूरहरूको सरकार भन्दछ । उसले श्रम ऐनलाई कडाइका साथ लागु गर्न ध्यान दिनु जरूरी भएको छ । ऐनमा संशोधन गरी रहेका प्रावधानहरू खारेज गरेर उनीहरूको समान हक, हितको संरक्षण गर्ने प्रावधन हुनु पर्छ ।

गलैंचा उद्योगमा काम गर्ने महिला मजदूरहरूलाई पनि अन्य संगठित कारखानाका मजदूरहरूले पाएको सुविधा र ऐन एवं श्रम नियमावलीमा उल्लेख भएको श्रम-दिन हक र सुविधाहरू अनिवार्य रूपमा दिइनै पर्छ । उनीहरूको ज्याला जीउन पुग्दो र निश्चित गरिनु पर्दछ ।

श्रम नियमावलीमा उल्लेखित महिला-सुविधाहरू पर्याप्त छैनन् । उता, भएका सुविधाहरू पनि कतिपय लागु हुन सकेका छैनन् । त्यसैले सरकारले एकातिर यस ऐन र श्रम नियमावलीलाई कडाइका साथ लागु गर्नु पर्छ । अर्कातिर, ऐन र श्रम नियमावलीमा पनि संशोधोन गरी महिलाहरूको प्राकृतिक दायित्वका आधारमा उनीहरूलाई भर्ना र प्रमोशनमा पक्षपात गर्न नपाइने र कामबाट निकाल्न नपाइने व्यवस्था गर्नु पर्दछ ।


यसमा मुख्य कुरो, श्रमिक महिलाहरूको चेतना हो, जुन अहिले सारै कमजोर स्थितिमा देखिन्छ । उनीहरू चेतनशील नभई अहिले भइरहेको अन्याय र असमानता विरूध्द उनीहरूले आवाज उठाउने संभावना छैन । उनीहरू आफैंले संघर्ष नगरी अहिले विद्यमान अन्याय र असमानता आफ से आफ खतम हुने छैन । त्यसैले, राजनीतिक पार्टी र महिला संगठनहरूले महिला मजदूरलाई आफ्नो स्थिति र हकप्रति जाग्रत गराउनमा सबैभन्दा बढी ध्यान दिनु जरूरी भएको छ । श्रमिक महिलाहरूको जागरण र एकताबद्ध संघर्ष नै अहिले भइरहेको अन्याय र असमानता हटाउने एक मात्र रामवाण हो । हरेक वर्षको श्रमिक महिला-दिवसलाई श्रमिक महिलाहरूमाथि भइरहेको अन्याय र असमानताबिरूद्ध सडकमा निकलने दिनका रूपमा मनाउनु पर्छ ।

❑ ❑

## सरकारले तोकेको नेपाली मजदूरको न्यूनतम मासिक वेतन

| | २०४८ सालमा घोषित | हाले थप रु. | जम्मा रु. |
|---|---|---|---|
| अदक्ष | रु. ११५०।- | ३००।- | १४५०।- |
| अर्द्धदक्ष | रु. १२००।- | ३००।- | १५००।- |
| दक्ष | रु. १३१०।- | ३००।- | १६१०।- |
| उच्च दक्ष | रु. १५००।- | ३००।- | १८००।- |

स्रोत : नेपाल राजपत्र



# अझै प्रजातन्त्र आएको छैन गाउँले खेतीहर महिलाहरूलाई !

मुक्ता श्रेष्ठ

**हाम्रो ९१ प्रतिशत देश गाउँमै बस्छ र ८० प्रतिशत मानिस खेतीमै जीउँछन् । देशमा प्रजातन्त्र आएको चार बर्ष भयो । तर गाउँमा प्रजातन्त्र अझै पुगिसकेको छैन् । खासगरी, खेतीपातिमा लागेका गाउँले महिलाहरुले संविधानको घोषणाको घुम्टोभित्र लुकेको प्रजातन्त्रको अनुहारसम्म पनि देख्न पाएका छैनन् ।**

प्रजातन्त्रको एउटा चूरो कुरो हो- समानता । महिला र पुरुषबीच समान हक र अवसर प्रजातन्त्रको एउटा आधारभूत तत्व हो । नेपालको संविधान २०४७ ले यसै सिलसिलामा नेपालका श्रमिक महिलाहरूको लागि एउटा नयाँ अधिकार दिएको छ- समान कामको निम्ति समान ज्याला । तर यो अधिकार संविधानको पानामै मात्र सीमित छ । नेपालका गाउँहरूमा बस्ने खेतीहर महिलाहरूले अहिलेसम्म समान कामको लागि समान ज्याला पाइरहेकै छैनन् । टाढा जानु पर्दैन, राजधानी वरपरकै काँठका गाउँहरुमा खेतीहर श्रमिक महिलाले यो अधिकार प्रयोग गर्न पाइरहेका छैनन् पुरुषले खेतीको काममा ९० रुपियाँ पाउँदा महिलाले ६० रुपियाँ मात्र पाउँछन् । त्यहाँ निर्माण कार्यहरूमा उही कामको लागि पुरुष ज्यामीको दैनिक ज्याला १०० रुपियाँ छ । तर महिला ज्यामीले भने ७० रुपियाँ मात्र पाउँछन् ।

मैले भर्खरै काठमाण्डू उपत्यकासितै जोडिएको जिल्ला काभ्रेको अर्द्ध- गाउँले क्षेत्र नालामा एउटा सर्वेक्षण गरेकी थिएँ । त्यहाँ अझै पनि धेरै मानिसहरु खेतीपातीकै काम गर्छन् । दुई वाली आलु र एक बाली धान लगाउने प्रचलन व्याप्त भएको नालामा खेतीपाती गर्न खेतीहर मजदूरहरू लगाइन्छन् । तर त्यहाँ पनि महिला श्रमिकहरूलाई पुरुषसरह ज्याला दिइन्न । त्यहाँ महिला श्रमिकले पाउने दैनिक ज्याला पुरुष श्रमिकले पाउने ज्यालाभन्दा शतप्रतिशत कम छ ।

नालामा रोपाईंको बेला महिला रोपारले दैनिक रू. ४० ज्याला पाउँछन् । तर उति नै समय काम गर्दा पनि एउटा लाठेले दैनिक ८० रुपियाँ पाउँछ । यसको तात्पर्य के भयो भने- उही र उति नै कामको निमित्त पुरुषहरूले त्यहाँ दोब्बर ज्याला पाउने गर्छन् ।

चुनाताल र थापा गाउँमा त यो अनुपातको खाडल अझ बेसी छ । त्यहाँ एउटा लाठेले प्रति दिन ७५ रुपियाँ पाउँदा एउटी रोपारले ३५ रुपियाँ मात्र हात पार्छे । यो श्रमिक महिलाले पाउने गरेको शतप्रतिशत भन्दा पनि कम्ती ज्यालाको टड्कारो उदाहरण हो ।

भेद खाली ज्यालाको मात्र छैन । पुरुष ज्यामी र महिला ज्यामीलाई रोपाईंको बेला ख्वाउने खाजामा पनि ठूलो अन्तर देखिन्छ । लाठेले त्यहाँ खाजास्वरूप दुई माना चिउरा तथा पर्याप्त आचार र तरकारी पाउँछन् । तर रोपारलाई भने एक माना च्यूरा मात्र दिइन्छ र आचार वा तरकारी पनि आधा थोरै ।

धान काट्ने समयमा पनि महिला श्रमिक र पुरुष श्रमिकले पाउने ज्यालामा उस्तै र उत्तिकै फरक गरिन्छ । महिला श्रमिकहरूले प्रतिदिन यतिखेर ४० रुपियाँ मात्र पाउँछन् । पुरुषको ज्याला भने यसको ठीक दोब्बर हुने गर्छ । धान काट्ने समयमा धान बोक्ने काम र थ्रेसिङ मोसीन (धान झार्ने मेसीन) चलाउने काम महिला श्रमिकहरूले पनि गर्छन् । तर उही नै र उति नै काम गर्दा पनि पुरुषको तुलनामा महिला श्रमिकहरूले आधि मात्र ज्याला पाउँछन् ।

धान काटिसकेपछि नालामा गहुँको लागि खेत खन्ने काम शुरु हुन्छ । खेत खन्ने पुरुष ज्यामीले ७० देखि ८० रुपियाँ ज्याला पाउँछन् । तर त्यसपछि हुने डल्ला फोर्ने काममा, जुन त्यहाँ महिला श्रमिकको कामको रूपमा लिइन्छ, महिला ज्यामीले दैनिक ३० देखि ३५ रुपियाँसम्म मात्र ज्याला पाउँछन् । थापा गाउँमा त महिला ज्यामीले खेत पनि खन्दा रहेछन् । तर खेतै खन्दा पनि महिला ज्यामीलाई दिइने ज्याला भने ३० देखि ३५ रुपियाँ नै रहेछ । अर्थात् पुरुषको भन्दा १३३ प्रतिशतसम्म कम ।

नालाको एउटा मुख्य उत्पादन आलु हो । आलु रोप्ने र खन्ने समयमा पनि महिला श्रमिकहरूले खेत खन्ने र डल्ला फोर्ने समयमा व्यहोर्नुपर्ने ज्यालाको अन्तर नै भोगिरहेछन् । आलु खन्ने काम महिलाहरूद्वारा हुन्छ, त्यो बोक्ने काम पुरुषद्वारा । काम गर्ने श्रम अवधि फरक छैन् । तर पनि ज्यालामा भने दोब्बर भन्दा पनि बेसी अन्तर पारिन्छ ।

यस प्रकार, संविधानको 'समान कामको लागि समान ज्याला' को घोषणा यहाँ लागु भएकै छैन । व्यवहारमा श्रमिक महिलाहरूले अहिले पनि समान कामको लागि असमान ज्याला पाइरहेछन् । नैकाप, नाला, चुनाताल, थापा गाउँ त खालि उदाहरण मात्र हुन् । राजधानी र राजधानीको छेउछाउमा नै श्रमिक महिलाको ज्यालामा यति असमानता र अन्यायपूर्ण अन्तर छ भने नेपालका दूर- दराजका अधिकांश गाउँहरुमा के हविगत होला ? त्यो सजिलै लख काट्न सकिने सवाल हो । त्यसैले समान कामको लागि असमान ज्याला नेपालका सबैजसो गाउँको यथार्थ हो ।

यो सरासर सामाजिक अन्याय हो । उही नै, उति नै कामका लागि पुरुषहरूलाई दोब्बर बेसी ज्याला र महिलाहरूलाई दोब्बर कम- यो भन्दा अन्यायपूर्ण कुरा अरु के हुन सक्छ ? प्रजातन्त्रले नेपालका गाउँ-गाउँमा विद्यमान यो अन्याय र असमानतालाई अन्त गर्नुपर्ने हो ।

महिला र पुरुष दुवै नेपालका समान हक प्राप्त नागरिक हुन् । उति नै हक प्राप्त नागरिकहरुलाई उति नै

## राजनीतिमा नेपाली महिलाहरुको सहभागिता कति छ ?

- प्रतिनिधि सभामा महिला सांसदहरु - जम्मा ७ जना
  कुल सांसदहरुमध्ये महिला सांसदहरु - ३.४ प्रतिशत
- जिल्ला विकास समितिको सदस्यमा महिला - ३ जना
  कुल सदस्यमा महिला सदस्यको प्रतिशत - ०.६ प्रतिशत
  जिल्ला विकास समितिको सभापतिमा महिला -० शून्य
  जिल्ला विकास समितिको उपसभापतिमा महिला - १ जना
  कुल उपसभापतिमा महिलाको प्रतिशत - १.३ प्रतिशत
- नगरपालिकामा महिला सदस्य - १ जना
  कुल नगरपालिका सदस्यमा महिलाको प्रतिशत - ०.६ प्रतिशत
  नगर प्रमुख र उप प्रमुखमा महिला - ० शून्य
- गाउँ विकास समितिमा महिलाहरु - सदस्य १३८ जना
  (कुल सदस्यको ०.६ प्रतिशत)
  अध्यक्ष - ९ जना (कुल अध्यक्षको ०.३ प्रतिशत)
  उपाध्यक्ष - १६ जना (कुल उपाध्यक्षको ०.५ प्रतिशत)

स्रोतः निर्वाचन आयोग तथा INSEC; मानव अधिकार वर्ष पुस्तक १९९३

श्रमको लागि मूल्य चाहिँ अलग-अलग, यो कुनै प्रजातन्त्रको लक्षण होइन। प्रजातन्त्रको लक्षण त सबै नागरिकहरूलाई समान हक हो, उति नै श्रमको लागि समान मूल्य हो। नागरिक-नागरिकबीच असमानता त सामन्तवादको विशेषता हो। उति नै कामको लागि असमान ज्याला त सामन्तवादको लक्षण हो। यो अनुसन्धानले देखाएको छ- नेपालका गाउँहरूमा अझै श्रमिक महिलाहरूले ज्यालाको क्षेत्रमा पनि सामन्तवाद नै भोगैदैछन्। पूँजीवादी प्रजातन्त्र त्यहाँ पुगेकै छैन।

अनुसन्धानको क्रममा मैले श्रमिक महिलाहरूलाई नै सोधें- के उति नै काम गरेर पनि फरक ज्याला पाउँदा पनि तपाईहरूको चित्त बुझिरहेको छ ?

"हामी लोग्नेमान्छेसरह नै काम गर्छौं। तर ज्याला कम दिइन्छ। यसबाट हाम्रो चित्त त बुझ्दैन नै। तर के गर्ने, हामी केही गर्न सक्दैनौं !"- उनीहरूले दिएको जवाफ यस्तो थियो।

"काम बन्द गरेर समान ज्यालाको माग गर्न सकिन्न र ?"- मैले अझै कोट्याएँ।

"हामी एक दुई जनाले मात्र गरेर के गर्ने र ? हामीले काम गर्न रोक्दैमा अरूले रोक्दैनन्। खान परिहाल्छ, लाउन परिहाल्छ। अलि-अलि काम गरेर आउने ज्याला पनि आएन भने के गर्ने ?" उनीहरूले आफ्नो असहायपन यसरी पोखे।

सोधपुछको क्रममा कैयन श्रमिक महिलाहरूमा त विरोध र असन्तुष्टिको भाव नै देखिएन।

"हामी स्वास्नी मान्छेहरूले लोग्नेमान्छेसरह ज्याला खोजेर कहाँ पाइन्छ त ? हामी उनीहरू सरह कामै गर्न सक्दैनौं"- वडो सजिलोसित उनीहरूले आफ्नो नियतिप्रति सन्तुष्टि दर्शाए।

खेतीहर श्रमिकहरू असचेत छन्, छरपुष्ट छरिएर रहेका छन् र असंगठित छन्। त्यसैले उनीहरू आफ्नो तागतप्रति विश्वास नै गर्न सकिरहेका छैनन्। ज्याला कम पाएकोमा असन्तुष्ट नै हुनेहरू पनि, त्यसैले, आफूलाई निसहाय ठानिरहेछन्। यही निसहायपनमा श्रमिक महिलामाथि भइरहेको यो सामन्ती असमानता र अन्याय टिकिरहेछ।

त्यसो त महिला र पुरुषबीच समान ज्याला हुनु नै हुन्न भन्नेहरू पनि हाम्रो समाजमा बग्रेल्ती छन्। नालामा पनि यस्तो भेटियो। उनीहरूको तर्क के छ भने- पुरुष बलियो छ, महिला निर्धो, पुरुषले बढी काम गर्न सक्छ, महिलाले कम। त्यसैले दुई थरिबीच समान ज्याला हुनै सक्दैन।

यदि त्यसो हो भने, प्रश्न उठ्छ- महिलाहरूले पनि पुरुषसरह खेत खन्दा उनीहरूलाई चाहिँ पुरुषभन्दा आधा ज्याला किन दिइन्छ त ? किन उति नै मल बोक्दा पुरुषहरूले चाहिँ महिलाभन्दा धेरै बेसी ज्याला पाउँछन् ? पुरुषहरुमा पनि सबै उति नै बलिया हुन्नन्, न त नारीहरू सबै जना नै निर्धा हुन्छन्। तर किन निर्धो पुरुषलाई पनि बलबान महिलाहरुभन्दा बेसी ज्याला दिइन्छ त ?

त्यसैले महिलाहरू कमजोर भएकाले वा उनीहरूले कम काम गर्ने भएकाले उनीरूलाई उही नै काममा पनि कम ज्याला दिइएको भन्ने तर्कमा कुनै तुक छैन। मुख्य कारण त पुरुष-प्रधान मानसिकता हो, जुन पुरुष-प्रधान समाज व्यवस्थाले पैदा गरेको थियो र पैदा गरिरहेछ। पुरुषहरू उच्च हुन्छन्, उनीहरू हरेक कुरा बेसी पाउने हक राख्छन् महिलाहरु तुच्छ हुन्छन्, उनीहरू हरेक कुरा थोरै पाउने हैसियत राख्छन्- यो पुरुष-प्रधान सामन्ती मनसिकता समाजमा अहिले पनि व्याप्त छ। यो खालि चुसाहा पुरुषहरूमा मात्र होइन, शोषित श्रमिक महिलाहरूमा समेत व्याप्त छ। त्यसैले धेरै सस्तोमा श्रमिक महिलाहरूको श्रम लुट्न चाहनेहरू त महिलाहरुलाई समान कामको लागि समान ज्याला दिने कुराको विरोध गर्छन् नै। तर शोषणमै परेका श्रमिक महिलाहरु समेत असमान ज्याला पाउनुलाई आफ्नो नियति ठानेर त्यसलाई चूपचाप स्वीकार्छन्। केहीले त समानताको विरोध पनि गर्छन्।

एकातिर, स्वार्थवश महिलाहरूलाई समानता दिन नचाहने चुसाहाहरू। अर्कोतिर, चेतनाको अभावमा असमानतामै चूपचाप जीउन तयार शोषित महिलाहरू।

यी दुई थरी मिलेर 'समान कामको लागि असमान ज्याला' को रीति हाम्रो समाजमा चलेको छ।

यो स्थितिमा 'समान कामको लागि समान ज्याला' को ग्यारेण्टी गर्ने कानूनी व्यवस्था त हुनैपर्छ। यो व्यवस्थाको उल्लंघन गर्ने चुसाहाहरूलाई दण्डित गर्ने कडा कानून पनि बन्नुपर्छ। तर यति मात्रैले हाम्रो समाजमा श्रमिक महिलाहरूले 'समान कामको लागि समान ज्याला' पाउनेवाला छैनन्। संविधानको प्रावधान घोषणामा सीमित भए जस्तै यी कानूनी प्रावधानहरु पनि कागतमै सीमित हुने निश्चित छ।

युगौंदेखि पुरुष-प्रधान समाज व्यवस्थामा बाँचिरहेकाले असमानतामा जीउन श्रमिक महिलाहरूको आदत भइसकेको छ। कतै हामी पनि पुरुष सरह समान हुन सक्छौं र ? कतै हामी पनि पुरुषसरह समान हक र अवसर पाउन सक्छौं र ? कतै हामी पनि पुरुष जत्तिकै जान्ने सुन्ने हुन सक्छौं र ? यस्तो हीन मानसिकता आम महिलाहरूमा व्याप्त छ। मुख्य कुरो श्रमिक महिलाहरुमा यो हीन मानसिकता खत्तम गर्नुपर्‍यो। यो मानसिकता जुन समाज व्यवस्थाले पैदा गरेको हो, त्यो समाज व्यवस्था खत्तम गर्नुपर्‍यो।

जीवनमा समानता आउनअघि मानसिकतामा समानता आउनुपर्छ। हामी असमान छौं र समान हुनसक्छौं भनेर बोध गर्नेहरूले नै जीवनमा समानताको लागि संघर्ष थाल्छन्। श्रमिक महिलाहरू आफैंमा हामी असमान छौं र हामी समान हुन सक्छौं भनेर बोध नभएसम्म दुनियाँको कुनै कानूनी सुधारले पनि उनीहरूलाई समान तुल्याउन सक्दैन। त्यसैले मुख्य कुरा श्रमिक महिलाहरुलाई उनीहरूको अन्यायपूर्ण र असमान जीवन स्थितिबारे जागृत गर्नु हो। जागृत महिलाहरूले सुतिरहेकालाई निन्द्राबाट ब्यूँझाउनु हो। जब जागृत शोषित महिलाहरू आपसमा मिलेर संघर्ष शुरु गर्छन्, दुनियाँको कुनै शक्तिले पनि अहिलेको असमानतालाई टिकाउन संभव हुने छैन।

अहिले देशमा एमालेको सरकार आएको छ। यसले चुनावी अभियानमा नारी र पुरुषबीच हरेक क्षेत्रमा समानता ल्याउने घोषणा गरेको छ। अब खाँचो छ- राजनीतिक प्रतिबद्धताको।

यदि एमालेमा राजनीतिक प्रतिबद्धता छ भने- नेपालका असंख्य खेतीहर श्रमिकहरूले समानताको हक पाउने स्थिति अब आएको छ। समान कामको लागि समान ज्याला व्यवहारमा कार्यान्वयन गर्ने बेला अब आएको छ। महिलाले पनि पुरुषसरह समान हक र अवसर पाउने बेला आएको छ।

यसका निम्ति विद्यमान कानूनमा सुधार त हुनै पर्छ। तर त्यतिमा मात्र सीमित हुनु विगतको गल्ती दोहोर्‍याउनु मात्र हुनेछ। मुख्य रूपमा राज्यको प्रभावकारी सञ्चार संयन्त्र प्रयोग गरेर असंख्य श्रमिक महिलाहरुलाई जागृत गर्ने कार्यक्रम थालिनु पर्छ। रेडियो, टी.भी., भिडियो, फिल्म, पत्रिका सबै यसका साधन हुनसक्छन्। श्रमिक महिलाहरू जागृत र संगठित भएमा नै प्रजातन्त्र श्रमिक महिलाहरुसम्म पुग्न सक्छ र त्यो दीगो हुन सक्छ। नत्र प्रजातन्त्र फेरि पनि संविधानको पातोमै कैद हुनेछ, जसरी यसअघि भइरहेको थियो। ग्रामीण खेतीहर महिलाहरूसम्म प्रजातन्त्र कहिल्यै पुग्ने छैन।

❑ ❑

## न्यायपालिकामा महिला सहभागिता, २०४८

| | |
|---|---|
| ० वरिष्ठ अधिवक्ताहरु मध्ये महिला | ३.३ प्रतिशत |
| ० अधिवक्ताहरुमध्ये महिला | ४.१९ प्रतिशत |
| ० अभिवक्ताहरुमध्ये महिला | २.६ प्रतिशत |
| ० जिल्ला न्यायाधीशहरुमध्ये महिला १ जना | १.३ प्रतिशत |
| ० सर्वोच्चका न्यायाधीशहरुमध्ये महिला | ० प्रतिशत |

स्रोतः सर्वोच्च अदालत तथा INSEC , मानव अधिकार वर्ष पुस्तक १९९३



## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा विशेष

# "क्यूबामा तपाई जतासुकै जानुहोस्, महिलाहरूले उच्च ओहोदा सम्हालिरहेको भेट्नु हुनेछ ।"

**क्यूबाली राजदूत**
**श्रीमती लिक् भोल्गा चमारो ट्रियस्‌सँगको ताजा अन्तर्वार्ता**

**क्यूबा त्यो देश हो, जुन आकारमा धेरै सानो छ, तर त्यसले समाजवादअन्तर्गत हासिल गरेका उपलब्धिहरू भने साना छैनन् । ती विशाल छन् । महिलाहरुको क्षेत्रमा त्यसले हासिल गरेको उपलब्धि त्यसको एउटा ज्वलन्त नमूना हो । सामाजिक न्याय र समताको हिसावले क्यूबाली महिलाहरूले अमेरिकालाई पनि पुङ्को सावित गरेका छन् । अवसर पाएमा राजनीतिमा र नीति निर्माणको हरेक प्रक्रियामा महिलाहरूले पनि उल्लेखनीय सहभागिता देखाउन सक्छन्- त्यसको टड्कारो उदाहरण क्यूबा हो । गत महिना क्यूबाली विदेश मन्त्री नेपाल आउनु भएको थियो । उहाँका साथमा भारत र नेपालको लागि क्यूबाली राजदूत पनि साथै आउनुभएको थियो । प्रस्तुत छ- क्यूबाली राजदूत श्रीमती लिक भोल्गा चमारो ट्रियस्‌सित हामीले लिएको विशेष अन्तर्वार्ता !**

**० क्यूबामा समाजवाद आएको ३५ वर्ष भो । यो बीचमा क्यूबाली महिलाहरूले पुरुषको तुलनामा कत्तिको समानता हासिल गरेका छन् ?**

- क्यूबामा अहिले कुल श्रमशक्तिमध्ये ३७ प्रतिशत महिलाहरू छन् । कुल श्रमशक्ति मध्ये ६५ प्रतिशत दक्ष श्रमशक्ति महिलाहरू नै छन् । दक्ष श्रमशक्ति भन्नाले डाक्टर, पाइलट, इन्जिनियर, बैज्ञानिकहरू, प्रोफेसरहरू, अधिवक्ताहरू आउँछन् । यो तथ्यांक आफैंले क्यूबामा महिलाहरूले क्रान्तिपछि कत्तिको समानता हासिल गरेका छन्, त्यो निकै मात्रामा प्रष्ट पार्छ ।

१ करोड १० लाख जनसंख्या भएको सानो मुलुक क्यूबामा अधिकांश महिलाहरू काम गर्दछन् । सम्पूर्ण महिलाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएका छन् । यो यस कारणले संभव भएको छ कि क्यूबामा शिक्षालाई निःशुल्क र अनिवार्य बनाइएको छ । शिक्षा प्राप्त गर्ने समान अवसरले गर्दा थुप्रै महिलाहरू डाक्टर, वैज्ञानिक, राजनीतिज्ञ, वकील हुन सकेका छन् । हाम्रो देशमा तपाई उच्च ओहोदाहरूमा समेत थुप्रै महिलाहरू पुगेको पाउनुहुन्छ । मन्त्रीहरूमा, राजदूतहरूमा, सांसदहरूमा, आर्थिक सल्लाहकारहरूमा समेत थुप्रै जना महिलाहरू छन् । विश्वका विभिन्न भागमा १२ जना राजदूत त महिलाहरू नै छन् । देशभित्र परराष्ट्र मन्त्रालयमा काम गर्ने दूतहरूसमेत मिलाउँदा हामी महिला राजदूतहरू नै २० जना छौं । तपाई क्यूबामा जतासुकै जानुहोस्, महिलाहरूले उच्च ओहोदा सम्हालिरहेको भेट्नु हुनेछ, पुरुषसरह समान अधिकार र अवसर प्रयोग गरिरहेको भेट्नु हुनेछ । हाम्रो पार्टी र सरकारको विश्वास के छ भने, महिलाहरूको सहभागिताबिना कुनै समाज पनि अघि बढ्न सक्दैन । समाजको विकास गर्ने हो भने केटाहरूको साथ-साथै केटीहरूलाई पनि समान रुपमा शिक्षित पार्नुपर्ने हुन्छ । अन्यथा, सामाजिक अन्याय मात्र हुने होइन, दक्ष जनशक्ति हुनसक्ने आधा जनसंख्या त्यो हुनबाट बंचित हुनेछ । यो भनेको देशकै नोक्सानी हो ।

**० महिलाहरूलाई घरेलु दासताबाट बाहिर निकाल्न तपाईको देशमा के प्रबन्ध गरिएको छ ?**

- हाम्रो देशमा त्यसको लागि निकै बलियो संरचना तयार गरिएको छ । बोर्डिङ्ग स्कूल, नर्सरी र शिक्षाको संरचनालाई निकै बलियो बनाइएको छ । बच्चा भएका महिलाहरूले पनि घर बाहिर काम गर्न सकून भनेर निकै दक्ष जनशक्तिले लैश भएका नर्सरीहरू राज्यद्वारा देशभर खोलिएका छन् । बाहिर काम गर्न जानुछ भने तपाई आफ्नो सानो बच्चालाई बिहान ८ बजे नर्सरीमा छोड्न सक्नुहुन्छ र साँझ ५ बजे आएर



# महिला– समानताको नमूना : क्यूबाली महिलाहरू !

घर लान सक्नुहुन्छ । नर्सरीमा तीन महिनादेखि ५ वर्षसम्मका बच्चाहरुलाई राख्न सकिन्छ । ५ वर्षदेखि प्राइमरी स्कूल शुरु हुन्छ, खाना र खाजा सारा स्कूलमै दिइन्छ । तपाई यसको निम्ति घर आइराख्नै पर्दैन । तपाईको बच्चा सडकमा जाला, लड्ला, नपढ्ला, विरामी होला भनेर कुनै आमाले पनि फिक्री लिनुपर्दैन । हामीकहाँ स्वास्थ्य उपचारको पनि निकै बलियो संरचना छ । खानेकुरा चाहिं क्यूबामा धेरैजसो घरमा नै खाइन्छ । लोग्ने स्वास्नी मिलेर पकाइन्छ । घर धन्दा स्वास्नी मान्छेले मात्र गर्नु पर्दैन । तपाईं मन्त्री हुनुहोस् वा राजदूत, घरको काम श्रीमान श्रीमती मिलेर बाँडचुड गर्नै पर्छ । घरमा नोकर राख्ने व्यवस्था हाम्रो मुलुकमा छैन ।

गएको ३० वर्षमा पुरुषहरूको मानसिकतामा पनि धेरै परिवर्तन आएको छ । अब त्यहाँ लोग्नेमान्छेहरू पनि घर धन्दाको काम महिलाले सरह बाँडचुँड गर्ने हदसम्म सचेत भएका छन् । यही नै रहस्य हो, जसको कारणले क्यूबामा महिलाहरू काम गर्नका लागि घर बाहिर निक्लन सकेका छन् र ठूला-ठूला ओहोदमा समेत पुग्न सकेका छन् ।

**० सम्पत्तिको अधिकार चाहिं महिलाहरूले कत्तिको पाएका छन् नि क्यूबामा ? के त्यहाँ महिलाहरू समान सम्पत्तिको अधिकार पाउँछन ? नेपालमा त त्यस्तो अधिकार छैन !**

- क्यूबामा विशेष पारिवारिक कानून छ । सम्पत्ति सम्बन्धी सबै कुरा यही कानूनले व्यवस्थित गरेको छ । यो कानून १९७८ मा ल्याइएको थियो । सम्पत्तिको र पैत्रिक सम्पत्तिको समान अधिकार त महिलालाई क्यूबामा क्रान्तिअघि पनि थियो । तर क्रान्तिपछि सबै क्षेत्रमा बाँकी बचेका असमानतालाई पनि खत्तम पारिएको छ । केही सीमा र दोषहरू, जो पहिलेको कानूनमा थिए, तिनलाई अहिले हटाइएको छ ।

**० के बिवाह अघि छोराछोरीले समान रूपमा बाबु आमाको सम्पत्ति पाउँछन् क्यूबामा ?**

-निश्चय नै । क्यूबामा छोरा र छोरीलाई केही कुरामा पनि भेदभाव गरिन्न ।

**० अनि बिवाहपछि नि ?**

- विवाहपछि पनि तिनले समान रूपमा बाबुको सम्पत्ति पनि पाउँछन र श्रीमानको पनि । दाइजो प्रथा क्यूबामा छैन । कोही विधवा भयो भने उनले आफ्नो केटाकेटीको साथसाथ श्रीमानको सम्पत्तिको अधिकार पाउँछिन । उता माइतमा बाबुआमा मरे भने विवाहित भइसकेपछि पनि उनले छोरासरह बाबुआमाको सम्पत्तिबाट अंश पाउँछिन ।

**० सरकार र पार्टीमा महिलाहरूको सहभागिता कस्तो रहेको छ नि ?**



- खुद संख्या मलाई अहिले हेक्कामा रहेन । विज्ञान सम्बन्धी मन्त्री, वातावरण सम्बन्धी मन्त्री, महिला नै छन् । पार्टी केन्द्रीय समितिमा थुप्रै महिला सदस्यहरू छन् । पोलिटब्यूरोमा २ जना त महिला सदस्य नै छन् । मन्त्रीहरू चाहिं ४ जना भन्दा कम छैनन् ।

**० के नीति निर्णय गर्ने हरेक ठाउँमा महिलाहरूको सहभागिता समान रूपमा भएको मुलुकको रूपमा क्यूबाले आफूलाई दावा गर्न सक्छ ?**

- तपाईले के हेक्का राख्नु पर्छ भने, क्यूबा त्यो देश हो, जहाँ पुरूष र महिलाको बीचमा कुनै क्षेत्रमा पनि केही भेद राखिन्न । नीति निर्णय गर्ने हरेक ठाउँमा महिलाहरूको पहुँच छ । त्यहाँ महिलालाई नागरिकका रूपमा गनिन्छ, स्त्रीका रूपमा होइन । कुनै कानून, संविधान संशोधन पास हुनुअघि त्यो छलफलका लागि हामीकहाँ पनि आउँछ । पुरूषसँगसँगै हामी त्यसबारे छलफल चलाउँछौं । हाम्रो देशमा त्यस्तो कुनै सामाजिक गतिविधि हुँदैन, जसमा महिलाहरू समान रूपमा भाग नलिऊन् ।

**० अनि ज्याला र तलबमा नि ?**

- ज्याला र तलब त्यहाँ महिलाहरूले पनि त्यति नै पाउँछन् जति पुरूषले पाउँछन् । त्यो मामलामा त्यहाँ कुनै भेदभाव छैन ।

**० पूँजीवादी देशहरूको तुलनामा क्यूबाले महिलाको हक र प्रगतिको संबन्धमा हासिल गरेको उपलब्धि उल्लेख गर्नुपर्‍यो भने तपाई कुन उपलब्धिलाई गौरबसाथ उल्लेख गर्नुहुन्छ ?**

- त्यस्तो उल्लेख सबै फाँटमा भएको उपलब्धिलाई लिएरसमेत गर्न सकिन्छ । थुप्रै पूँजीवादी देशहरूमा महिलाहरूलाई समान अधिकारको कानूनी घोषणा गरिएको छ । तर व्यवहारमा महिलाहरूले त्यो अधिकार अभ्यास गर्न पाएको देखिन्न । महिलाहरू पूजीवादी मुलुकहरूमा पनि उच्च पदमा पुगेका छन, तर ती सारै थोरै छन, अल्पसंख्यक छन् । क्षमताअनुसार, योग्यता अनुसार काम दिने भनिएको छ, तर वास्तविक व्यवहारमा सकेसम्म नारीलाई पाखामा पारिन्छ । महिलाहरू कति शिक्षित छन् र शिक्षाको समान अवसर पाएका छन्, उच्च ओहोदाहरूमा महिलाहरूको पहुँच कतिको छ, त्यो हेर्ने हो भने त्यहाँ महिलाहरूले समान अवसर र अधिकार पाएको पाइन्न ।

तर म गौरबसाथ भन्न सक्छु- क्यूबामा त्यस्तो छैन । क्यूबामा महिलाहरूलाई पुरुषसँग काँधमा काँध मिलाएर देश चलाउने अधिकार छ । उनीहरूलाई कुनै पनि महत्वपूर्ण पदमा आसीन हुने अवसर छ । क्यूबामा रहेको कुनै पनि कानून, कुनै पनि महत्वपूर्ण निर्णय महिलाहरूको सहभागिताविना पास हुने गर्दैन । त्यसैले म गौरवसाथ भन्न सक्छु- क्यूबामा महिलाहरूले वास्तविक रूपमा समानता पाएका छन् ।

**० को हुन तपाईको देशका प्रशिद्धहरू महिला नेतृहरू ? केहीको नाम तपाई उल्लेख गर्न सक्नुहुन्छ ?**

- धेरै पहिलेदेखि हामीकहाँ प्रशिद्ध वीरांगनाहरू रहेका छन् । तपाईले हालैका नेतृहरु सोध्नुभएको हो भने बिल्मा एस्पीन त्यस्ता नेतृमध्ये एक जना हुनुहुन्छ, जसले क्यास्त्रोसँगसँगै गुरिलायुद्ध लड्नुभएको थियो । सेलिया सांचेज्, मेल्ला हर्नाण्डिज् पनि प्रशिद्धहरु महिला नेतृहरू हुनुहुन्छ । बिल्मा एस्पीन त अहिले पनि महिला संघको अध्यक्ष हुनुहुन्छ ।

❑ ❑

**आगामी अंकमा**

- क्यूबाली राजदूतसँग क्यूबाको राजनीतिबारे लिइएको विशेष अन्तर्वार्ता
- क्यूबाली क्रान्तिका नायक क. फिडेल क्यास्त्रोको अन्तर्वार्ता
- म्याकनमाराद्वारा समेत प्रशंसित क्यूबाली विकासको झलक
- साथमा, क्यूबा सम्बन्धी जानकारी-मूलक र विचार निर्माणकालागि उपयोगी सामग्री सहित

**विश्व कम्युनिष्ट आन्दोलन**

## समाजवादी बाटो छोड्यो भने महिला अधिकारमा कति फरक आउँछ ?

यो तथ्यांक हेर्नुहोस् र आफै विचार गर्नुहोस् !

| समाजवादी बाटो समाति रहँदा महिला सांसदहरूको प्रतिशत १९७५ मा | समाजवाद ढलेपछि महिला सांसदहरूको प्रतिशत १९९१ मा |
|---|---|
| अल्वानियामा- २३ प्रतिशत | ४ प्रतिशत |
| हंगेरीमा- २९ प्रतिशत | ७ प्रतिशत |
| पोलैण्डमा- १६ प्रतिशत | ९ प्रतिशत |
| | १४ प्रतिशत |

यो तथ्यांकले देखाएको छ-

समाजवाद ढल्नु भनेको महिला अधिकार ढल्नु पनि हो ।

समाजवाद अघि बढ्नु भनेको महिला अधिकार बढ्नुले पनि हो ।

तथ्यांक स्रोत : UNICEF, The Progress of Nation, 1991

# विश्वका श्रमिक महिलाहरू के पुरूषभन्दा कम काम गर्छन् ?



विश्व भरिमा नै महिलाहरू पुरुषभन्दा आर्थिक रुपले सक्रिय छन् !

**म**हिलाहरू पुरूषभन्दा कम काम गर्छन, त्यो होइन। वास्तविकता के हो भने, उनीहरूले गरेको श्रमको योगदानको कुनै गणना नै गरिँदैन। न त सरकारले तथ्यांक बटुल्दा उनीहरूको योगदानको हिसाब किताब राख्छ, न उनीहरूको घरेलु श्रमको कारणले फुक्का हुन सकेका कमी-कमाउ पुरूषहरूले महिला-श्रमको कारणले नै आफूले विकास गर्न सकेको कुरा स्वीकार्छन्।

अध्ययनबाट के पाइएको छ भने, अफ्रिका र एशियामा महिलाहरू पुरूषभन्दा बेसी काम गर्छन। एक हप्तामा उनीहरूको श्रम पुरूषको भन्दा झण्डै १३ घण्टा बेसी हुने गर्छ।

ल्याटिन अमेरिकामा महिलाहरू र पुरूषको तुलनामा महिलाको हप्तामा ६ घण्टा बेसी श्रममा योगदान हुने गर्छ। पश्चिम यूरोपमा फरक ५ देखि ६ घण्टाको छ। जापानमा २ घण्टाको।

पूर्वी यूरोपकै कुरा गर्ने हो भने पनि त्यहाँ महिलाहरूले पुरूषभन्दा हप्तामा करीव ७ घण्टा बेसी श्रम गर्ने देखिएको छ। रूसमा पनि ठीक यही अनुपातमा महिलाहरु बेसी श्रम गर्ने गर्छन्।

यी तथ्यांकहरूले के देखिएका छन् भने, विश्वका सबै समाजहरूमा महिलाहरूले पारिवारिक र आर्थिक जीवनमा पुरूषहरू भन्दा बेशी योगदान गर्छन्।

अझ विकासोन्मुख मुलुकहरूमा त पारिवारिक र आर्थिक जीवनमा महिलाहरूको श्रममा योगदान पुरूषको भन्दा धेरै बेसी हुने गरेको छ। के जगजाहेर छ भने, सबै विकासोन्मुख समाजहरुमा पानी ल्याउने,दाउरा घाँस बटुल्ने, खाना पकाउने, भाँडावर्तन र लुगा धुने, घर कम्पाउण्डको सरसफाई गर्ने, बजारमा किनमेल गर्न जाने, बिरामी र बूढाहरूको सेवा सुश्रुषा गर्ने तथा बच्चाहरू हुर्काउने- यी सारा कामहरू धेरैजसो महिलाहरूले नै भ्याउँछन्। हालै के पनि पत्तो लागेको छ भने- माथिका सबै काम भ्याएर पनि महिलाहरू प्रत्यक्ष कृषि उत्पादनमा पनि त्यत्तिकै सरीक छन्। विकासोन्मुख मुलुकहरूमा खाद्यान्न उत्पादन, तिनीहरूको रखन-धरन र बेचबिखनमा महिलाहरूको योगदान पुरूषभन्दा बेसी छ।

> राज्यले सार्वजनिक शिशु-स्याहार केन्द्र खोलेर, सार्वजनिक भोजनालय र धुलाइ-घर खोलेर महिलाहरूलाई अनुत्पादक कामबाट बाहिर ल्याउन सक्छ।

त्यसैले समस्या यो होइन कि - विश्वका श्रमिक महिलाहरू घरेलु आम्दानीमा पुरूषभन्दा कम योगदान गर्छन्। समस्या यो हो कि- उनीहरूको योगदानलाई सामाजिक मान्यता प्राप्त छैन। महिलाहरूले गर्ने धेरैजसो कामलाई आर्थिक हिसावले अनुत्पादक ठानिन्छ। त्यसैले सरकारले तथ्यांक संकलन गर्दा- आर्थिक रूपले सक्रिय जनसंख्यामा पुरूष नै बेसी भएको तथ्यांक अघि सारिन्छ। महिलाहरूलाई जहिले पनि पुरूषभन्दा आर्थिक रूपले कम सक्रिय देखाइन्छ। यथार्थ भने त्यसको ठीक उल्टो छ। विश्वभरिमा नै महिलाहरू पुरूषभन्दा आर्थिक रूपले बेसी सक्रिय छन्। तर फरक कहाँ परेको छ भने - प्रत्यक्ष आर्थिक आम्दानी हुने धेरैजसो कामहरू पुरूषहरू गर्छन्। महिलाहरू काम त बेसी गर्छन तर तिनीहरूबाट प्रत्यक्ष रूपमा आर्थिक आम्दानी या त हुने नै गर्दैन, या त कम हुन्छ। एक छिन कल्पना गरौं - महिलाहरूले खाना पकाएनन्, पानी ल्याएनन्, घरको सरसफाइ गरेनन्, लुगा धोएनन्, बच्चा र बिरामी स्याहारेनन्- भने पुरुषहरु कसरी प्रत्यक्ष आम्दनी हुने काम गर्न सक्छन् ? यसको लागि उनीहरुले अरु नै कोही मान्छे राख्नु पर्‍यो भने उनीहरुको आम्दानीको कति भाग त्यो काम गर्नेलाई दिनु पर्छ ?

त्यसैले संघर्ष गर्नु परेको छ- महिलाहरूले घरेलु आम्दानीमा गरेको योगदानको सामाजिक मान्यताको लागि। साथसाथै यो पनि जरुरी छ कि- यस्तो प्रत्यक्ष रुपले आम्दानी हुने कामबाट महिलाहरू बाहिर निक्लून्, आर्थिक रुपले प्रत्यक्ष आम्दानी हुने श्रममा भाग लिऊन्, ती काममा पुरुषहरूलाई पनि उत्तिकै सरिक गराउन प्रयत्न गरुन्।

राज्यले सार्वजनिक शिशु-स्याहार केन्द्र खोलेर, सार्वजनिक भोजनालय र धुलाइ-घर खोलेर महिलाहरूलाई अनुत्पादक कामबाट बाहिर ल्याउन सक्छ। खानेपानीका धाराहरू घरघर पुर्‍याएर र तम्तयारी खानाका प्याकेजहरू उत्पादन गरेर पनि महिलाहरूलाई प्रत्यक्ष आम्दानी हुने काम गर्न बाहिर निस्कने अवसर प्रदान गर्न सकिन्छ। क्यूवा र उत्तर कोरियाको अनुभव यसको प्रत्यक्ष उदाहरण हो। त्यहाँ राज्यले महिलाहरूलाई चुल्हा-चौकाबाट निकाल्न यिनै उपायहरू अप्नाएको छ। ❑

तथ्यांक स्रोत : UNICEF
The Progress of Nations, 1991

## महिला श्रमिकहरू हो, यो तथ्यांक गौड गरेर हेर्नुहोस्–

**श्रममा महिलाहरूको योगदान कति छ ?**

हप्तामा महिलाहरु पुरुषभन्दा यति घण्टा बेसी काम गर्छन् !

एशीयामा- १३ घण्टा बेसी
अफ्रिकामा- १३ घण्टा बेसी
पश्चिमी यूरोपमा ५ देखि ६ घण्टा बेसी
पूर्वी यूरोपमा- ७ घण्टा बेसी
ल्याटिन अमेरिकामा- ६ घण्टा बेसी

**राजनीतिमा महिलाहरूको सहभागिता कति छ ?**

राष्ट्रिय संसदमा महिला सांसदको प्रतिशत यति छ !

सबै सांसदहरू मध्ये
एशियामा महिला सांसद- १३ प्रतिशत
सव-सहारा अफ्रिका- ९ प्रतिशत
अमेरिका (उत्तर दक्षिण दुवैमा)- १२ प्रतिशत
यूरोपमा- १३ प्रतिशत
प्रशान्त क्षेत्रमा- ६ प्रतिशत
अरब राज्यहरूमा- ४ प्रतिशत
**विश्वको औसत- ११ प्रतिशत**

**यो तथ्यांकले देखाएको छ-**

महिलाहरू संसारभरि श्रममा पुरुषभन्दा धेरै बेसी योगदान गर्छन्, तर राजनीतिमा भाग लिने अवसर पुरुषभन्दा धेरै कम पाउँछन् !

तथ्यांक स्रोत : UNICEF. The Progress of Nations, 1991

## नेपालमा प्रशासनको नीति निर्णय हुने ठाउँमा महिला सहभागित्ता

% मा

- शाखा अधिकृतहरुमध्ये महिला- ५.५
- सहायक सचिवहरुमध्ये महिला- ६.२
- सह सचिवमध्ये महिला - ६.३
- अतिरिक्त सचिवमध्ये महिला - ०

स्रोत - INSEC
मानव अधिकार वर्ष पुस्तक, १९९३

"... म त मेरै लोग्ने हो भनेर झुक्किएँ र सर्वाङ्ग सुम्पिएँ"

"... मेरी स्वास्नी-लाई हातपात गर्ने वदमासलाई जावो १ हजार जरीवानाले मात्रै त अलिक पुग्दैन्, बरू २ हजार जति मिलाईदिनुस्"

# श्रमिक महिला दिवसले यी नारी पात्रलाई संझन्छ कि संझदैन ?

**शरद पौडेल**

यस पटक फेरि पनि म अछुत (?) बस्ती कै बारेमा लेख्न खोजिरहेछु ।

खै ! बस्ती पनि के भनुं , ढुंगाको ओतमा दाँयाबाँया स्याउलाले बारेका ८/१० घरहरु, पूर्णतः सुकुम्वासीका घरहरु, नेपालभित्रैका तर नागरिकताविहीन नागरिकहरु,बग्रेल्ती वच्चा वच्चीहरुको खेती गरिरहेको परिचयहीन बस्ती, दमाईहरुको बस्ती । पर्वत जिल्लाभित्र अग्लो महाभारतीय लेकको काखैमा छ - यो बस्ती । मान्छे वन्ने रहर पनि ओइलाइएका, निराशाका प्रतिमूर्तिहरु बोकेर बाँचेको यो बस्ती ।

खै ! वरपरका गाउँलेहरु भन्छन् - धेरैपल्ट यो बस्तीको अस्मिता वलात्कृत भएको छ, रगताम्य भएको छ, तर पनि यो बस्ती ब्युंझदैन । धेरै पल्ट लात्ती बज्रेको छ यस वस्तीको तालुमा ठालुको, तर पनि यो बस्ती ऐंया, आत्थो गर्दैन । बरु खपिरहेछ लात, बात र गालीहरु र थपिइरहेछन् यसमाथिका वलात्कार, लुछ्तु र चिर्थोनुहरु ।

वस्, यही बस्तीभित्रको यौटा सानो सन्दर्भलाई अब म अगाडि बढाउने छु ।

झुकझुके उजेलामै एउटी महिला सानी ४ महिनाकी बालखालाई पिठयूँमा बोकेर हतार हतार माथ्लो गाउँमा आइन् । आँखाभरि आशु पार्दै घुक्क घुंक्क रुदै गाउँलेहरुसंग उनले बेलीबिस्तार लगाइन-

"गएको राती छिमकी गाउँकै कुनै यौटा पुरुष उनको घरमा पस्यो । गाउँतिर डुल्न गएको आफ्नै लोग्ने फर्केर आएको होला भन्ठानेर उनले कुनै वास्ता गरिनन् । चुक घोप्टयाए जस्तो अंधेरोमा उक्त पुरुषले उनलाई आफूतिर तान्यो । उनले आफूलाई उक्त पुरुषसामु सर्मपण गरिन ।

"पुरानो पर्धान विष्टकाँ जाऊँ न, अहिले त कमनिष्ट पनि भा छन्, गरीवको निसाप् त उनैले पो गर्छन त" ।

एकै छिनपछि उक्त पुरुष घरबाट बाहिरियो र केही बेरसम्म आएन, उनलाई शंका लाग्यो र उठेर घर बाहिर आइन । अलिक पर यौटा टर्च लाइटको उजेलो पर जांदै थियो । उनी पनि हत्त न पत्त त्यही उजेलोलाई पछ्याउन थालिन, अलिक पर पुगेपछि उजेलो टक्क अडियो । त्यही मौकामा उनले उजेलो लिनेलाई समातिन् र दबलफसल गरिन्, तर त्यो पुरुष गलेन । उनी राति नै घर फर्किन ।"

यो वृतान्त उनकै हो । उनी गाउँलेहरुसंग न्यायको लागि हार गुहार गरिरहेकी थिइन् । एकै छिनपछि उनकै लोग्ने पनि त्यहाँ आइपुग्यो र न्यायको लागि अनुरोध गऱ्यो । एक कान दुइ कान हुँदै हल्ला गाउँभरि फैलियो । जुटे, पुरुषहरु, महिलाहरु जुटे । तर के गर्ने भन्नेबारे सवै मौन बसे । किनकि त्यो जुटाइमा जुट्नेहरु सवै अछुतहरु थिए । मतलव - निसाप् गर्न नसक्ने भनिनेहरु, विवेकहीन ठानिएकाहरु ।

भीडको मौनता चिर्दै कसैले भीडबाटै प्रस्ताव राख्यो - "पुरानो पर्धान विष्टकाँ जाऊँ न, अहिले त कमनिष्ट पनि भा छन्, गरीवको निसाप् त उनैले पो गर्छन त" ।

भीडबाट कसैले तत्काल प्रतिवाद गऱ्यो - "के भन्छस् ए... को जान्छ त्यस भाइमारा काँ, तेस्कीमा फटाहा ... ।"

भीड एकैछिन मौन भयो । पुनः भीडबाटै कसैले प्रस्ताव राख्यो- " हैन हैन, अहिलेकै पर्धानकाँ जाऊँ, उनी पो खास मान्छे हुन् त " बोली झर्न नपाउँदै विरोध आइहाल्यो- "हुँदैन हुँदैन, त्यो त कांकरेस हो, त्यस्ले त बिताउँछ है । हाम्ले भोट दिएनौं भनेर रिसाइ राख्या 'छ । यस्ता बेलाँ फेला पाऱ्यो भने त निर्चोनु सम्मन् निर्चोछ' ।"

भीडमा ठूलै खलवल मच्चियो ।

यही खलवलकै वीचबाट यौटा मसिनो तर चर्को आवाज आयो 'यो हामी आइमाईको समस्या हो, हामी नै छलफल गर्छौं, निसाप् गर्छौं' ।

सवैका आँखा आवाज आएतिर गए । यौटी पाकी काली आइमाई आँखा तिखारेर उभिइरहेकी देखिई । बिस्तारै अरु नारी आवाजहरु पनि सुनिन थाले - "हामी नै गर्छौं निसाप्, हामीलाई छोड्देऊ" ।

आइमाईलाई हेप्न पल्केको मर्द शिरले ओठ लेपाऱ्यो र केही पछि सऱ्यो । महिलाहरु झनै ताते, शंका लागेको पुरुषलाई पल्लो गाउँबाट झ्याईकुटी पारेर ल्याइयो ।

अब शुरु भयो- अदालत, विहानको करीव १० वजेतिरबाट ।

महिला अदालतले निसाप् माग्ने महिलालाई निकै बेर केरकार गरे । महिलाहरुकै भीडमा एक दुई यस्ता आवाजहरु पनि सुनिए - " यो आइमाई नै वेश्या हो, आफ्नो पुरुष र अर्को पुरुष पनि चिंनिदैन ? जति सुकै अंधेरो भए पनि आफ्नो /अर्को खुट्याउन त सकिन्छ ए !

भीड एकैछिन मौन बस्यो तर मौनता चिर्दै अर्का थरि महिला कराए- "के को दोष यस आइमाईको !! दोष त मध्येरातमा अर्काको घरघर चहार्दै अर्काकी स्वास्नी बिगार्ने यस नकच्चरोको नै छ । बरा ४ महिना पनि नपुगेकी सुत्केरीलाई



महिला अदालतको एक दृष्य

... । मुर्दार .... आफ्नै घरमा पनि स्वास्नी थिई ए ... त्यहीं मऱ्या भए पनि हुन्थ्यो नि ! यस पातकीलाई त नाङ्गै पारेर पानी सिस्नो ठोक्नु पर्छ" ।

अर्का थरि झनै कस्सिए - "के को पानी सिस्नो ? यसले अहिले मात्रै हो र यस्तो गरेको ? अब त हामी आइमाई कोही पनि चोखी नहुने भयौं, यस्ता गाउँ सिध्याउन खोज्नेलाई त हात खुट्टा भाचेर थन्काइदिन पर्छ "।

भीडमा ठूलै खलबल मच्चियो, सबैलाई शान्त पार्दै लुटिएकी आइमाईको लोग्नेले आफ्नो मत जाहेर गऱ्यो - "छोडिदेऊ दिदी वैनी हो, म यस कुकर्मीलाई चौकीमा लान्छु, उहीं पुलिसले ठीक गर्छ' ।"

बोली सिद्धिन पनि पाएको थिएन, काली आइमाईले आफ्ना हात उक्त पुरुषको नाकैसम्म लगी र लोप्पा ख्वाउदै बोली- "उइ'' लछाछे पुलीसले, नदेख्या, नजान्या पुलीस हो र ... ५/१० खान्छ छोड्दिन्छ ।"

यसरी नै संवाद भर दिन भर नै चलिरह्यो । सवांदको बीच-बीचमा यौटा नारी स्वर उँचो आवाजमा रुन्थ्यो । यसरी नै वीच वीचमा यौटा पुरुष आवाजको स्वास्नी छोड्ने धम्की सुनिन्थ्यो ।

दिउसोभरिजसो कारणी ठानिएको पुरुष मौन थियो । संवादको बीचबीचमा आइमाईहरुले उसको मुखैमा पर्ने गरी थुक्थे ।

बस्, यही क्रमबध्दताले थुप्रै समय लियो तर टुङ्गोको अत्तो पत्तो थिएन ।

अब शुरु भयो कानेखुसि ।

छेउछाउमा बसेका पुरुषहरु एक आपसमा कानेखुसी गर्न थाले, एकान्तमा बस्न थाले । हुन त अदालतका महिलाहरुले यस्तो कानेखुसीको विरोध गरे तर पनि भेलाका पुरुषहरुले कारणी पुरुष, लुटीएकी महिला र उनको लोग्नेसंग पनि कानेखुसी गऱ्यो । खै कानेखुसीमा के के कुरा भए त्यो त थाह छैन्, तर कानेखुसीका एक दुई चरण सिद्धिएपछि अदालतमा कानेखुसीको जन्मदाता जस्तो देखिने यौटा मोटे भद्दा पुरुषले नाकका रौं उखेल्दै आफ्नो प्रस्ताव राख्यो- "अब यसरी गल्याङ मल्याङ गर्दै कतिञ्जेली बस्ने, के को निसाप गर्न सक्छौ तिमी महिलाहरुले ? कुनै कुराको टुङ्गै छैन" ।

एक्कै छिन रोकिएर कारणी पुरुषतिर फर्केर हप्काएझैं भाषामा केही कुरा भन्यो र अन्त्यमा भन्यो- "ल भन् त बदमासी गर्ने होस् भने कति तिर्छस् ?"

कारणी ठानिएको मौन थियो । मोटेले फेरि लुटिएकी महिलातिर फर्केर करायो- "तँ पनि बदमास होस्, राति बिसेखमा आफ्नो लोग्ने घरमा नभएपछि रातभर वत्ती बाल्नु पर्दैन ?"

विचरी आइमाई रोई मात्रै ।

छेउमा कसैले झिनो स्वरमा मोटेलाई चुनौति गऱ्यो 'गरीवका घरौं के को सम्पति छ र रातभर बत्ती बाल्नु ?'

मोटेले यस भनाइको कुनै वास्ता गरेन र लोग्नेपट्टि फर्केर चिच्यायो- "घरौं एक्ली स्वास्नी छोडेर कौं रात बिताउन गाँथिस्, गल्ती तेरो पनि छ । अब जे हुनु भै गयो, लौं भन् तँ कति लिन्छस् त ?"

लोग्ने चाँहिले उँचै स्वरमा भन्यो- "अहँ हुदैन" तर तत्काल गम्यो र आफ्नी स्वास्नीतिर फर्केर भन्यो- "ऊ त्यसैलाई सोध्नूँ, त्यै रण्डीलाई थाह छ" ।

साँझ पर्नै थाल्यो । सबै हतारिए जस्ता देखिए । मोलतोल शुरु भयो । लुटिएकी आइमाईले प्रस्ताव राखी १० हजार । अदालतमा उपस्थित सवैले जिब्रो टोके । आइमाईले फेरि पनि भनी "१० हजार भन्दा त एक पनि कम हुन्न, कथमकाल मेरा लोग्नेले मलाई छाडे भने मैले पनि त यो बच्चालाई हुर्काउनै पर्छ नि ।"

अनुहारले लाटी लाटी देखिए पनि कुरा भने निकै वाठा र तर्कपूर्ण गरी त्यस आइमाईले । तर उसको भनाइको गहिराइलाई सोच्दै नसोची मोटेले प्रतिवाद गरिहाल्यो- "के को दश हजार, कस्ले दिन सक्छ दश हजार ...?"

फेरि एकान्त शुरु भयो । प्रत्येक पल्टको एकान्त र खासखुसले मोल घटाघट पनि शुरु गऱ्यो ८, ६, ४ हुँदै २ हजारमा मोल अड्कियो । निकै बेर गल्याङ मल्याङ सुनियो । बस् यहींनेर कारणी पुरुषले पहिलो पल्ट मुख फोऱ्यो, '२ हजार त हैन, एक हजारसम्म तिर्छु' ।

लुटिएकी आइमाई र उनको लोग्ने उफ्रिए- "तँलाई पातकी, गर्ने बेला कुर्कम गरिस् अहिले, सुख पाउँछु भन्याछस् १ हजारले ?"

रात पर्नै आटीसक्यो यति बेलासम्म अदालतका महिला आवाजहरु प्रायः मौन बस्न थालिसकेका थिए ।

लुटिएकी आइमाई र उसको लोग्ने भीडमा भलादमीसँग कमसेकम २ हजारसम्म दिलाइदिन अनुनय विनय गर्दै थिए । आँखाभरि यी दुई दम्पतीको आँशु थियो ।

फेरि एक पल्ट खासखुस एकान्त चल्न थाल्यो, यस पटकको एकान्त सल्लाहले अब अन्तिम फैसला ठोक्यो- "पन्ध्रसय" ।

सबै मौन बसे । कारणी पुरुष पक्षका आफन्तहरु पैसाको जोमेसोमा लागे, पैसा जुटाए र लुटीएकी आइमाईलाई दिए । यति बेला मौन देखिएका महिलाहरु एकै स्वरमा जोरले चिच्याए - "हुदैन, हुदैन" ।

सबै छक्क परे । काली आइमाईले अगाडि बढेर भनी- "यसरी हुँदैन, त्यस पातकीले यस आइमाईको खुट्टा ढोग्नु पर्छ र यो पैसा हातमा राखिदिनु पर्छ ।"

आखिर यसै भयो । तत्क्षण काली बुढीले २ खिली चुरोट झिकी । कारणी पुरुष र लुटीएकी आइमाईको लोग्नेलाई एक-एक वटा दिई र भनी- "लौ यो चुरोट एक आपसमा साटासाट गर र सल्काऊ" ।

अदालतमा चुरोटको धुंवा देखियो । सबै आँखाहरु युद्ध जिते झैं देखिए ।



*भन्नुहोस् तपाई आफै त्यस अदालतको न्यायाधीश भएको भए तपाई के फैसला गर्नु हुन्थ्यो ?*

'निसाप' आफ्नो पक्षमा नै भएको अरु सवैलाई लाग्यो तर खै किन हो लुटिएकी आइमाई भने एकनासले भुइँ कोट्याइरहेकी थिई ।

पाठकहरु ! माथिको सन्दर्भ कुनै कथिएको कथा होइन । यो व्यथा धौलागिरीतिरका ग्रामीण अछुत वस्तीहरुमा घट्ने गरेको यौटा यथार्थ हो ।

महिलाहरु होच्याइनु, लखेटिनु, बर्बाद गरिनु, चिथोरिनु, लुछिनु महिलालाई रुपैयामा अनुवाद गर्नु प्रायः यहाँको चलन हो । आफ्नो अस्मिताको भेउ नपाइरहेका यहाँका चेलीहरुलाई शहरमा सीमित नारीवादी आन्दोलनका योद्धाहरुको सन्देश के हो ? केही थाहा छैन ।

आफ्नो जीवन मूल्यबारे सोच्न नसकिरहेका यहाँका चेलीहरुलाई शहरमा मात्र सीमित शिक्षित नारीहरुको आह्वान के हो ? आफ्नो सिधा र सरल जीन्दगीलाई पनि पढ्न नभ्याइरहेका यहाँका चेलीहरुलाई शहरी भाषणमा सीमित दलगत नेतृहरुको आग्रह के हो ?

म विनम्रतापूर्वक सोध्न चाहान्छु ए नारी जागरणका हिमायतीहरु हो ! तपाईहरुले माथि उल्लेख गरे जस्तै जीन्दगीलाई देख्न पाउनु भएको छ कि छैन् ? यिनको विषयमा सोच्न भ्याउनु भएको छ कि छैन् ? भन्नुहोस् तपाई आफै त्यस अदालतको न्यायाधीश भएको भए तपाई के फैसला गर्नु हुन्थ्यो ?

प्रत्येक वर्ष शहरमा महिला दिवस मनाइन्छ । जुलुस, सभा, भाषण गोष्ठी आदि गरिन्छ तर भन्नोस् यो महिला दिवसले, अझ श्रमिक महिला दिवसले उल्लेखित नारी पात्रालाई संझन्छ कि संझदैन ? संझनु पर्ने हो कि होइन ?

❋

### नेपालमा महिला खेतीहर मजदूरहरु

२०४८/४९ सालमा

- आफ्नै जमीनमा काम गर्ने कुल खेतीहर मजदूरहरु - ७९ लाख १० हजार
  त्यसमध्ये कुल महिला खेतीहर मजदूरहरु - ३५ लाख ७० हजार
- अर्काको जमीनमा काम गर्ने स्थायी खेतीहर मजदूरहरु जम्मा - ३ लाख १ हजार ७००
  त्यसमध्ये स्थायी महिला खेतीहर मजदूरहरु - ७१ हजार ४००
- अरुको जमीनमा काम गर्ने खेतीहर किसान परिवारका महिला सदस्यहरु - ६ लाख ३८ हजार

स्रोतः केन्द्रिय तथ्यांक विभाग राष्ट्रिय नमूना कृषि गणना, २०४८/४९

# क्यूबा र उत्तर कोरियाको तुलनामा अमेरिका र जापानमा महिलाहरू कति समान छन् ?

— दीपक बैद्य





(माथि-जापानी महिला र तल अमेरिकी महिलाहरू)

**समाजवाद र पूँजीवादमध्ये कुन व्यवस्थामा महिलाहरू बेसी समानताको अधिकार पाउँछन् ?**

अमेरिका र जापान अहिले विश्वमै सबैभन्दा विकसित देश मानिन्छन् । अमेरिका त अझ मानव अधिकारको स्वयंघोषित "विश्व-प्रहरी" बनेको छ । कुनै देशसित कुनै कुरा आफ्नो स्वार्थ अनुकूलको लिनु छ भने उसले झ्याली पिट्छ - यो देशको मानव अधिकारको रेकर्ड खत्तम छ, त्यसैले त्यो रेकर्ड सुधार्दैन भने म यसलाई दिने सहायता रोक्छु ! यस्तो प्रतीत हुन्छ-पुराणको यमराज र चित्रगुप्तको जस्तो हरेक देशको मानव अधिकारको बही-खाता अमेरिकाले राख्ने गर्छ र हरेकलाई खाता पल्टाएर दण्ड सजाँय गर्ने हैसियत ऊसंग छ ।

तर अमेरिका स्वयम्‌को बही-खाता कस्तो छ ? त्यहाँका नागरिकहरू आफैंले कति मानव अधिकार हकभोग गर्न पाएका छन् ?

यो धेरैको लागि चाखको विषय हुन सक्छ । त्यसमाथि सबैभन्दा विकसित मध्येको माहिलो देश जापानको स्थिति पनि संसारभरि जिज्ञाषाको विषय बन्दैमा आएको छ ।

मानव अधिकारको एउटा महत्वपूर्ण पक्ष महिलाहरूको अधिकार हो । जुन देशमा महिलाहरू पुरूषसरह समान अवसर र अधिकारले सम्पन्न हुन्नन्, त्यहाँ आधा जनसंख्या त स्वत: मानव अधिकारबाट वञ्चित हुन्छन् नै । त्यसैले, महिला समानता मानव अधिकारको एउटा निर्णायक मापदण्ड हो ।

आउनुहोस्, आज हामी यही मापदण्डका आधारमा विश्व महाशक्ति अमेरिका र नयाँ उदाउँदो महाशक्ति जापानको मानव अधिकारको नापजोख गरौं ।

तुलनामा नै हरेक चीज बढी छर्लंग देखिन्छ । त्यसैले, यी अति विकसित पूँजीवादी मुलुकहरूमा महिलाहरूको स्थितिलाई तीभन्दा धेरै कम विकसित समाजवादी मुलुकहरु क्यूबा र उत्तर कोरियाको स्थितिसंग दाँजेर हेर्नु अरु बढी सान्दर्भिक हुन सक्छ । समाजवाद र पूँजीवादमध्ये कुन ब्यवस्थामा महिलाहरू बेसी समानताको अधिकार पाउँछन् ? - या कुरा बिना पूर्वाग्रह थाहा पाउन पनि यो तुलना धेरै उपयोगी हुन सक्छ ।

सबभन्दा पहिले हामी श्रममा महिलाहरूको सहभागिताबाटै कुरा थालौं ।

अमेरिकामा (१९९१ मा) कूल श्रम शक्तिमध्ये ४५ प्रतिशतमा महिलाहरू छन् । जापानमा ४१ प्रतिशत मात्र । तर दुई सय वर्षभन्दा बढी समयदेखि पूँजीवादको विकास भएका यी दुबै मुलुकहरूलाई यो मामलामा ५० वर्ष अघिदेखि मात्र समाजवादी बाटो समातेको उत्तर कोरियाले उछिनेको छ । उत्तर कोरियामा ४६ प्रतिशत श्रमशक्ति महिलाहरू छन् । ३६ वर्ष अघि मात्र समाजवादी बाटो समातेको क्यूबाले पनि यो मामलामा झण्डै झण्डै जापान र अमेरिकालाई भेट्टाउन खोजेको छ । त्यहाँ ३७ प्रतिशत श्रमशक्ति महिलाहरू छन् । अझ, दक्ष जनशक्तिमा त क्यूबाले पनि अमेरिका र जापानलाई पुड्को सावित गरेको छ । क्यूबामा दक्ष जनशक्ति मध्ये ५६ प्रतिशत महिलाहरू छन् ।

पुरुषको तुलनामा महिला श्रमशक्तिको दाँजो गर्ने हो भने पनि उत्तर कोरिया अमेरिका र जापानभन्दा माथि देखिन्छ । पुरुष श्रमशक्तिलाई १०० मान्ने हो भने अमेरिकामा महिला श्रमशक्ति १९९२ मा ८२ देखिन्छ र जापानमा ६९ मात्र तर उत्तर कोरियाको त्यही अनुपात ८५ छ ।

श्रमिकहरूको ज्यालाको मामलामा पनि यी दुई माना तर समाजवादी मुलुकहरूले घाघ-घाघ पूँजीवादी मुलुकहरू- अमेरिका र जापानलाई कता हो कता उछिनेका छन् । अमेरिकामा १९९२ मा उही कामको लागि एउटा पुरुष मजदूरले पाउने रकमलाई १०० डलर मान्ने हो भने महिला मजदूरले ७५ डलर मात्र ज्याला पाउने स्थिति थियो । त्यस्तै, जापानमा १९९० मा एउटा पुरुष मजदूरको मासिक आय १०० हुँदा महिला मजदूरको ५० मात्र मासिक आय हुने स्थिति थियो । तर उत्तर कोरिया र क्यूबामा भने महिला मजदूर र पुरुष मजदूरहरूले समान कामको लागि शत प्रतिशत समान ज्याला पाएको देखिन्छ । अर्थात्, पुरुषको १०० छ भने महिला मजदूरको पनि १०० नै मासिक ज्याला छ ।

त्यति धेरै विकसित पूँजीवादी मुलुकहरूमा श्रमशक्तिमा महिलाहरु किन पुरुषभन्दा निकै थोरै भए त ? किन त्यहाँ समाजवादी मुलुकमा जस्तो हुन सकेन ?

जापान सरकारद्वारा नै प्रकाशित The Japan of Today, 1993 लेख्छ - "पुरुषहरूले काम गर्नु पर्छ र महिलाहरू घरमै बस्नु पर्छ भन्ने विश्वास जापानी समाजमा अहिले पनि प्रवल छ । परिवार सम्बन्धी १९८६ को एउटा जनमत संकलन अनुसार ९० प्रतिशत भन्दा बेसी जवाफदाताहरूले के जवाफ दिए भने, बाहिर काम गरेतापनि घर-संभार गर्ने र बच्चाको स्याहार सुसार गर्ने कार्य महिलाहरूको कार्यक्षेत्र हो । त्यसैले काम गरीखाने बच्चाका आमाहरूमाथि निकै ठूलो कामको बोझ हुन जान्छ ।"

जापानी महिलाहरू विवाहअघि केही समय काम गर्छन्, विवाह भएपछि वा बच्चा भएपछि काम छोड्छन् र बच्चा ठूलो भएपछि फेरि काममा आउँछन् । त्यसैले, प्रशासन र व्यवस्थापनमा उच्च ओहोदामा पुग्ने महिलाहरू जापानमा सारै कम हुन्छन् । खालि ७ प्रतिशत प्रशासक र व्यवस्थापकहरू मात्र महिला छन् । बेसीजसो जापानी महिला

श्रमिकहरूले पार्ट टाइम काम गर्छन् । पार्ट टाइम काम गर्नेहरूको र लामो समय काम नगर्नेको ज्याला जापानमा निकै कम हुने गर्छ । यही कारणले जापानमा महिलाहरूको ज्याला कम हुने गरेको हो ।

यही हालत अमेरिकामा पनि छ । UNICEF द्वारा १९९१ मा प्रकाशित The Progress of Nations का अनुसार अमेरिकी श्रमिक महिलाहरू मध्ये ६० प्रतिशतको बच्चा जन्मिसकेपछि काम पाइरहने कुनै ग्यारेन्टी हुँदैन र उनीहरू कुनै सुविधा सहुलियत पनि पाउँदैनन् । अमेरिकाबाटै प्रकाशित The world Almanac and Book of Facts, 1994 का अनुसार अमेरिकाका संपूर्ण पार्ट टाइम काम गर्ने मजदुरहरू मध्ये ६६ प्रतिशत त महिलाहरू मात्र छन् ।

तर समाजवादी क्यूबा र उत्तर कोरियामा महिलाहरू सम्बन्धी यस्तो गलत र असमानतामूलक धारणा छैन । त्यसैले त्यहाँ अमेरिका र जापानभन्दा पनि बेसी मात्रामा महिला श्रमिकहरू श्रम शक्तिको रुपमा छन् र ज्याला पनि पुरुषको बरोबर छ । देशभरि राज्यले निःशुल्क रुपमा उच्च दक्षता प्राप्त जनशक्ति सहितको शिशु स्याहार केन्द्रको व्यवस्था गरिदिएकाले बच्चा भएका महिलाहरू पनि समान रुपमा बाहिर काम गर्न जान सक्छन् ।

अमेरिका त्यो मुलुक हो, जहाँ अहिलेसम्म पनि लिंगका आधारमा महिलाहरूमाथि कुनै भेदभाव गर्न नपाइने संवैधानिक व्यवस्था छैन । १९७२ मार्च २२ मा त्यहाँको सिनेटले अब उप्रान्त त्यस्तो भेदभाव गर्न नपाइने भन्ने प्रावधान संविधानमा संशोधन गरेर पास गर्न खोजेको थियो । सिनेटले ८ का विरुद्ध ८४ मतद्वारा त्यो प्रावधान पास त गऱ्यो । तर राज्यहरूले त्यसलाई अनुमोदन गरेनन् । १० वर्षपछि जुन १२, १९८२ मा संविधान संशोधनको त्यो प्रस्ताव नै पराजित भयो । अहिलेसम्म पनि, त्यसैले, लिंगको आधारमा पक्षपात गर्न अमेरिकामा संवैधानिक छूट छ ।

जापानले यो मामलामा अमेरिकालाई पछि पारेको छ । दोश्रो विश्वयुद्धपछि १९४६ मा लागू भएको त्यहाँको संविधानको धारा १४ ले लिंगको आधारमा कुनै नागरिकलाई पनि राजनीतिक, आर्थिक र सामाजिक भेदभाव गर्न नपाइने कुरा प्रष्ट उल्लेख गरेको छ, यद्यपि यो व्यवहारमा लागू भने भएको देखिन्न । जापान औद्योगिक देशहरूमध्ये महिलालाई सबभन्दा कम अनुपातमा ज्याला दिने देश हो ।

तर क्यूबा र उत्तर कोरियामा स्थिति भिन्नै छ । त्यहाँ क्रान्तिपछि बनेको संविधानले महिलालाई लिंगको आधारमा कुनै भेदभाव गर्न नपाइने कुरा शुरुदेखि नै स्पष्ट उल्लेख गरेको छ । व्यवहारमा पनि यो प्रावधान धेरै हदसम्म लागु भएको छ । श्रममा महिलाको अत्यधिक सहभागिता र ज्यालामा समानताको मामलामा त्यो लागु भएको कुरा त हामीले माथि चर्चा गरिसक्यौं ।

शिक्षा र राजनीतिमा महिलाहरूको सहभागिताको क्षेत्रमा पनि क्यूबा र उत्तर कोरियाले अमेरिका र जापानलाई निकै राम्ररी उछिनेका छन् ।

माध्यमिक शिक्षामा विद्यार्थी भर्नाको सवाललाई नै हामीले हेरौं । पुरुषको भर्नालाई १०० मान्ने हो भने अमेरिकामा माध्यमिक तहमा छात्राहरूको भर्ना १०१ छ र जापानमा १०२ । तर यही तहमा क्यूबाको छात्रा भर्ना ११७ छ । उत्तर कोरिया चाहिं अमेरिका र जापानको हाराहारीमा छ ।

महिला साक्षरताकै मामलामा पनि अमेरिकाबाटै प्रकाशित Britannica Book of the Year, 1994 का अनुसार अमेरिकाको महिला साक्षरता ९५.३ प्रतिशत छ । तर अमेरिकाले आर्थिक नाकाबन्दी गरेर हैरान पारेको समाजवादी मुलुक क्यूबामा भने महिला साक्षरता ९८ प्रतिशत छ ।

उच्च शिक्षामा महिलाहरूको शिक्षा प्राप्त गर्ने अवसर पनि अमेरिका र जापानमा भन्दा क्यूबामा कता हो कता बढी छ । UNDP Human Development Report, 1991 का अनुसार उच्च शिक्षामा पुरुषको भर्नालाई १०० मान्ने हो भने महिलाको भर्ना अमेरिकामा १०६ छ र जापानमा ७६ । तर क्यूबाले यसमा आश्चर्यजनक प्रगति गरेको छ । १९८७/८८ मै क्यूबाको यो अनुपात १४२ छ । जापानको भन्दा भण्डै दोब्बर बढी ।

राजनीतिमा महिलाहरूको सहभागिताको मामलामा त अमेरिका र जापान यी साना समाजवादी मुलुकभन्दा निकै धेरै पछिल्तिर देखिन्छन् । UNDP कै रिपोर्ट १९९४ का अनुसार १९९२का कूल सांसदहरूमा महिला सांसदहरूको अनुपात हिसाब गर्ने हो भने अमेरिकाको भन्दा उत्तर कोरियाको महिला सांसदहरूको अनुपात ठीक दोब्बर छ । अमेरिकामा कुल सांसदहरूमध्ये १० प्रतिशत मात्र महिला सांसद छन् । उत्तर कोरियामा २० प्रतिशत सांसद महिला छन् । क्यूबाको सांसद अनुपात त अझ त्यो भन्दा बेसी छ । क्यूबामा जापानको भन्दा भण्डै चार दोब्बर बेसी अनुपातमा महिला सासदहरू छन् । जापानमा सम्पूर्ण सांसदहरूमध्ये महिला सांसदहरु ६ प्रतिशत मात्र छन्, क्यूबामा २३ प्रतिशत ।





*अमेरिका र जापानमा भन्दा बढी अधिकार र स्वतन्त्रता उपभोग गर्न पाएका उ. कोरियाली (माथि) र क्यूबाली महिलाहरू (तल)*

यी सबै तथ्य तथ्यांकहरूले के देखाएका छन् भने - चाहे श्रममा महिला सहभागिताको सवाल होस् वा ज्यालामा समानताको, चाहे पुरुषसरह समान अधिकारको सवाल होस् वा राजनीति र शिक्षामा समान अवसरको सवाल, संसारका सबैभन्दा विकसित पूँजीवादी देशहरूभन्दा पनि अत्यन्त कम विकसित समाजवादी देशहरू नै धेरै अगाडि छन् । महिलाहरूलाई समानताको अधिकार र अवसर दुबै पूँजीवादमा भन्दा समाजवादमा ज्यादा उपलब्ध छ । अर्थतन्त्रको र ज्ञान विज्ञानको विकासको मामलामा अमेरिका र जापानको तुलना क्यूबा र उत्तर कोरियासित हुन सक्दैन । उनीहरू यसमा धेरै अगाडि छन् । तर सामाजिक न्याय र समताको मामलामा नि ?

> **शिक्षा र राजनीतिमा महिलाहरूको सहभागिताको क्षेत्रमा पनि क्यूबा र उत्तर कोरियाले अमेरिका र जापानलाई निकै राम्ररी उछिनेका छन् ।**

यसमा चाहिं भर्खरै बामे सरिरहेका समाजवादी देशहरूले समेत सबैभन्दा विकसित पूँजीवादी देशहरूलाई उछिनीदिएका छन् ।

महिलाहरूको निम्ति सामाजिक न्याय र समता चाहिरहेको छ । यसका लागि कुन बाटो रोज्ने- समाजवादी बाटो कि पूँजीवादी ? यसको सटीक उत्तर माथिका तथ्य तथ्यांकहरूले दिएका छन् । निश्चय नै समाजवादले नै, र समाजवादी बाटोले मात्र महिलाहरुलाई समता र सामाजिक न्याय दिन सकेको छ ।

अमेरिकाले विश्व मानव अधिकारको पाहरेदार भनेर आफूलाई घोषित गरेको छ । तर खै त त्यही पहरेदारकहाँ महिलाहरूको लागि मानव अधिकार ? खै आधा जनसंख्याले त्यहाँ पुरुषसरह मानव हुने अधिकार पाएको ?

यो प्रश्न अहिले विश्वव्यापी रुपमा उठाउनु जरुरी भएको छ । माथिका तथ्यांकहरूले यसको निम्ति वस्तुगत आधार दिएका छन् । ❑ ❑

# हिटलरको देशको सर्वहारा आन्दोलनकी महिला नेतृ

# रोजा लक्जम्बर्ग

**"हाम्रो युगको केन्द्रीय टकराव भनेकै "समाजवाद या बर्बरता" बीचको चयनको टकराव हो । पूँजीवादलाई चयन गर्नुको मतलब हो- बर्बरताको खाडलमा खस्नु ! बीसौं शताब्दीको इतिहासले देखाएको छ- पूँजीवादले कसरी बर्बरता थोपर्दछ, जस्तो विश्वयुद्ध, फाँसीवाद, नस्लवाद, उपनिवेशवादीहरूको नृशंस शोषण आदि आदि ।**

यसरी पूँजीवाद, पूँजीवादको वर्वरताको तीव्र आलोचना र समाजवादको पक्षमा वकालत गर्ने विश्वविख्यात महिला हुन्-

रोजा लक्जम्बर्ग !

हो, रोजा लक्जम्बर्ग, जसले वर्तमानमा मार्क्सवाद र क्रान्तिकारी आन्दोलनप्रति आस्था व्यक्त गर्दै क्रान्तिको लागि आफ्नो जीवन समर्पण गरेकी थिइन्, जसले बीसौं शताब्दिको शुरुमै भविष्यमा समाजवादी क्रान्ति हुने, सिंगो भविष्य नै बोल्शेभिकहरूको हुने दृढ आशा प्रकट गरेकी थिइन् ।

हो, उनै रोजाको, विश्व सर्वहारा वर्गका महान नेता क. लेनिनकी समकालीन, सर्वहारा वर्गकी नेतृ रोजा लक्जम्बर्गको जीवन, जीवन-संघर्ष र शहादत प्राप्ति वर्तमानमा पनि उत्तिकै स्मरणीय देखिन्छन् ।

५ मार्च रोजाको जीवनको शुरुवातको दिन हो भने १९ जनवरी शहादत प्राप्तिको दिन । ४० वर्षको छोटो आयु बाँचेकी रोजाले समाजवादको लागि लड्दा-लड्दै जर्मनीको सामाजिक जनवादीहरू (Social Democrat) को सेनाद्वारा गरिएको नृशंसतापूर्ण हत्याबाट शहादत प्राप्त गरेकी थिइन् । रोजाको शहादत प्राप्तिले गत जनवरी १९, तदनुसार माघ ५ मा मात्रै हीरक-समयावधि पार गरेको छ ।

रोजालक्जम्बर्ग पनि चेग्वेभेरा जस्तै आजीवन सर्वहारा अन्तर्राष्ट्रवादको मूर्त रुप बनिरहिन् । पाठकहरूलाई आश्चर्य होला- जर्मनीको वामपन्थी आन्दोलनकी प्रमुख नेतृ रोजाको राष्ट्रियता स्वयं भने जर्मन थिएन । उनी पोलिश नागरिक थिइन् । अर्थात, उनी पोलैण्डकी नागरिक थिइन् । ५ मार्च, १८७१ मा रुसी साम्राज्यवादको अधीनमा रहेको पोलैण्डको जामोस्क शहरमा जन्मेकी रोजा एउटा यहूदी परिवारकी सबैभन्दा कान्छी छोरी थिइन् । पोलैण्डको राजधानी वार्साका एक शिक्षित व्यापारी परिवारमा जन्मेर हुर्केकी रोजामाथि उनकी आमाको विशेष शिक्षा-दीक्षा र संस्कृतिको प्रभाव थियो ।

स्कूलको अध्ययनताका देखि नै ग्रामर स्कूलका कैयौं पुरस्कार जिती मेधावी छात्राको विशेषणले विभूषित रोजाको विद्यार्थी कालमा पोलिश र विश्व सहित्यमा उनको विशेष रुचि देखिन्थ्यो । प्रगतिशील साहित्यको प्रभाव र सडकमा हुने जनसंघर्षहरूको प्रभावस्वरुप रोजाले १६ वर्षको उमेरमै रिभोल्यूशनरी सोशलिष्ट पार्टीको क्लबमा सहभागी भई क्रान्तिकारी काम थालेकी थिइन् । उनी पार्टी क्लबमा क्रियाशील हुने क्रममा समाजवादी साहित्य अध्ययन गर्दै र विस्तारै पोलैण्डका श्रमिकहरूलाई पनि समाजवादको किरणले ब्यूँझाउने काममा व्यस्त हुन थालिन् ।

पोलैण्डमा सरकारी दमन चर्केपछि सन् १८८९ मा उनी स्वीट्जरल्याण्डको ज्यूरिच शहरमा बसाइ सरिन् । त्यहाँ उनले प्राकृतिक विज्ञान र अर्थशास्त्रको अध्ययन गरिन्, उनको थेसिसको विषय थयो- पोलैण्डको औद्योगिक विकास ।

सन् १८८१ मा उनले लियो जोगीचेजसँग भेटिन् । यस भेटले उनको जीवनमा ठूलो उथल-पुथल ल्याइदियो । लियो जोगीचेज रोजाको जीवन भरकै एक साथीको रुपमा विकसित भए ।

क्रान्तिकारी रोजाले विदेशमा पनि आफ्नो राजनीतिक कर्मलाई अलिकति पनि छोडिनन् । १८९८ देखि उनी अगस्त बेबेल र विलियम लिब्नेख्तको नेतृत्वमा संचालित जर्मन सोशल डेमोक्रेटिक पार्टीको कार्यकर्ताको रुपमा क्रियाशील हुन थालिन् । श्रमिक वर्गको लागि जनसंघर्ष गरेकै कारणले श्रमिक वर्गबीच अत्यन्त लोकप्रिय र सशक्त यो पार्टी मूलतः जन-पार्टी थियो । यो पार्टीले आफ्नो राजनीतिक कार्यक्रमको रुपमा मार्क्सवादी कार्यक्रमलाई स्वीकारेर संघर्ष सञ्चालन गर्दै आएको थियो ।

आफ्नो पार्टीभित्र बर्नष्टीन र काउत्स्कीद्वारा हुर्काईएको संशोधनवादका विरुद्ध, मार्क्सवादको पक्षमा क. रोजाले लिब्नेख्त, फ्रान्स मेहरिंग एवं क्लारा जेटकिनले जस्तै संघर्ष गरिन् । अर्कोतिर, जर्मनीको पूँजीवाद र अन्तर्राष्ट्रिय साम्राज्यवाद विरोधी संघर्षमा पनि उनी कहिल्यै पछि हटेको देखिएन । यस्तै गरी, उनको संघर्ष संकीर्ण राष्ट्रवादको विरुद्ध पनि त्यतिकै केन्द्रित थियो ।

यसैबीच, उनी लेनिनको सम्पर्कमा आइन् । उनले लेनिनको काँधमा काँध मिलाई यी सबै संघर्षलाई सञ्चालन गरिरहिन् । लेनिनसँग पार्टी- संगठन सम्बन्धी अवधारणामा केही मतभेद रहेता पनि उनले लेनिनका साथ-साथै कृयशील हुने क्रममा १९०७ को स्टूटगार्डमा सम्पन्न अन्तर्राष्ट्रिय समाजवादी कांग्रेसमा सहभागी भई महत्वपूर्ण योगदान दिएकी थिइन् ।

जर्मनीमा विकसित हुँदै गइरहेको संकीर्ण राष्ट्रवाद विस्तारै अन्ध, मत्तान्ध हुँदै साम्राज्यवादी स्वरुपमा फड्को मार्दै गरेको तथ्य रोजाको आँखाबाट, रोजाको सोशल डेमोक्रेटिक पार्टीको आँखाबाट लुकेको थिएन । यसका विरुद्ध संघर्ष गर्दा-गर्दै पनि यो संकीर्ण राष्ट्रवादले अन्ततः विश्वयुद्ध जन्माइछोड्यो । संकीर्ण राष्ट्रवादविरोधी क. रोजाको संघर्षले विश्व युद्धविरोधी संघर्षको रुप धारणा गरेपछि जर्मन अन्ध राष्ट्रवादी शासकहरू निकै अत्तालिए र दमनको भाषा बोल्न थाले । कैजरको नेतृत्वमा जर्मन शासकहरूले अन्य धुप्रै सहयोद्धा सहयोगीहरूका साथ क. रोजालाई कठोर कारावासको सजायँ दिए । र, विश्व युद्धको



*रोजा : मञ्चमा उभिएर भाषण गर्दै*



अन्त पश्चात् भएको १९१८ को नोभेम्बर क्रान्तिपछि मात्रै सबैलाई रिहा गरियो ।

आफ्नो जीवनको उत्तरार्द्धमा खेप्नुपरेको लामो जेल सजायको क्रममै रुसमा सम्पन्न अक्टोबर समाजवादी क्रान्तिको पक्षमा र त्यस क्रान्तिमाथि अन्तर्राष्ट्रिय साम्राज्यवादी शक्तिहरूद्वारा गरिएको भयंकर आक्रमणको विरोधमा लेखन-कर्मद्वारा रोजा संघर्षरत रहिरहिन् । रुसी बोल्शेभिक क्रान्ति सम्पन्न भएपछि विश्वका हरेक ठाउँको भविष्य बोल्सेभिकहरूकै हो भनेर घोषणा गर्ने रोजाले विश्वको मजदूर वर्गले अगाडि गएर अन्ततः सत्तामाथि कब्जा गरिछोड्ने विश्वासमा आफूलाई अडिग राखिछाडिन् । उनको विश्वास अनुसार मजदूर वर्गको क्रान्तिको लागि, सत्ता कब्जाको लागि हामीले पूँजीवादी प्रजातान्त्रिक चरण पूरा हुने प्रतीक्षा गरिरहनु जरुरत छैन ।

आफ्नो यस विश्वासलाई रोजाले जर्मनीको श्रमिक वर्गमा पनि फैलाउने हुर्काउने प्रयास गरिन् । जेलबाट छुट्नासाथै १० नोभेम्बर १९१८ मा बर्लिन शहरमा गई कार्ल लिब्नेख्तसँगै क्रियाशील हुन थालिन् र तुरुन्तै स्पार्टाकस ग्रुपको मुखपत्र Rote Fahne को सम्पादन कार्यमा लागिन् ।



स्मरणीय छ, मजदूर वर्गको जन-पार्टीको रुपमा विकसित जर्मन सोशल डेमोक्रेटिक पर्टी (SPD) को इतिहास सुधारवादी खाडलबाट पनि खस्दै खस्दै गएर अन्ततः यस शताब्दीको दोश्रो दशकसम्म आइपुग्दा नपुग्दै त्यो पार्टी "पूजीवादी व्यवस्थाका प्रबन्धकहरूको" पार्टीमा पतित भइसकेको थियो । यस पतनका विरुद्ध आन्तरिक संघर्ष गर्दा-गर्दै क. रोजाहरूले यस संघर्षलाई एउटा मजदूरवर्गीय क्रान्तिकारी-मार्क्सवादी पार्टीको आवश्यकता र निर्माणसम्म उठाउन सकेनन् । क. रोजाहरूले स्पार्टाकस ग्रुपको निर्माणसम्म त पुगे, तर त्यसलाई कम्युनिष्ट पार्टीको स्तरसम्म विकसित र सुदृढ गर्न भने भ्याएनन् । रुसी समाजवादी क्रान्तिको सफलतापछि क. रोजाहरू पनि जर्मन क्रान्तिको लगि चिन्तित हुन र क्रियाशील हुन थाले । किनकि उनीहरूको विचार अनुसार, जर्मन राज्य निकै मजबूत र सबैभन्दा डरलाग्दो प्रतिक्रियवादी शक्ति भएकोले यसले रुसी क्रान्तिलाई समेत कुल्चन सक्छ । त्यसैले रुसी क्रान्तिलाई बचाइराख्न पनि जर्मन क्रान्तिको जरुरी छ । यस चिन्ता र चिन्तन एवं क्रान्तिकारी उत्साहले गर्दा स्पार्टाकस ग्रुपले पर्याप्त शक्ति र उपयुक्त स्थिति नहुँदै जर्मन राज्य सत्तामाथि कब्जा गर्ने प्रयास गऱ्यो । तर यो प्रयास सफल हुन सकेन । स्पार्टाकस ग्रुपको यस असफल विद्रोहका क्रममा भएको दुस्साहसवादी र अपरिपक्व कारवाहीप्रति सचेत हुँदा-हुँदै पनि क. रोजाले विद्रोहको समर्थन गरिन्, क्रान्तिकारी प्रतिवद्धतालाई सार्वजनिक रुपमा समर्थन गरिन् र आन्तरिक रुपमा ग्रुपभित्र यस दुस्साहसवादी र अपरिपक्व कारवाहीको विरुद्ध संघर्ष पनि गरिन् ।

स्पार्टाकस ग्रुपको विद्रोहमाथि दमन गरिएपछि, १५ जनवरी, १९१८ मा मात्रै क. रोजाले स्पार्टाकस ग्रुपको विद्रोहबारे लेखेकी थिइन्-

"जर्मन क्रान्तिमाथि दमन हुनु कुनै हार नै हुनु होइन, बरु त्यो आधारशीला तयार हुनु हो- जसमाथि अन्तिम रुपमा समाजवादको विजयको भवन निर्माण हुनेछ ।"

"बर्लिनमा व्यवस्था कायम भइरह्यो ! ए बेकूफ पुच्छरहरू ! तिम्रो "व्यवस्था" मरुभूमिमाथि खडा भइरहेको छ । भोलि क्रान्तिले फेरि शिर उठाउने छ र तिम्रो होश-हवास उडाउँदै विगुल बजाएर घोषणा गर्नेछ-

"म थिएँ, म छु र, म रहनेछु ।"

यस क्रान्ति-घोषको चार दिनपछि अर्थात् १९ जनवरीका दिन स्पार्टाकस ग्रुपका विद्रोही नेता- नेतृहरूमाथि दमन गर्ने सिलसिलामा जर्मनी सैनिकले क. कार्ल लिब्नेख्तसँगै क. रोजालाई पनि गिरफ्तार गऱ्यो । र, त्यहीं दिन जर्मन सेनाले राइफलको कुन्दाले शिरमा हर्काई-हिर्काई, शिरलाई धूलो-पीठो पारेर नृसंसतापूर्वक उनको हत्या गऱ्यो ।

४० वर्षकै बैसमा शहादत प्राप्त गरेकी क. रोजा लक्जम्बर्गको शानदार क्रान्तिकारी चरित्रका ठूला प्रशंसक तथा क. रोजाकै समकालीन नेता क. लेनिनले क. रोजाको हत्यापछि श्रद्धाञ्जलि दिँदै लेख्नुभएको थियो-

"यो त हुन सक्छ कि कहिलेकाही बाज, कुखुरा-कुखुरीहरूभन्दा पनि तल-तलसम्म उड्न सक्छ । तर के कुखुरा-कुखुरीहरू जहिले पनि बाजको उँचाईसम्म उड्न सक्छन् त ?.... तर, आफ्ना गल्तीहरूका बावजूद, उनी बाज थिइन् र हाम्रो लागि बाज नै भइरहनेछिन् ।"

**- राजेन्द्र महर्जन**



# रोजा र लेनिन : एकता-संघर्ष-एकता !

*विश्व कम्युनिष्ट आन्दोलनका समकालीन नेता तथा दार्शनिकहरू- लेनिन र रोजा लक्जम्बर्गबीच साँच्चै संघर्ष मात्रै थियो कि कहीं कतै एकता-समानताहरू पनि थिए ?*

*लेनिनको मृत्युपछि लेनिनवादका विरोधीका रुपमा रोजालाई स्थापित गर्ने र लेनिन र रोजाबीच संघर्ष मात्रै थियो भन्ने प्रचार-अभियान तेज भएको सन्दर्भमा यसका बारेमा चर्चा चलाउनु जरुरी भएको छ । स्मरणीय छ, रोजालाई "लेनिनवादका विरोधी, स्वतः स्फूर्ततावादी तथा रोमान्सवादी" को आरोप लगाइएको थियो ।*

*लेनिनले अन्तर्राष्ट्रिय स्तरमा "दोस्रो इन्टरनेशनल" मा राष्ट्रिय कट्टरतावादको विरोधमा संघर्ष गर्नु भएको तथ्य त सबैलाई थाहा छ । तर रोजा लक्जम्बर्गले त्यस संघर्षभन्दा अगावै जर्मनीमा राष्ट्रिय कट्टरतावादको विरुद्ध संघर्ष छेडेकी थिइन् । उनले जर्मनीमा आफ्नो पार्टी सोशल डेमोक्रेटिक पार्टीमा यसरी संघर्ष थाल्दै पछि लेनिनका साथ-साथै "दोस्रो इन्टरनेशनल" मा पनि संकीर्ण राष्ट्रवाद, अन्ध राष्ट्रवादको विरुद्ध कठोर संघर्ष गरेकी थिइन् ।*

*क्रान्ति र सुधारवादबीच संघर्षमा जसरी लेनिन जहिले पनि क्रान्तिको पक्षमा थिए, त्यसरी नै रोजा पनि क्रान्तिकारी धारकै पक्षमा सधैं अडिग रहीरहिन् । क्रान्तिकारी धारलाई तेज पार्न यी दुबै नेताहरूले संशोधनवाद र वर्ग संझौतावादका विरुद्ध त्यस बेला नै निर्णायक संघर्ष शुरुवात गरेका थिए । संशोधनवाद विरोधी संघर्षको क्रममा रोजाले संशोधनवादीहरूद्वारा गरिएको पूँजीवादको गुणगानको मुकाविला गर्न पूँजीवादको अनिवार्य पतनको विचार प्रस्तुत गरेकी थिइन् । र, त्यस विचारलाई स्थापित गर्ने काम गरेकी थिइन् ।*

*आजीवन नै सर्वहारा अन्तर्राष्ट्रिवादको मूर्त रुप बन्न सफल रोजाले हरेक राष्ट्रिय संघर्ष, जातीय संघर्षलाई मजदूर वर्गको हितको नजरले हेर्ने गर्दथिन् । उत्पीडित पोलिश जातियताकी रोजाले जातीय भावना र राष्ट्रिय मुक्तिको लक्ष्यलाई मजदूर वर्गको एकता र ऐक्यवद्धताको लक्ष्यको अधीनमा पार्ने प्रयास गर्दथिन् । यसै सन्दर्भमा विकसित भएको लेनिन र रोजाबीचको मतभेदलाई पछि लेनिनले जातियताहरूबीचको आत्मनिर्णयको अधिकारको बारेमा आफ्नो व्याख्यामा रोजाकै विचारलाई रेखांकित गर्दै लेखेका थिए- उत्पीडक जातीयताको मजदूर वर्गले जातीय उत्पीडनको विरुद्ध संघर्षको नेतृत्व गर्नु पर्दछ र यसरी हुने संघर्षलाई मात्रै क्षुद्र राष्ट्रवादको आँखाले हेर्न सक्दैन ।*

*रोजाको लेनिनसँग स्पष्ट मतभेद रहेको एउटा प्रमुख बूँदा पार्टी संगठन सम्बन्धी थियो । लेनिनको पार्टीसम्बन्धी अवधारणालाई लिएर यो मतभेद भएको थियो । लेनिनको विचारको आलोचना गर्दै रोजाले लेनिनको केन्द्रीकृत पार्टीको अवधारणाका विरुद्ध आफूलाई उभ्याएकी थिइन् । उनको विचार अनुसार, लेनिनले भनेको केन्द्रीकृत पार्टीले मजदूर वर्गकै ठाउँ लिन सक्छ, मजदूर वर्गको सिर्जनात्मकतालाई र तलबाट हुने मजदूर वर्गको योगदानलाई कुण्ठित गर्ने छ । यस विचारमा १८८३-८४ मा रुसी शोशल डेमोक्रेटिक पार्टीमा पार्टीको ढाँचामाथि शुरु भएको बहसको बेलादेखि रुसी क्रान्तिको सफलता पछिसम्म पनि रोजा र लेनिनबीच मतभेद रहिरह्यो ।*

*केही वामपन्थी नेताहरूले रुसी क्रान्तिद्वारा स्थापित सोभियत समाजवादको पतन र सोभियत कम्युनिष्ट पार्टीको विघटन पछि लेनिनवादी पार्टी संगठनको स्वरुप सम्बन्धी रोजाको आलोचनामाथि ध्यान दिएर अध्ययन गर्नु पर्ने कुरा औंल्याउन थालेका छन् । स्मरणीय छ, रोजाले पार्टीभित्र अतिकेन्द्रीकरणको विरोधमा आवाज उठाउँदै जनवादी केन्द्रीयतालाई त्यसको सार रुपलाई राम्ररी बुझी व्यवहारमा लागू गर्नु पर्छ भनेर अडान राखेकी थिइन् ।* ❑ ❑



पेरूको क्यान्तो ग्राण्डे जेलका बन्दी महिला क्रान्तिकारीहरू (१९९१)

# पेरुको क्रान्तिमा महिलाहरुको क्रान्तिकारी भूमिका

**क. गोञ्जालोका उत्तराधिकारी बन्न सक्ने तीन महिलाहरू, जो यस कठीन परीक्षणको घडीमा पार्टीको मार्गदर्शक बन्न सक्छन्**

पेरुको कम्युनिष्ट पार्टी (PCP) साइनिंग पाथको क्रान्तिकारी संभावनाले 'नयाँ विश्वव्यवस्था'का प्रस्तावक अमेरिकाहरुलाई निकै आतंकित पारेको छ। उनीहरुलाई यत्ति हदसम्म आतंकित पारेको छ कि उनीहरुले विभिन्न सिद्धान्त अप्नाइरहेका र एक अर्काप्रति वैरभाव राख्ने मानिसहरुलाई सम्म समावेश गरी मन्त्रिमण्डल निर्माण गरेका छन् र यसमार्फत् एउटा षड्यन्त्रकारी संगठन निर्माण गरेका छन्। यी सबै कार्यहरुको मूल उद्देश्य हो- "सेन्दरो (साइनिंग पाथका अनुयायीहरु) बाट देशलाई बचाउनु ।"

सेन्दरो लुमिनोसो (Shining Path अर्थात् "उज्वल बाटो") या पेरु कम्युनिष्ट पार्टीसंग साँच्चै के त्यस्ता विशेषताहरु छन्, जसले उनीहरुलाई यति विधि आतंकित पार्न सक्छ ? जसले गर्दा साइनिंग पाथका 'आतंकहरु' यति विस्तारित भए ?

अन्य कुराहरुका साथसाथै, साइनिंग पाथले अन्य कुनै पनि राजनीतिक पार्टीहरुको तुलनामा आफूलाई सबल र सशक्त पार्नका लागि महिलाहरुलाई अत्यधिक समर्थ बनाएको छ । साइनिंग पाथद्वारा बनाइएका संस्थाहरुमा महिलाहरु पुरुष कमरेडहरुबाट पनि सम्मान पाउँछन् ।

साइनिंग पाथले देशका विभिन्न क्षेत्रमा, गाउँमा, शहरमा जन समितिहरु बनाएको छ । जन समितिहरु भएका क्षेत्रहरुमा बलात्कार वा पारिवारिक हिंसा जस्ता दुर्व्यवहारलाई सफलतापूर्वक अन्त्य गरिएको छ ।

पार्टीको राजनीतिक र सैनिक संगठनका सबै तहहरुमा महिलाहरु उत्तरदायित्वपूर्ण पदहरुमा आसीन छन् । यसरी साइनिंग पाथ पार्टीमा महिलाहरुको सहभागिता अधिक छ र महिलाहरुले त्यहाँ यत्ति लाभ पाएका छन् कि त्यसलाई कसैले पनि अस्वीकार गर्न सक्दैन ।

यसरी साइनिंग पाथमा महिलाहरु अस्वीकार नै गर्न नसकिने लाभका हकदार भइरहे तापनि पेरुलाई सेन्दरोहरु (साइनिंग पाथका अनुयायीहरु) बाट बचाउने कुरा उठ्नु अत्यन्त अस्वाभाविक देखिन्छ । 'पेरुलाई सेन्दरोहरुबाट बचाउने' षड्यन्त्रलाई व्यवहारमा रुपान्तर गर्न सरकारी तथा गैर सरकारी संगठन (NGO) सित सम्बद्ध नारीवादीहरु कृयाशील छन् । उनीहरु अहिंसात्मक आन्दोलन मात्रै महिलाहरुको लागि उचित आन्दोलन हो भनी जोड दिई दिईकन चिच्याउँछन् ।

फुजिमोरीको सरकारभन्दा अगाडिका सरकारहरुले धारावाहिक रुपमा कठोर कारवाहीहरु चलाएका थिए। ती

**अमेरिकी समाजशास्त्री कैरल एन्द्रियांको स्थलगत अध्ययनमा आधारित विश्लेषण**

# साइनिंग पाथका क्रान्तिकारी महिलाहरूको र अन्य नारीवादी महिलाहरूको आन्दोलनमा के के भिन्नताहरू छन् ?

कारवाहीहरुका बावजूद, विदेशी सहयोगको बैशाखी टेकेर केही सुधारका प्रयासहरु पनि गरिएका थिए। यी सुधार हरुबाट पेरुभियालीहरु, विशेषतः महिला र बच्चाहरुलाई, केही मद्दत मिलेको थियो। केही मद्दत पाएका व्यक्तिहरु र सामाजिक कार्यकर्ता तथा सरकारका बीच पूलको काम गरिरहेका व्यक्तिहरु, दुबै थरीले यी सुधारका प्रयासहरुको औचित्यमाथि प्रश्नचिन्ह खडा गरेका छन्।

यसको एउटा ज्वलन्त उदाहरणको रुपमा राजधानी लीमाको एउटा झोपडपट्टी बस्तीलाई लिन सकिन्छ। केही वर्ष अगाडि लीमाको यस झोपडपट्टी बस्ती- भिला एल सलभादोरका निवासीहरुलाई विदेशी सहयोग पाएर मोटाघाटा भएका आधारभूत गैरसरकारी संगठनहरुको एउटा 'प्रदर्शनी क्षेत्र' को रुपमा विकसित गरिएको थियो। विदेशीहरुबाट डलर झार्नका लागि प्रदर्शन गरिने यस नमूना क्षेत्रका बासिन्दाहरु सरकारी र गैरसरकारी संस्थाका सुधारबाट असन्तुष्ट भइसकेका छन् भन्ने तथ्य उनीहरुलाई थाहै थिएन। त्यसैले उक्त बस्तीका तीन वटा संगठनहरु- महिला संघ, प्रतिनिधिहरूको सामुदायिक सभा र साना व्यापार समितिले चुनावमा आफ्ना असन्तुष्टिहरु प्रकट गरे तथा उनीहरुले ती नयाँ नेताहरुको पक्षमा मतदान गरे, जो क्रान्तिप्रति सहानुभूतिशील थिए।

यो परिवर्तन साइनिंग पाथको 'डराउन- धम्क्याउने' कार्यबाट भएको थिएन। केही नारीवादी र केही अन्य सरकारी र गैर सरकारी संगठनहरुले यस्तो दावी जतिसुकै गरे पनि त्यसमा सत्यता छैन। यदि, सिर्फ डराई धम्क्याईकन नै यस्तो परिवर्तन आएकै भए तापनि ती सुधार कार्यमा संलग्न आधारभूत संगठनहरु पूर्ण रुपले ध्वस्त भइसकेको कुरो ठहरिन्छ।

यी सब दावीहरुको ठीक विपरीत, अभूतपूर्व सरकारी दमनका वाबजूद ती झोपडपट्टी बस्तीहरु आज जति सक्रिय छन्, त्यत्ति सक्रियता पहिले कहिल्यै पनि देखिएको थिएन।

**साइनिङ्ग पाथद्वारा बनाइएका संस्थाहरूमा महिलाहरू पुरूष कमरेडहरूबाट पनि सम्मान पाउँछन्**

गत बीस वर्षमा पेरुको राजनीतिक संघर्षको बारेमा मेरो समझदारी केही विकसित भएको छ।

म १९७२ मा पहिलो पटक दक्षिण अमेरिका( ल्याटिन अमेरिका गएको थिएँ। र, १९७४ मा पेरुको हुआनकायोको राष्ट्रिय केन्द्रीय विश्वविद्यालयमा मैले अध्यापन शुरु गरेकी थिएँ। हुन त महिला आन्दोलनमा मेरो रुचि त्यहाँ जानुभन्दा धेरै समय अगाडिदेखि नै थियो। यसको उदाहरणको रुपमा लिन सकिन्छ- 'विकास' सम्बन्धमा मेरो आलोचना! अर्ध-औपनिवेशिक देशहरुमा साम्राज्यवादी पूँजीसंग जोडिएका एजेन्सीहरुको तत्वावधानमा भएको 'विकास' सम्बन्धी मेरो आलोचना जति पुरानो छ, त्यत्ति नै पुरानो छ- महिला आन्दोलनप्रतिको मेरो रुचि। मैले १९६० को मध्यतिर अमेरिकाको



छापामार महिलाहरूको समान सहभागिता भएको पार्टी

अन्तर्राष्ट्रिय सहयोगमाथि डाक्टरेटको लागि शोधग्रन्थ लेख्ने क्रममा- "सहयोग भनेको दाताबाट लिंदा खेरी महजस्तै मीठो हुन्छ र अन्तमा त्यो विष बन्दछ" भन्ने पुरानो उखानलाई सही प्रमाणित गरेकी थिएँ ।

हुन त पेरुको महिला आन्दोलनबारे १९८० तिरबाट मैले लेख्न थालेकी थिएँ । १९८० को शुरुवातमा पेरुमा जुन नयाँ नारीवादी आन्दोलन विकसित भएको दृश्य देखिएको थियो. त्यसमाथि ध्यान दिएर अध्ययन गर्न थालें र पछि लेख्न पनि शुरु गरें । त्यसपछि साम्राज्यवादीहरुको मातहतमा रहेको देशमा, त्यसको आवश्यक स्थिति र त्यस स्थितिमा पेरुको कम्युनिष्ट पार्टी साइनिंग पाथले के प्राप्त गर्न खोजेका हो भन्ने बारेमा थाहा पाउन थालें ।

आजसम्म म कहिले पनि आयाकुचो शहर गएकी छैन । १९७० मा त्यहाँ जाने सडकहरू सधैंभरि भूकम्पको कारणले क्षतिग्रस्त भइरहन्थे । त्यसैले जानको लागि साह्रै गाह्रो भैरहन्थ्यो । तर पछि आएर म थाहा पाई पाईकन पनि त्यहाँ जानका लागि सावधान हुन थालें । हुन त आयाकुचो शहरबाट जुन साइनिंग पाथ आन्दोलन विकसित भएको छ, त्यस आन्दोलनप्रति म अत्यन्त गहिरो आदर गर्दछु ।

मेरो सौभाग्यको कुरो के भने, त्यस आन्दोलनसंग जोडिएका केही व्यक्तिहरु त्यस आन्दोलनमा सामेल हुनुभन्दा अगाडिदेखि नै मेरा परिचितहरु थिए । ती परिचित आन्दोलन-कारीहरुमध्ये अहिले केही मारिइसकेका छन् भने केही जेलमा छन् ।

त्यसबेला शिक्षित महिलाहरु धेरे नै कम्युनिष्ट पार्टीमा सामेल भएका थिए । ती शिक्षित महिलाहरुले गरीबहरुबीच काम गर्न थालेका थिए । त्यस परियोजनका लागि उनीहरुले विदेशबाट उपलब्ध सहयोग मागेनन्, यसरी मागेको त अपवाद पनि छैन । तिनीहरूले विदेशी सहयोगलाई सिधै अस्वीकार गरे । त्यसको सट्टामा उनीहरुले यस्ता राजनीतिक संगठनहरुको निर्माणको बाटो अपनाए, जुन आत्मनिर्भर अर्थव्यवस्थाको आधारमा उभिन्छन् । यसरी आत्मनिर्भर अर्थव्यवस्था भएका संगठनहरु मात्रै सरकारी एजेन्सीहरूको दवाबबाट मुक्त हुन सकेका छन् ।

यसरी उनीहरुले थालेको सरकारी एजेन्सीहरूबाट आफ्नो मुक्ति र स्वतन्त्रतालाई अक्षुण्ण राख्ने र आत्मनिर्भर अर्थव्यवस्था निर्माण गरी सांगठनिक कार्य गर्ने बाटो त्यति सजिलो चाहिँ कदापि छैन । अल्पकालीन दृष्टिकोणबाट हेर्ने हो भने त धेरैलाई यो बाटो अस्वाभाविक र अर्थहीन लाग्न सक्छ । कुरो स्पष्टै छ- जुन जुन महिलाहरूका बालबच्चा पाल्ने जिम्मे-वारी हुन्छन् , त्यसको तुलनामा एक्ली युवा पहिलाले यस्तो खालका निर्णयहरु लिन स्वतन्त्र हुन्छे ।

उनीहरुमाथि सरकारी दमनको प्रयासले उनीहरुमा हिम्मत पैदा गऱ्यो, न कि दमनबाट बच्नका लागि उनीहरुले आफ्नो राजनीतिको तरीकाहरुलाई पुनः परिभाषित गरे । उनीहरु आफूलाई नेता हुँ भनी दावी गर्ने र जनताको ध्यानाकर्षण गर्ने गर्दैनन, जुन जरुरी पनि थिएन । उनीहरु ढोंग रचेर सरकारी पद प्राप्त गर्न पनि चाहँदैनन् । उनीहरु सफा दिल दिमाग भएका र प्रतिबद्ध व्यक्तिहरु

## जमीनको स्वामित्व बारे पे. क. पा. साइनिङ्ग पाथ के गर्छ ?

*उत्पादन तथा आर्थिक मामिला सम्बन्धी आयुक्तले जनताहरूको बीचमा नयाँ प्रकारको सम्बन्धका आधारमा हुने नयाँ अर्थतन्त्रको विकासको व्यवस्था मिलाउँछ । जग्गालाई विभाजन गरेर सबभन्दा पहिला भूमिहीनहरूलाई वितरण गरिन्छ र त्यसपछि बाँकी भएमा परिवारमा भएका मानिसहरूको संख्याको आधारमा थोरै भएकाहरूलाई दिइन्छ । यो सम्पूर्ण परिवारलाई दिइन्छ र केवल बाबुहरू वा लोग्ने मानिसहरूलाई मात्र भनेर दिइदैन । आफ्नो बाबु आमाबाट अलग भएर आफ्नै परिवार शुरू गर्न चाहने युवाहरूले पनि जग्गा पाउँछन् । तर जग्गाहरूको स्वमित्व व्यक्तिगत भए पनि बाली लगाउने र बाली थन्क्याउने काम सामूहिक हुन्छ र सबैले यसमा भाग लिन्छन् । पे.क.पा. ले यस नीतिलाई भविष्यको अर्थात् क्रान्तिको समाजवादी चरणको बीजको रूपमा बताएको छ । यी आयुक्तले यसमा ध्यान दिनै पर्छ कि- बूढाबूढी, विधवा र टुहुराहरूको जग्गाको उचित हेर विचार होस् । सामूहिक कुखुरा, हाँस र बंगुरपालन जस्ता जन- समितिहरूको प्रत्यक्ष स्वामित्वमा हुने उत्पादन तथा सिंचाई योजनाहरूमा गर्नुपर्ने सामूहिक कामको व्यवस्था पनि उत्पादन आयुक्तले मिलाउँछ ।*

जनवादी पेरू स्थापना गर्न संघर्षरत छापामारहरू



हुन् । त्यसैकारणले उनीहरुका केही अनुयायीहरु पनि छन् ।

जुन गुणले व्यक्तिलाई सेन्दरो अर्थात साइनिंग पाथका कार्यकर्ता बनाउँछ, त्यस गुणलाई उनीहरुका कट्टर शत्रुहरु समेत सह्राहना गर्न बाध्य छन् । एउटा प्रसिद्ध दक्षिणपन्थी पत्रकारले वामपन्थी पत्रकार जेनेट तालेभेराको गुणको प्रशंसा गरेको कुरा यहाँ उदाहरणीय देखिन्छ । साइनिंग पाथसंग सम्बन्धित पत्रिका 'एल डायरियो' को सम्पादन गरेको आरोपमा सरकारद्वारा गिरफ्तार गरी जेल पठाइएकी र गत वर्ष- १९९२ मा जेलमै फुजिमोरी सरकारद्वारा हत्या गरिएकी वामपन्थी पत्रकार जेनेट तालेभेराको गुणको बारेमा उक्त दक्षिणपन्थी पत्रकारले यसरी लेखेका थिए- 'काली अनुहार भएकी जोशिली, प्रतिभाशाली र हिम्मती त्यस युवा महिला सधैं सधैं मलाई याद आइरहन्छिन् । यदि असमयमै मृत्यु नहुँदो हो त उनको जीवनमा के हुन्थ्यो होला ?'



छापामार क्याम्पमा महिला छापामारहरू खानाको लागि लाइनमा बस्दै छन् ।

आफ्ना पार्टीका कार्यकर्ताहरुलाई साइनिंग पाथका कार्यकताहरुको आदर्श र लगनशीलता अपनाउनका लागि एक पटक भूतपूर्व राष्ट्रपति एलेन गार्सिया पेरेजले आह्वान गरेका थिए । यसरी साइनिंग पाथका कार्यकर्ताहरुको गुणलाई प्रशंसा गर्दा पूर्व राष्ट्रपति पेरेज आफ्नै पार्टीपंक्तिबाट अति नै आलोचित पनि भए, जबकि उनले साइनिंग पाथको विश्लेषण र नेतृत्वलाई त अस्वीकार गरेकै थिए ।

पेरुको कम्युनिष्ट पार्टी साइनिंग पाथको व्यवहारलाई त्यसको विश्लेषणबाट पटक्कै अलग्ग गर्न सकिंदैन । केन्द्रीय स्तरदेखि लिएर तल तलसम्म त्यस पार्टीले जे जति काम र व्यवहार गर्दछ, ती सबै कार्य आर्थिक व्यवस्थाको क्रान्तिकारी रुपान्तरणको अर्थ एकदम तलदेखि माथिसम्म आत्मनिर्भर हुनु हो भन्ने ज्ञान र विश्लेषणबाट निर्देशित हुन्छन् । मौखिक रूपमा यस विश्लेषणप्रति सबै पेरुभियालीहरु समर्थन व्यक्त गर्दछन् । तर व्यवहारमा अन्य सबै राजनीतिक पार्टीहरुले ढीलो या चाँडो विदेशी निवेश या विदेशी सहयोग राज्यको लागि वैशाखीको रुपमा प्रयोग गरे । तथा, अहिले पनि त्यसको भयंकर नराम्रो परिणामको मुकाबिला गर्ने नाममा त्यस्तै कार्य गर्दै छन् । यस्ता पर्टीहरुमा ती पनि शामेल छन्, जो पहिले वाम एकता (Left Unity) को मोर्चाको नामले परिचित छन् ।

**जुन गुणले व्यक्तिलाई सेन्दरो अर्थात् साइनिंग पाथका कार्यकर्ता बनाउँछ, त्यस गुणलाई उनीहरुका कट्टर शत्रुहरु समेत सह्राहना गर्न बाध्य छन् ।**

पेरुका हरेक पूँजीवादी राजनीतिज्ञहरूको सपना भनेको निर्यातमा आधारित फल्दो- फुल्दो आर्थिक व्यवस्था कायम गर्नु हो, जसबाट विदेशी ऋण चुक्ता गर्न सकिन्छ, ता कि विश्व पूँजीवादी अर्थव्यवस्थामा उसको स्थिति अनुकूल बनिरहोस् र ऊ नयाँ नयाँ ऋणको हकदार बनिरहन सकोस् । धनीहरुलाई प्रोत्साहन दिएर दक्षिणपन्थीहरु यस्तो काम गर्दछन् । वामपन्थीहरुले एउटा समय-संरचनामा गरीब जनताको सहभागिता मार्फत् यस्तो काम गर्ने आशा व्यक्त गरेका थिए । तर यसको ठीक विपरीत साइनिंग पाथले त्यस्तो कार्यदिशा र क्रियाकलाप अगाडि सा-यो, जस अनुसार देशको भूमि र श्रमको उद्धार पेरूभियाली जनताद्वारा नै गर्न सकिन्छ । पेरूभियाली जनतामध्ये पनि विशेषतः ती जनता, जसले औपनिवेशिकरणको कालमा सबैभन्दा बढी पीडा झेल्नु पऱ्यो ।

विश्वभरमा "विकास"को प्रक्रियामा महिलाहरूलाई छेउछाउतिर राखिइन्छ, जबकि उनीहरूको श्रम विशिष्ट वर्गको लागि पूँजी जोड्जाड गर्ने केन्द्र हो, चाहे उनीहरूले त्यस श्रमको बदलामा मजदुरी पाउन् या नपाउन् । अमेरिकाको वाशिंगटनस्थित

## क. गोञ्जालोको पार्टी अन्तर्गतका बस्तीहरुमा

# विवाह, शिक्षा र धर्म

*विवाह गर्न चाहने दुई व्यक्तिहरूले प्रत्येकले अरू कसैसंग विवाह गरेको छैन भन्ने प्रमाणित गर्नका लागि दुई जना साक्षी ल्याउनै पर्छ । विवाह गर्नको लागि एउटा यो र अर्को स्वास्थ्य परीक्षा, केवल यति मात्र आवश्यक शर्त हुन् । सामुदायिक कार्यहरुमा जन्म दर्ता, जनताको लागि आवश्यक औषधीहरू जम्मा गर्ने (शत्रुहरूबाट खोसेको औषधी र जडीबुटीजन्य औषधीहरू मिलाएर) र सामान्य स्वास्थ्य सम्बन्धी कामहरू पनि पर्दछन् ।*

*शिक्षा कम्युनिष्ट दृष्टिकोण-द्वारा निर्देशित हुन्छ र श्रमसंग जोडिएको हुन्छ । किसानहरूलाई सामान्य गणित, स्पेनी भाषा (पे.क.पा. ले यसलाई महत्वपूर्ण ठान्दछ किनभने यसबाट स्वेचुवा बोल्ने जनताहरूले बाँकी विश्वबारेमा धेरै जानकारी प्राप्त गर्न सक्छन्), प्राकृतिक विज्ञान र इतिहास पढाइन्छ । "आयुक्तले खेलकूद र सांस्कृतिक (जस्तो नाटक र खेलौनाहरूको प्रदर्शनी), क्रान्तिकारी दिवसहरूका कार्यक्रमहरू आदि मनोरञ्जयुक्त कार्यहरूको पनि आयोजना गर्छ र गाउँको सन्तको चाडमा पनि मद्दत गर्छ । यो चाड एउटा लोकप्रिय बिदा भएको छ, पार्टीले अन्य बढी धार्मिक कार्यहरूमा न त मद्दत गर्छ न बाधा दिन्छ । पार्टीले लेनिनले भन्नु भए जस्तै व्यापक अर्थमा धार्मिक स्वतन्त्रताको नीतिलाई लागू गर्दछ- यसले एकातिर जनताहरूको धार्मिक आस्थाको अधिकारलाई आदर गर्छ भने अर्कोतिर यसले जनताहरुलाई द्वन्दात्मक भौतिकवादको शिक्षा दिने अधिकारलाई पनि सुरक्षित राख्छ ।*

*कुनै एक पक्षको माग भएमा बिना शर्त, सम्बन्ध विच्छेद गर्ने अनुमति दिइन्छ । "आयुक्तले दुई पक्षलाई बच्चाहरूको बारेमा सहमतिमा पुऱ्याउनु पर्छ । सामान्यतया, सामुदायिक मामिला सम्बन्धी आयुक्तले लोग्ने स्वास्नीका बीचमा अथवा बाबु, आमा र छोराछोरीका बीचमा हुने पारिवारिक झगडालाई आलोचना र आत्मालोचनाको प्रक्रियाबाट समाधान गर्ने कोशिस गर्छ । यदि कुनै बखत एक जना महिलाले जन छापामार सेनामा काम गर्नका लागि घर छोड्न चाहन्छिन् र उनका बाबुआमा अथवा लोग्नेले यसको विरोध गर्छन् भने पनि उनी जान पाउँछिन् । यदि चाहेमा लोग्नेले बच्चा लिन सक्छ, नत्र भने जन-समितिले अन्य उपायहरू खोज्छ ।*

एउटा राष्ट्रिय तथा व्यापारसंग सम्बन्धित सल्लाहकार संगठनले 'महिलाहरूको भूमिका माथि जोड' दिंदै उनीहरूलाई प्रोत्साहन दिनका लागि अमेरिकाको मुक्त व्यापारले महिलाहरूको क्षेत्रमा लगानी गर्नका लागि सुझाव दिएको छ । यस संगठनको दावी छ- "महिलाहरूमा पूँजी लगानी गर्दा सबैभन्दा बढी पैसा भुक्तानी हुन्छ । महिलाहरूलाई लगानी क्षेत्रभन्दा बाहिर राख्नु उनीहरूको प्रतिभा र सम्पदाको ठूलो नोक्सानी हो। वास्तवमा उनीहरूको उत्पादनको संभावना जनसंख्याको लगभग आधी नै छ, जसको प्रयोग धेरै कम मात्रै भएको छ।"

पेरू जस्ता देशहरूमा विदेशी पूँजीसित सम्बन्धित सरकार, सरकारी र गैर सरकारी संस्थाहरू नारीवादी मागहरूका बारेमा ग्रहणशील देखिन्छन्, किनकि नारीवादी परियोजनाहरूले उनीहरूको शोषणकारी रूपरेखामाथि एउटा प्रगतिशील जलप लगाउने काम गर्दछन् । यस्ता खालका संगठनहरूले महिलाहरूमा शैक्षिक परियोजनाहरू विकसित गर्न मद्दत गर्न सक्दछन्, साना साना व्यापारीहरूलाई ऋण दिन सक्दछन् र यस्तै खालका अन्य काममा सहयोग गर्न रूचाउँछन् । स्मरणीय छ- यी सबै सहयोगको मूल उद्देश्य संभावित विद्रोहलाई 'शान्त' गर्नु रहँदै आएको छ ।

यस्ता संस्थाहरूमा कार्यरत महिलाहरू अक्सर गरेर आफूसंग स्वावलम्बन र आत्मनिर्भरताका राम्रा राम्रा गुलिया विचारहरू बोकेर ल्याउँदछन् । तर उनीहरूका कार्यक्रमहरूको मूल लक्ष्य सधैंभरि विद्यमान सरकार तथा संगठनहरूलाई सहयोग गर्नु रहेको छ । कहिलेकाहीं त ती संगठनहरूले स्पष्ट रूपमा सरकारी कोषमा पैसा भर्ने काम पनि गर्दछन् । उदाहरणको रूपमा, ती संगठनहरू आफ्ना कार्यक्रमहरूलाई निश्चित रूपमा पाइलट- परियोजनाको रूपमा परिभाषित गर्दछन्, जसले पूँजी उत्पादन गर्ने कार्य पनि गर्दछन् । आफ्ना अरू कामहरूमा विदेशी पूँजी प्रवाहित नहोला कि भन्ने भयले गर्दा यस्ता संगठनमा कार्यरत पेरूभियाली महिलाहरू आफ्नो गतिविधिलाई कार्यक्रमभित्र मात्रै सीमित र संकुचित गर्दछन् ।

राजधानी लीमाको क्याथोलिक विश्वविद्यालयमा उत्तरी अमेरिकाका संस्थाहरूद्वारा प्रायोजित एउटा नारीवादी सम्मेलनमा म पनि उपस्थित भएकी थिएँ । उक्त सम्मेलनमा स्थानीय नारीवादीहरूले शर्त राखे- जुन जुन कार्यपत्र पढिन्छन्, सबै सहभागीहरूले ती कार्यपत्रमा मात्र सीमित भएर बोल्नु पर्दछ, अन्यथा बोल्न दिइने छैन। यी सबै शर्तनामा उत्तरी अमेरिकाका संस्थाहरूद्वारा पठाइएका पर्यवेक्षकहरूलाई खुशी पार्नका लागि गरिएको थियो, ता कि कुनै विवादास्पद विषय-सन्दर्भ अगाडि नआओस् ।

सम्मेलनमा उत्तरी अमेरिकाको एक नारीवादी महिलाले लीमा शहरका घरेलु नोकरहरुमाथि गरिएको अध्ययन सम्बन्धी कार्यपत्र पढिन् । त्यस कार्यपत्रमा दश वर्ष अगाडिका तथ्यांकहरू प्रयोग गरिएका थिए । स्रोताहरूमध्ये एक जनाले ती नारीवादी आगन्तुकहरूलाई हालै मात्र ती घरेलु नोकरलाई संगठित गर्ने क्षेत्रमा जुन प्रयासहरू भएका छन्, ती प्रयासहरूबाट परिचित गराए । सम्मेलनका संचालकले घरेलु नोकरहरूको यूनियनका संगठनकर्तालाई मौन पार्ने प्रयास

**यस्ता संस्थाहरूमा कार्यरत महिलाहरू अक्सर गरेर आफूसंग स्वावलम्बन र आत्मनिर्भरताका राम्रा राम्रा गुलिया विचारहरू बोकेर ल्याउँदछन् । तर उनीहरूका कार्यक्रमहरूको मूल लक्ष्य सधैंभरि विद्यमान सरकार तथा संगठनहरूलाई सहयोग गर्नु रहेको छ ।**

गरे । यस प्रयासमाथि उत्तरी अमेरिकी नारीवादीहरूले हस्तक्षेप गरे र ती यूनियनवादीलाई बोल्नका लागि प्रोत्साहित गरे ।

पुरूषको बराबरीमा उभिनका लागि, पेरूभियाली महिलाहरूलाई अगाडि बढ्नका लागि सहयोग गर्न विदेशी निरीक्षणकर्तासंगको अन्तर्क्रिया विद्वतर्जन, अनुदान कार्यकर्ता तथा प्रगतिशील व्यक्तिहरूसंगको सम्पर्कले धेरै योगदान दिएको छ । हुन त यसबाट धेरैजसो अनुदान पाउने र अनुदान नपाउनेहरू बीचको द्वन्द्वमा बृद्धि भएको छ ...

१९८० को मध्यतिर म कैयौं गर्मीहरूमा लीमा शहरमा बसेकी थिएँ । त्यसबेला जब म कैयौं सप्ताहसम्म आपुरिमाक क्षेत्रका गाउँहरूमा बसेकी थिएँ, तब त्यहाँ स्थानीय सेन्दरो (साइनिंग पाथका कार्यकर्ता) को हो भनेर जान्न बुझ्न त्यति गाह्रो भएन । यहाँसम्म कि, ती गाउँका अधिकांश प्रहरीलाई पनि थाहा छ- कुन कुन व्यक्ति सेन्दरो हुन् । तर ती सेन्दरोहरूलाई गिरफ्तार गर्नुमा उनीहरूको विशेष दिलचस्पी थिएन । तिनीहरूले कहीं सेन्दरोहरूकोमा छापा मार्नै पर्ने स्थिति आयो भने पनि कसै न कसैले छाप मार्ने ठाउँका सेन्दरोहरूलाई अग्रिम सूचना पुग्यो कि पुगेन भन्ने कुरामा ध्यान दिईहाल्छन् ता कि- सेन्दरोका कार्यकर्ताहरू लुक्न सकून्, गिरफ्तारीको खतराबाट बच्न सकून् । अहिले पनि त्यो स्थिति यथावत छ ।

दक्षिणी पेरू तामा निगमका एक उपाध्यक्षले हालै मात्र आफूसंग भेट्ने एक जनालाई भनेका छन्- 'मानिसहरू सेन्दरोहरूलाई यसकारणले गिरफ्तार गराउँदैनन् कि सेन्दरोहरू भन्दा वर्तमान व्यवस्था-सरकार भ्रष्ट छ भन्ने सोचाइ उनीहरूको रहेको छ ।'

जब जब क्रान्तिकारी आन्दोलन विकसित हुँदै जान्छ, त्यस स्थितिमा 'कहीं कतैबाट समस्या नआओस्' भन्ने आशयले हुआंगकाओ क्षेत्रमा



आधार इलाकामा क्रान्तिकारी जन समितिद्वारा आमसभा गरिंदैछ

'अपरा' (APRA) पार्टीका एक धनी सदस्यले थाहा पाईपाईकन पनि दुई जना सेन्दरोहरू मध्ये एकलाई आफ्नो व्यवसायमा र अर्कोलाई सोफरको नोकरी दिलाइदिएका थिए ता कि- 'गडबडीबाट बच्न सकियोस् ।' यो दृश्य म स्वयंले पनि देखेकी थिएँ । कुरो स्पष्ट छ- यस्तो स्थितिमा मानिसहरू 'माफिया'को साथ लिनुभन्दा एउटा सेन्दरोको सहायता लिन मन पराउँदछन् ।

धेरै जसो मानिसहरू सेन्दरोहरूदेखि आंशिक रूपले किन डराउँछन् भन्दा, क्रान्तिकारीहरू मध्ये सेन्दरोहरूमा एउटा नैतिक श्रेष्ठता देखिन्छ । पूरै परिदृश्यमा व्यक्तिको रूझान जस्तोसुकै हुन सक्छ, तर पेरूमा धेरै समयदेखि आलटाल गरिंदै आइरहेको जटील राष्ट्रिय समस्याको सफासफी हिसाब किताब हुनै पर्दछ, अब मानिसहरु यसरी बुझ्दै छन् ।

अहिंसा नै हिंसाको नैतिक स्वीकृत जवाफ हो,- पेरूमा यस्तो विचारको कुनै महत्व छैन । समाजमा हिंसाको जुन रूप अप्नाइन्छ, त्यसको पछाडि त्यसको सांस्कृतिक इतिहास जोडिएको हुन्छ । पर्यटकहरूलाई रचनात्मक रूपमा लुट्नु पेरूको राष्ट्रिय मनोरंजन हो, जब कि पर्यटकहरूमाथि भएका हमलाका घटनाहरूबाट उनीहरू अपरिचित नै छन् । मृतकद्वारा बदला लिन सक्ने अन्धविश्वासबाट किसानहरू डराउन सक्छन्, त्यसैले धेरैजसो ती किसानहरु आक्रमणको बेला ती शक्तिशाली ठूला मानिसहरूको शिर काटेर शरीरबाट पूरै अलग्याई दिन्छन्, ता कि- त्यसको भूतले उनीहरूको पीछा नगरोस् । तर सामान्य रूपमा शोषकहरूलाई मारेपछि उनीहरूमा अपशोचको भाव नै हुँदैन ।

महिलाहरू जीवनदात्रीहरू हुन् । त्यसैले क्रान्तिकारी हिंसाबाट बच्नका लागि उनीहरू बाध्य छन्- यो त्यस्तो खालको विचार हो, जुन थाहा पाई पाईकन नै केही अमेरिकी नारीवादीहरू डलरहरूका साथमा आफ्नो दिव्य-सन्देशको रूपमा पेरूमा आयत गरी प्रचार प्रसार गर्दैछन्, ता कि- विभिन्न परियोजनाहरूका लागि पैसा बाँड्न सकियोस् ।

पेरूको क्याथोलिक चर्चको उदारवादी हिस्साले पनि यसै विचार-धारालाई वढावा दिएको छ । उनीहरूको विचार अनुसार, सेन्दरोहरूमा 'हिंसाप्रति विशेष लगाव' छ । त्यसैकारणले र १९७० को शुरूवातमा चर्चका मुक्ति धर्म तत्वज्ञहरूले मास्कोवादी कम्युनिष्ट पार्टीसंगै पेरूमा भालेस्कोको शासनका साथ आफूलाई सम्बद्ध गरेको कारणले त्यस विचारधारालाई प्रश्रय दिएका थिए । यस सम्बद्धताकै फलस्वरूप उनीहरूले राष्ट्रिय पूँजीवादको समर्थन गरेका थिए. यसै बाटोबाट हिंड्दै जाँदा पेरूमा विकसित हुँदै गइरहेको पेरूभियाली रेडिकल वामपन्थी आन्दोलनसंग चर्च अलग्गथलग्गै हिँड्न थाल्यो । चर्चको प्रतिक्रियावादी या सुधारवादी रूझान देखेर सिस्टर नेली इभान्स तथा अन्य धार्मिक व्यक्तिहरू चर्चबाट असहमत हुँदै निस्के र अन्ततः सेन्दरो आन्दोलनमा सामेल भए । यो जस्तो जोखिमपूर्ण काम उनीहरूले महाना आत्म-बलिदानको भावनाले प्रेरित भएर नै गरेका हुन् ।




क. गोञ्जालोः नारी आन्दोलनका पथप्रदर्शक

मलाई विश्वास छ, पेरूमा प्रजातन्त्रको चालले पल्टा खाइसकेपछि अवसरवादको गर्भबाट पैदा भएको शान्तिवादको पनि अन्त्य हुनेछ । त्यसको ठाउँ एउटा उर्लंदो शक्तिशाली विद्रोही आन्दोलनले लिनेछ, जसले क्रान्तिकारी हिंसा र प्रतिक्रियावादी हिंसा बीचको फरकलाई स्पष्ट रूपमा रेखांकित गर्नेछ ।

'एल डायरियो' को एक अंक, जुन नोभेम्बर १९९२ को चुनावभन्दा अगाडि पेरू कम्युनिष्ट पार्टीको दृष्टिकोणलाई समर्थन गर्दै पुनः प्रकाशित भएको थियो, त्यसमा निम्नलिखित विचार लेखिएको थियो-

'हरेक युद्धले एउटा मूल्य लाद्ने गर्दछ, कैयौं पटक त त्यसको मूल्य निकै बढी तिर्नुपर्ने हुन्छ । यो बलिदान सिर्फ दुश्मनहरूलाई नष्ट गर्नका लागि मात्रै होइन, बरू हामी आफैलाई संरक्षण दिनका लागि पनि आवश्यक छ ।'

महिलाहरूको विशेषता हो- 'युद्धको लागि मात्रै हुने युद्ध'मा उनीहरू शामेल नहुनु र साइनिंग पाथका महिलाहरुलाई आफूलाई 'लडाकुहरू भन्दा अधिक लडाकु' प्रमाणित गर्नु जरूरी नहुन ।

सेन्दरो महिलाहरूको एउटा धेरै नै अलग खालको विशिष्टता छ र त्यो धेरै नै साधारण छ, त्यो हो- उनीहरूको बुद्धि !

पेरूभियाली सरकार र सैनिक सूत्रहरूका अनुसार, तीन जना महिलाहरूलाई उनीहरूले विशेष रूपले चिन्हित गरेका छन् । ती तीन जना महिला नेतृहरू यस कठीन परीक्षणको घडीमा सैद्धान्तिक दृष्टिले पार्टीका मार्गदर्शक बन्न सक्छन् भन्ने उनीहरूको अनुमान छ । उनीहरूको अनुमान अनुसार ती तीन जना महिलाहरु क. गोञ्जालोका उत्तराधिकारीहरू बन्न सक्छन् ।

१९६० को अन्तिम वर्षतिर हुआमांगा विश्वविद्यालयमा पेरू कम्युनिष्ट पार्टी साइनिंग पाथको उद्भवको समयदेखि नै हरेक प्रकारले महिलाहरू पेरूभियाली क्रान्तिको मेरूदण्ड रहिआएका छन् । क. अगस्टा ला तोरेले लोकप्रिय महिला आन्दोलनको शुरूवात गरेकी थिइन् । साइनिंग पाथ पार्टीका शुरूवातका दिनहरूमा यो आन्दोलन पार्टीको सर्वाधिक सकृय देखिएको हिस्सा थियो । यो आन्दोलन पेरूभियाली वाम आन्दोलनका संस्थापक क. होसे कार्लोस मारियातेगुईको नारीवादी अवधारणाको आधारमा र क. अविमायल गुजमान- क. गोञ्जालोको पूर्ण समर्थनबाट निर्माण गरिएको हो ।

क. अगस्ता ला तोरेकी आमा डोरिया ला तोरेको भनाइ छ- क. अविमायल गुजमानले "मार्क्सवादी मारियातेगुई तथा महिला आन्दोलन"को नामले एउटा पुस्तिका लेखेका थिए । त्यस पुस्तिकालाई "लोकप्रिय महिला आन्दोलन" ले १९७५ मा प्रकाशित गरेको थियो । १९२४ मा प्रकाशित आफ्नो लेखमा क. मारियातेगुईले नारीवादको सम्बन्धमा वर्गीय रूझानलाई यसरी परिभाषित गरेका थिए-

'नारीवाद आफ्नो विशिष्ट रूपमा, आवश्यक रूपले क्रान्तिकारी हुन्छ । महिलाहरू जो आफूलाई नारीवादी महशूस गर्दछन्, तर साथ साथै चिन्तन र रूझानमा रूढीवादी छन् भने त्यसमा कुनै सामञ्जस्य हुन सक्दैन ।'

एडिथ लागोस र कारला कालोत्ता तूतीले साइनिंग पाथ पार्टीको प्रारम्भिक दिनहरूमा पूरै केन्द्रीय पर्वतमालाहरूमा छापामार शक्तिको नेतृत्व गरेको तथ्य स्मरणीय छ ।

कयौं पटक यो सत्य साबित भएको छ कि क्रान्तिकारी संघर्षमा पुरूषहरूको तुलनामा महिलाहरू अलि ढीलै लाइनमा लामबद्ध हुन्छन् । अर्को कुरा पनि त्यत्तिकै सत्य छ कि महिलाहरू आन्दोलनमा एक पटक जोडिइसकेपछि त्यसलाई काफी गम्भीरपूर्वक लिन्छन् । पेरूभियाली महिलाहरू, जसले क्रान्ति(कारी बाटो अप्नाएका छन्, उनीहरूको लगनशीलताको व्याख्या गर्नका लागि कुनै महान सिद्धान्तको आवश्यकता छैन । ती सबै क्रान्तिकारी महिलाहरू सरकारी अधिकारीबाट बर्वर तरीकाले उत्पीडित भएका महिलाहरू हुन्, योजनाबद्ध ढंगले बलात्कार गरिएका महिलाहरू हुन् । प्रेसले ती नै उत्पीडित र बलात्कृत महिलाहरूलाई बदनाम गर्न खोज्यो र अन्तर्राष्ट्रिय रूपमा जुन सम्मान र प्रशंसाका दावेदार उनीहरू हुन्, त्यसबाट उनीहरूलाई बञ्चित गरिएको छ ।

❑

*(कैरल एन्ड्रियाः अमेरिकाको उत्तरी कोलोराडो विश्वविद्यालयमा समाजशास्त्र विभागमा अध्यापन/ २७-२८ फरवरी, १९९३ मा जर्मनीको क्रेफेल्ड शहर मा डा. अविमायल गुजमान अर्थात् क. गोञ्जालोको जीवन रक्षार्थ भएको अन्तर्राष्ट्रिय आपतकालीन समितिको स्थापना सम्मेलनमा दिइएको भाषणको सान्दर्भिक अंश ।)*




TKP (ML) र TIKKO को भूमिगत पार्टी
अधिवेशनपछि झण्डा फहराउँदै पार्टी कार्यकर्ताहरू

# टर्किस कम्युनिष्ट आन्दोलन अग्रगतिमा

**–चालिसे**

समाजवादी आन्दोलनको उभारको क्रममा जन्मिएको टर्की कम्युनिष्ट पार्टी १९२० मा स्थापना भएथ्यो। यसैताका कुर्दहरूको ब्रिटेन विरूद्धको पहिलो दमन र हस्तक्षेपविरोधी विद्रोह पनि भएथ्यो। यो पार्टी विभिन्न भड्काव तथा उकाली ओराली पार गर्दै पाँच दशकसम्म अघि बढ्दै गयो। चीनको साँस्कृतिक क्रान्तिसंगै र पछि संसारभरि माओवादी पार्टीहरू आफ्नो नामको पछाडि "माले" जोड्दै श्रृजना भए। टर्कीमा पनि यो लहर पुग्यो। १९७२ मा जम्मा ६ जना कम्युनिष्टहरू बीच एकता भई इब्राहीम कायपाक्काया (Ibrahim Kaypakkaya) को नेतृत्वमा TKP (ML) अर्थात् टर्किस कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) को जन्म भयो।

कायपाक्काया एक साधारण स्कूल शिक्षक थिए। उनले परिस्थितिजन्य आवश्यकता र देशको मुक्ति "मालेमा" सिद्धान्तबाट नै हुने अठोट गरी नौलो जनवादी क्रान्तिको कार्यक्रम अघि सारे। यस पार्टीले विभिन्न दाहिने र बायाँ भड्कावका साथै संशोधनवादी तथा संसदपन्थी रूझानका विरूद्ध कडा संघर्ष चलायो। यसैकारण करीब १५ वर्षभित्र नै अर्थात् १९८७ मा टर्कीमा विद्यमान अर्को क. पा. (माले) पार्टी पनि समाहित भई संख्यात्मक तथा गुणात्मक हिसाबले निकै बलियो TKP (ML) को जन्म भयो। यसले आफ्नो मार्गदर्शक सिद्धान्त "मालेमा" रोज्यो र गाउँले शहर लाई घेर्ने, मजदूर किसानमा आधारित बलियो संयुक्त मोर्चा बनाई, गुरिल्ला युद्ध मार्फत् आफ्नो लक्ष्य प्राप्त गर्न यो अघि बढ्यो।

लौह अनुशासन तथा सिद्धान्त-निष्ठता र श्रृजनात्मक प्रयोगको फलस्वरूप १९९२ सम्ममा १००० जनाको बलियो गुरिल्ला सेनाको निर्माण भयो। यसले टर्किस घोर प्रतिक्रियावादी सरकारका सयौं चौकीमा आक्रमण गरी आफूलाई सशस्त्र बनायो र संघर्षमा यो खारियो। यसरी TKP (ML) को छुट्टै सशस्त्र बाहिनी TIKKO आज १९९४ मा ४००० को संख्यामा टर्कीका विकट पहाडी तथा गाउँले इलाकामा जनताको सुरक्षा गर्दै पार्टी निर्देशनमा अघि बढ्दैछ।

आजको शक्ति TKP (ML) र TIKKO को प्रभाव विस्तार तथा विजय देखेर इब्राहीम तथा अलि हैदर कति खुसी हुन्थे होलान्। तर जन-वैरीहरूले जनताको अग्रगति रोक्न १९७४ मै उहाँहरूको हत्या गऱ्यो। उहाँहरूको हत्याले झन जनताको रीस तथा बदलाको भावना बढ्यो र आजको अवस्था आइपुग्यो। हाल यस पार्टीमा ८० % कुर्द, १५% तुर्क तथा ५% ग्रिक, आर्मेनीयन तथा अन्य समुदायका मनिसहरू नेतृत्वमा संघर्ष गर्न लागि-परेका छन्। यसरी देशभित्रको जातीय संमीश्रण पार्टीभित्र राम्रो तथा सन्तुलित छ।

युरोपभरि तथा विशेष गरी जर्मनीमा यस पार्टीका समर्थक तथा शुभेच्छुकहरूको ATIF (जर्मनीमा काम गर्ने टर्कीस कामदारको फेडेरेशन) नामको एउटा खुला तर संघर्षशील बलियो संगठन छ। वर्षभरिमा कयौं पटक विभिन्न उत्सव, दिवस, पार्टी प्रचारको काम, कार्यकर्ता निर्माण तथा आर्थिक सहयोग जुटाउने काम यसले गर्दछ। यसका हरेक सदस्यले पार्टीलाई खुला दिलले आर्थिक सहयोग गर्दछन्। साथै सयौंको संख्यामा कार्यकर्ता टर्की पठाउने तथा टर्कीमा अप्ठ्यारोमा परेका, बिरामी तथा जीवन खतरामा परेका कमरेडहरूलाई त्यता बोलाई सुरक्षा प्रदान गर्दछ। यस संगठनले प्रवासी टर्किसहरूको साँस्कृतिक तथा सैद्धान्तिक स्तर उकास्न नियमित कार्यक्रम गर्दछ।

शोषण दमन विरूद्ध, जुलुस, सभा आयोजना गर्नु, मिल्न सकिनेहरूसंग मिलेर प्रदर्शनी गर्नु, टर्कीको आन्दोलनलाई सहयोग पुग्ने हिसाबले प्रचार प्रसार गर्नु यसका दैनिक क्रियाकलाप नै बनेका छन्। गत वर्ष माओ शतवार्षिकीमा पार्टी नाममा पोष्टरिङ, जर्मन नयाँ

साम्राज्यवादविरूद्धको कार्यक्रम, मई दिवस, गोल्जालो बचाउ अभियान, कुर्द विरोधी दमन विरूद्ध जुलूस आदि यसले गरेका उल्लेखनीय कामहरु रहे । त्यस्तै गरी, हरेक वर्ष जर्मनीको कलोन शहर-मा एक पटक मई १ मा पार्टी स्थापना तथा इब्राहीमको शहादतको सम्फना-सभा गरिने कुराहरू अति महत्वपूर्ण छन् । यसमा साँस्कृतिक कार्यक्रम मात्र होइन, राजनीतिक भेला, कार्यकर्ता प्रशिक्षण आदि पनि गरिन्छन् । यसै-गरी, बेला बेलामा विभिन्न स्तरका भेलाहरूको आयोजना हुन्छ ।

विभिन्न कारणले हाल यस पार्टीमा तमाम तुर्कहरू अर्थात् बहुसंख्यक कुर्दहरू समाहित हुँदैछन् । यद्यपि कुर्दिस्तान श्रमिक पार्टी (PKK) बलियो तथा सशस्त्र छ, तर पनि बढी राष्ट्रवादी तथा स्वायत्तताको मात्र माग भएको कारण हाल १९९२ मा १५००० भएको कुर्द छापामारहरूको संख्या १९९४ मा आइपुग्दा ८००० मा सीमित भएको छ । यसबाट जनमुक्तिको बाटो समात्ने, सिद्धान्त र व्यवहारमा पाका पार्टीहरू अप्ठ्यारा पार गर्दै अघि बढ्छन् र सीमित दायरा भएका क्रान्तिकारी पार्टीहरू नै पनि घट्न सक्छन् भन्ने प्रमाणित भएको छ। हाल विभिन्न पार्टीमा संघर्षरत छापामारहरू, क्रान्तिकारीहरू तथा जनसमुदायहरू विस्तारै TKP (ML) मा समाहित हुँदै संघर्ष र आन्दोलनमा अगाडि बढ्ने क्रम जारी छ ।

# स्व. कमरेड कायपाक्कायाः टर्कीका २४ वर्षीय वामपन्थी नेता

टर्कीका जनता, जनताको आन्दोलन र जन आन्दोलनका नेताहरुको हिंसात्मक दमनमाथि टिकिरहेको टर्कीको प्रतिक्रियावादी सरकारले आजभन्दा २२ वर्ष अगाडि टर्कीका युवा वामपन्थी नेताको निर्मम हत्या गरेको तथ्य अब विश्वभरि सार्वजनिक भइसकेको छ । यही हत्याको खबर २२ वर्षपछाडि युरोप हुँदै नेपालसम्म आइपुगिसकेको छ ।

हो, टर्कीका युवा वामपन्थी नेता क. इब्राहीम कायपाक्कायालाई टर्कीको प्रतिक्रियावादी सरकारले आफ्नो प्रहरी थानाभित्रै निर्ममतापूर्वक हत्या गरेको थियो । हत्या गरिंदा भर्खरै २४ वर्ष पुगेका क. कायपाक्कायाको अपराध थियो- टर्कीका गरीब, शोषित पीडित जनताको मुक्तिको सपनालाई साकार पार्नको लागि निरन्तर रुपमा संघर्षरत रहन जनतालाई संगठित गर्नु । उनको अपराध थियो- आफ्नो मार्गदर्शक सिद्धान्तको रुपमा मार्क्सवाद लेनिनवाद र माओ-विचारलाई अंगाल्नु !

यसै अपराधका कारणले क्रुरतापूर्वक मारिएका क. कायपाक्कायाको जीवन भने जतिसुकै छोटो किन नहोस्, तर गौरवपूर्ण थियो । सानै उमेरदेखि टर्कीका जनताको मुक्तिका लागि उनी संघर्षरत थिए । उनीकम उमेरमै आफ्नो देशको वामपन्थी आन्दोलन र कम्युनिष्ट पार्टीमा देखिएको संशोधनवादी रुझानको विरुद्ध पनि संघर्ष गर्दै क्रान्तिकारी धार सृजना गर्नका लागि प्रयत्नशील भएका थिए ।

टर्कीको कम्युनिष्ट पार्टीभित्र देखिएको संशोधनवादी रुझानको विरुद्ध उनले १९६० को दशकमा नै संघर्ष गरेका थिए । त्यसबेला क. माओत्सेतुङको नेतृत्वमा विश्वव्यापी रुपमा संशोधनवाद विरोधी संघर्ष चलेको थियो । सोभियत संघको कम्युनिष्ट पार्टीका नेता ख्रुश्चेभ र ख्रुश्चेभवादीहरुको संशोधनवाद विरुद्धको संघर्षलाई टेवा दिंदै उनले आफ्नो देशभित्र पनि यस अभियानलाई अगाडि बढाएका थिए । यसरी संघर्ष गर्ने क्रममा क. कायपाक्कायाले कम्युनिष्ट पार्टीभित्र संशोधनवादीहरुको बाहुल्यता भएको कारण देखाई विद्रोह गरी नयाँ कम्युनिष्ट पार्टी स्थापना गरेका थिए । उनले स्थापना गरेको पार्टीको नाम हो- Communist Party of Turkey, Marxist-Leninist (TKP-ML) अर्थात् टर्की कम्युनिष्ट पार्टी (मार्क्सवादी- लेनिवादी) !

उनले टर्कीमा क्रान्तिकारी धार सृजना गर्ने क्रममा त्यहाँको इतिहासमै प्रथम पटक जनयुद्धको शुरुवात गंभीर रुपमा गरेको दावी क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन (RIM) को छ ।

यो जनयुद्ध अहिले पनि टर्कीका पहाडहरुमा गाउँ-गाउँमा जारी रहेको कुरा TKP (ML) का कार्यकर्ताहरुको भनाइ रहेको छ ।

संशोधनवाद विरोधी संघर्षको क्रममा सुधारवादी, वैधानिक र आर्थिक संघर्षमा मात्रै सीमित रहेका टर्कीका वामपन्थीहरुलाई उनले अवैधानिक, हिंसात्मक र क्रान्तिकारी बाटो देखाएका थिए भन्ने पनि उनीहरुको दावी रहेको छ । उनले चुनाववादी केही वामपन्थी पार्टीहरुको पनि आलोचना गर्दै भनेका थिए- "यी पूँजीवादीहरु वस्तुको नाम फेर्दैमा त्यसको प्रकृति पनि फेरिन्छ भन्ने भ्रुठो भ्रममा परिरहेका छन् ।"

टर्कीको ठूलो समस्याको रुपमा रहेको कुर्द जातिमाथि तुर्क जातिको अहंकारयुक्त दमन, जुन टर्कीको फासिष्ट सरकारले गरिरहेको छ, को सन्दर्भमा पनि आफ्नो दृष्टिकोण प्रस्तुत गरेको कुरा यहाँ स्मरणीय छ । उनको विचार अनुसार, "कुर्द जातिमाथि गरिंदै आएको जातीय दमनको एक मात्र अचुक औषधी हो- सर्वहारा वर्ग र सर्वहारावर्गको पार्टीको नेतृत्वमा क्रान्ति गरी नयाँ जनवादी व्यवस्था स्थापना गर्नु ! नयाँ जनवादी टर्कीको शासनले मात्र कुर्द समस्या हल गर्न सक्दछ ।"

यसरी टर्कीका शोषित-पीडित जनतालाई सचेत, संगठित र सशस्त्र पार्दै मुक्ति संघर्षको मैदानमा उतार्ने काममा कृयाशील भएको कारणले क. कायपाक्काया फासिष्ट शासकहरुको आँखाको धूलो बने तर जनताको आँखाको नानी बने । वामपन्थी पार्टी र नेता-कार्यकर्ताहरुमाथि सैनिक दमनको हतियारले पेल्दै आएको अमेरिकी साम्राज्यवादको पिट्ठू टर्कीको फासिष्ट सरकारले TKP (ML) माथि दमनकै भाषा प्रयोग गर्दै आएको छ । यसै सरकारी दमनको क्रममा TKP (ML) का संस्थापक क. कायपाक्कायालाई पनि गिरफ्तार गरी प्रहरी थानामा कायरतापूर्वक हत्या गरिएको थियो । त्यहाँ वामपन्थी पार्टीका कार्यकर्ता-नेताहरूमाथिको दमन अभियान अहिलेसम्म चालू छ र प्रतिरोध पनि जारी छ ।

युवा उमेरमै क. कायपाक्कायाको हत्याले टर्कीको वामपन्थी आन्दोलनलाई मात्रै होइन, विश्वकै वामपन्थी आन्दोलनको लागि पनि क्षति पुऱ्याएको छ । यसको क्षतिपूर्ति लिन टर्कीमा सशस्त्र रुपमा संघर्षरत् TKP (ML) तथा अन्य वामपन्थी पार्टीहरुप्रति सद्भावना, सहयोग र ऐक्यबद्धता प्रदर्शन गर्नु नै विश्वका सबै वामपन्थीहरुको दायित्व हो ।

-राजेन्द्र महर्जन



सोह्र वर्षे कुर्द विद्यार्थीको हत्याविरूद्ध जर्मनीमा निकालिएको जुलूस

# वामपन्थी प्रधानमन्त्री र कालो बोकोको बली !

-दीपक प्रधान



जुन दिन प्रधानमन्त्री मनमोहन अधिकारी बालुवाटार भित्रिनु भो, त्यहाँ एउटा अनौठो लाग्ने घटना घट्यो । प्रधानमन्त्री अधिकारीले आफ्नो सरकारी निवासको आँगनमा ठड्याइएको झण्डाको लट्ठामा कालो बोकाको बली दिनु भो, त्यसपछि बोकाको रगतमाथि पाइला राख्दै उहाँ निवासभित्र प्रवेश गर्नु भो ।

कुनै कट्टर हिन्दू प्रधानमन्त्री भएको भए यो पशुबली कुनै चर्चित र आश्चर्यजनक घटना हुने थिएन । मानिसहरु यसलाई स्वाभाविक तवरले लिन्थे । तर मनमोहन त एउटा कम्युनिष्ट पार्टीको सर्वोच्च नेता हुनुहुन्छ । यस हिसाबले उहाँ नेपालको लागि साम्यवादको एक जना प्रमुख प्रवक्ता र प्रयोक्ता हुनुहुन्छ । साम्यवादी जीवन शैली र दृष्टिकोण सिक्न चाहनेहरुका लागि मानिसहरुले एक जना उच्चतम् आदर्श र नमूनाको रुपमा लिनु पर्दा मनमोहनलाई लिन खोज्नु नितान्त स्वाभाविक हो । कम्युनिष्ट पार्टीको अध्यक्ष भनेको वास्तवमा त्यही उच्चाईको ओहोदा हो । नेपालको निम्ति द्वन्दात्मक भौतिवादको प्रमुख व्याख्याता र विकासकर्ता भनेकै यहाँको कम्युनिष्ट पार्टीको सर्वोच्च नेता हो ।

त्यसैले कमरेड मनमोहनको कालो बोकोको बलीले एकसाथ थुप्रै गंभीर प्रश्नहरु पैदा गरेको छ ।

पहिलो प्रश्न छ- उहाँले किन बोकाको बली दिन जरुरी ठान्नु भो ?

यो घटनाले देखाएको छ कि अज्ञानताले पिल्सिएका आम जनसाधारण जस्तै कमरेड मनमोहन पनि अन्धविश्वासले ग्रस्त हुनुहुन्छ । ईश्वरलाई कालो बोकोको भोग चढाएपछि ईश्वर प्रसन्न हुनुहुनेछ र उहाँको प्रधानमंत्रीत्व चीर स्थायी हुनेछ भन्ने उहाँको विश्वास छ । त्यही अन्धविश्वासले उहाँलाई बोकोको बलीतर्फ डोऱ्याएको हो ।

तर प्रश्न उठ्छ, एकातिर उहाँ नेपालको लागि समाम्यवादी दर्शनको प्रमुख प्रवक्ता र प्रयोक्ता, अर्कोतिर बोकाको बलीले देखाएको ईश्वरप्रतिको अन्धविश्वास, यो दुवै कुरो एकसाथ कसरी हुन सक्छ ? यी दुई बीच कसरी तालमेल हुन सक्छ ?

साम्यवादी दर्शन भनेको द्वन्द्वात्मक-भौतिकवादी दर्शन हो । यो विश्वको सबैभन्दा वैज्ञानिक दर्शन हो, जुन सबै किसिमको अन्धविश्वास र मनगढन्त चिन्तनबाट मुक्त छ । यसले वैज्ञानिक तवरले पुष्टि हुन नसक्ने कुनै कुरा पनि मान्दैन । त्यसैले, यसले ईश्वरको अस्तित्व पनि मान्दैन । किनकि, संसारमा ईश्वरको अस्तित्व विज्ञान-द्वारा अहिलेसम्म प्रमाणित हुन सकेको छैन ।

तर त्यही साम्यवादी दर्शनका देशको सबैभन्दा ठूला र आधिकारिक व्याख्याकारले ईश्वरका नाममा कालो बोको चढाउनु भो, प्रधानमन्त्री पदको स्थायित्वको लागि ।

यो भन्दा ठूलो विरोधाभाष अरु के हुन सक्छ ? यसले त के देखायो भने जुन वैज्ञानिक दर्शनको उहाँ सबभन्दा

चुनावको निम्ति त यो पोशाकले सहानुभूति जगाउला, तर........

**❑ क. मोदनाथ प्रश्रितले यज्ञमा होम गर्नु भएको घटना पनि यस्तै घटना हो !**

**❑ क. विद्या भण्डारीले धेरैपछिसम्म सेतो सारी लगाउनु भयो !**



ठूलो व्याख्याकार हुनुहुन्छ, प्रयोगकर्ता हुनुहुन्छ- पदीय दृष्टिकोणबाट, त्यही दर्शनप्रति उहाँको आफ्नै विश्वास छैन । उहाँको भित्री विश्वास ईश्वरप्रति छ, जसलाई संसारको कुनै वैज्ञानिक दर्शनले पनि विश्वास गर्दैन ।

उहाँ ईश्वरको भक्तिकर्ता पनि ,उहाँ नै संसारमा ईश्वर भन्ने त्यस्तो कुनै कुरा छैन भन्ने वैज्ञानिक दर्शनको सबैभन्दा आधिकारिक व्याख्याकार पनि !

यी दुबै एकसाथ कसरी हुन सक्छ ? एकै म्यानमा यी दुबै तरवारहरु कसरी अट्न सक्छन् ?

बिहान मानिसहरुले कमरेड मनमोहनबाट संसारमा ईश्वर भन्ने कुनै कुरा छैन, त्यो खालि अन्धविश्वास मात्रै हो, संसार र यी वस्तुहरु कुनै ईश्वरले सिर्जना गरेका कुरा होइनन्, यी त वस्तु र प्रकृतिको विकास क्रममा आफैं विकसित भएका कुरा हुन् भन्ने साम्यवादी दर्शनको व्याख्यान सुन्ने । दिउँसो तिनै मानिसले अस्तित्वमा छैन भनिएको ईश्वरलाई क. मनमोहन आफैंले पुजिरहेको, भोग दिइरहेको देख्ने !

यस्तो हुँदा उनीहरुले के सोच्लान् ? के सिक्लान् उनीहरुले उहाँबाट ?

निश्चय नै मानिसहरुले उहाँलाई पाखण्डी ठान्नेछन् । त्यस्तो मानिस ठान्ने छन्, जो बिहान आफैंले भनेको कुरामा दिउँसो आफैं विश्वास गर्दैन र त्यसलाई लागु गर्दैन । अनि के यस प्रकारको अन्तरविरोधी आचरणबाट मानिसहरुमा वैज्ञानिक सत्यप्रति र परिवर्तनका वैज्ञानिक बाटाहरुप्रति आस्था र विश्वास फैलनेछ ? साम्यवादको यस्तै 'आधिकारिक व्याख्याकार' संसारभरि भए भने समाजको भविष्य कस्तो हुनेछ ? साम्यवादको भविष्य कस्तो हुनेछ ?

साम्यवादी दर्शनको वैज्ञानिकतालाई विश्वमा अहिलेसम्म कसैले पनि गलत साबित गर्न सकेको छैन । विज्ञानका सबैभन्दा पछिल्ला आविष्कारहरुले समेत द्वन्दात्मक भौतिकवादलाई सही साबित गरेको छ । तर त्यही सबैभन्दा वैज्ञानिक दर्शनका आधारमा संगठित भएको आफूलाई मान्ने पार्टी- नेताले भन्ने कुरा एउटा, तर गर्ने कुरा अर्को गर्छन् भने, कसको के लाग्छ ? नेताले नै, व्याख्याताले नै द्वन्द्वात्मक भौतिकवादप्रति ओठेंभक्ति मात्र देखाउने, तर आचरण त्यसको ठीक विपरीत गर्ने गर्न थाल्यो भने यो दर्शनमा मानिसहरुको विश्वास कसरी जाग्छ ?

साम्यवादी दर्शनलाई अरु



अवैज्ञानिक दर्शनहरुबाट त्यत्ति खतरा छैन, जति यही दर्शन मान्ने तर आचरण त्यसको ठीक विपरीत गर्नेहरुबाट खतरा हुन्छ । अरु सबै अवैज्ञानिक दर्शनहरुलाई साम्यवादले हरेक हिसाबले सामना गर्न सक्छ, किनकि यसका सबै निचोडहरु विज्ञानले पुष्टि गरेका तथ्यहरूबाट निकालिएका निचोडहरू छन् । तर यही दर्शनका हिमायतीहरुले यसको ठीक विपरीत आचरण गरे भने आम जनतामा यसले नकारात्मक असर पार्नेछ । आमजनताले कसरी विश्वास गर्ने कि यो सबैभन्दा उत्कृष्ट र वैज्ञानिक दर्शन हो, जबकि यसको सबैभन्दा ठूला व्याख्याकार आफैंमा योप्रति विश्वास देखिन्न ?

त्यसैले दुई मध्ये एक हुनु पर्छ- या त क. मनमोहन जस्ता कम्युनिष्ट आन्दोलनमै आफ्नो जिन्दगी खपाएका नेताले साम्यवादी दर्शनविरोधी आचरण गर्न छोड्नु पर्छ । साम्यवादलाई उहाँ जस्ताले आफ्नो जीवन- सँस्कृति बनाउनु पर्छ । जीवनका हरेक समस्यालाई साम्यवादी दर्शनका आधारमा हल गर्न खोज्नु पर्छ । अनि मात्र हरेक मानिसले उहाँको जीवनशैलीलाई नै आफ्नो आदर्श बनाउन सक्छन् । उहाँलाई पदको हिसाबले मात्र होइन, वास्तवमै परिवर्तनको वैज्ञानिक बाटोका मुख्य प्रवक्ता र प्रयोक्ताका रूपमा स्वीकार्न सक्छन् ।

हैन भने, उहाँ स्वयंमा दिलभित्रैदेखि साम्यवादी दर्शनप्रति विश्वास छैन भने उहाँ र उहाँजस्ताले साम्यवादी दर्शनको प्रवक्ता र प्रयोक्ता

> देशमा सबैतिर क. प्रश्रितले जस्तै सबै कम्युनिष्टहरूले यज्ञमा चरू लिएर होम गर्न थाल्ने हो भने साम्यवादी दर्शनको भविष्य कस्तो होला ?

बन्न छोड्नु पर्छ । जुन दर्शनप्रति उहाँको असली आस्था र विश्वास छ, त्यसैको प्रवक्ता र प्रयोक्ता बन्नु नै उहाँको अधिकतम् इमान्दारी हुनेछ ।

प्र.मं. निवास बालुवाटारको बोकाको बलीले त के देखाएको छ भने क. मनमोहन त्यस्तो दर्शनका मुख्य प्रवक्ता त हुनुहुन्छ, जोसंग त्यो दर्शनप्रति कुनै विश्वास र प्रतिवद्धता छैन । यस प्रकार साम्यवादी दर्शन फगत औपचारिक कुरो भएको छ, जुन औपचरिक मिटिङहरुमा छलफलको हदसम्म मात्र सान्दर्भिक हुन्छ । हामीले यसलाई दैनिक जीवनमा लागु गर्न जरुरी ठानेनौं । दैनिक जीवनमा र व्यवहारमा त अर्को कुनै दर्शन नै हामी प्रयोग गर्छौं ।

जब पार्टीको सर्वोच्च नेताबाटै यस्तो नमूना देखाइन्छ भने आम कार्यकर्ताले कुन आदर्श अनुशरण गर्ने, जब पूरै कम्युनिष्ट नेता र कार्यकर्ताले अर्थात् पूरै पार्टीले साम्यवादी दर्शनलाई मिटिङको चर्चाको विषय मात्र बनाउँछ, जीवनमा लागू गर्ने दर्शन बनाउँदैन भने आम जनताले त्यसबाट के अनुशरण गर्ने ? के सिक्ने ?

नेपालको कम्युनिष्ट आन्दोलनको एउटा मुख्य समस्या नै यही भएको छ । यहाँ साम्यवाद अहिलेसम्म फगत औपचारिक कुरो भएको छ, यो जीवन- दर्शन र जीवन-संस्कृति भएको छैन । साम्यवादी दर्शनप्रति आस्थाको चर्चा फगत बैठकहरुमा हुन्छ, आमसभाहरुमा हुन्छ । तर जीवनमा कुनै पनि समस्या आउँदा समस्या समाधान गर्न साम्यवादी दर्शनको जरूरत महसूस हुँदैन । हामी स्वस्फूर्त रुपमा आफूले जानिरहेको अर्कै कुनै दर्शनको सहाराले हाम्रो जीवनको समस्या हल गर्न खोज्छौं ।

के हामी कुनै घरेलु समस्या आउँदा, बच्चाहरुसंग सम्बन्धित समस्या आउँदा, समाजको समस्या आउँदा कहिल्यै सोच्छौं कि- यसमा साम्यवादी विधि भनेको के हो ? गैर-साम्यवादी विधि भनेको के हो ? कुन उपायबाट समस्याको विश्लेषण गर्नु साम्यवादी दर्शनको प्रयोग हो ? कुन उपायबाट समस्याको विश्लेषण गर्नु गैर-साम्यवादी हो ?

त्यसैले क. मनमोहन त खालि उदाहरण मात्रै हुनुहुन्छ । साम्यवादलाई जीवन-दर्शन र जीवन- सँस्कृति बनाउने समस्या हाम्रो आन्दोलनको आम समस्या हो ।

मनमोहन चर्चित नेता हुनुभएकोले उहाँको घटना चर्चित भयो । तर त्यस्ता घटना यहाँ दिनहुँ थुप्रै हुँदैछन्, जुन चर्चाको वृत्तमा आउँदैनन् ।

शिक्षा तथा संस्कृति मन्त्री तथा प्रख्यात वामपन्थी विद्वान क. मोदनाथ प्रश्रितले यज्ञमा होम गर्नुभएको घटना क. मनमोहनकै घटनासित मिल्दोजुल्दो घटना हो । क. मोदनाथ प्रश्रित "देवासुर संग्रामका" सुप्रसिद्ध लेखक हुनुहुन्छ । लाखौं मानिसहरुले त्यो र उहाँका अन्य पुस्तकबाट ईश्वर बारेको आफ्नो भ्रम च्यातेका छन् । भौतिकवादी विश्वदृष्टिकोण सिकेका छन् । तर तिनै पुस्तकका स्रष्टा र लाखौं पाठकका आदर्श मोदनाथ प्रश्रित त्यही पुस्तकले देखाएको आदर्श विपरीत चरु लिएर हिन्दू पण्डितहरुसित होम गर्न बस्नु हुन्छ भने आम पाठकहरुले उहाँबाट के शिक्षा प्राप्त गर्ने ? के सिक्ने ? देशमा सबैतिर क. प्रश्रितले जस्तै सबै कम्युनिष्टहरुले यज्ञमा चरु लिएर होम गर्न थाल्ने हो भने साम्यवादी दर्शनको भविष्य कस्तो होला ?

त्यस्तै महिला आन्दोलनकी एक जना चर्चित महिला नेतृ क. विद्या भण्डारीको सेतो सारीको घटना पनि यहाँनेर उल्लेखनीय छ । क. मदन भण्डारीको मृत्युपछि उहाँले धेरै पछिसम्म पनि सेतो लुगा लगाउनु भयो । अहिले आम समाजले समेत आफ्नो पतिको

मृत्यु हुँदा पत्नीले ४५ दिनमै बर्खी फुकाउने र सामान्यता चर्को रातो रंगको बाहेक अरू रंगको कपडा लगाउने चलन चलिसकेको छ। बी. पी. कोइराला जस्ता पूँजीवादी नेताले समेत आफ्नो मृत्युपछि काजक्रिया नगर्नु भन्ने आदेश आफू जीउँदो हुँदा नै आफन्तहरुलाई दिएर गई पुराना अवैज्ञानिक परम्पराभन्दा माथि आफू उठ्ने आँट गरेको घटना नेपालमा जगजाहेर छ। तर पूँजीवादभन्दा धेरै माथिल्लो र वैज्ञानिक दर्शनले लैश क. भण्डारीको मृत्युमा उहाँकै आन्दोलनकी घनिष्ठ सहयोद्धा र पत्नीले सेतो सारीभन्दा माथि उठ्ने साहस गर्न सक्नु भएन। उहाँको पार्टीले पनि यसबारे वैज्ञानिक समाधान दिएन। सेतो सारी, भलै, चुनावको निम्ति तात्कालीन रुपले जनसहानुभूति बटुल्न निकै फाइदाजनक भयो होला तर यसले जुन सांस्कृतिक सन्देश जनतामा संचार गऱ्यो, त्यसले पार्ने नोक्शानी चाहिं त्यो फाइदाभन्दा धेरै गुना गह्रौ र दीर्घकालीन छ।

क. विद्या जस्ता अग्रगामी मानिएका महिलाहरुले र 'कम्युनिष्ट' नामको उहाँको जस्तो पार्टीले समेत रुढीवादी चालचलनमा सुधार वा परिवर्तन गर्न नसक्ने हो भने लोग्ने मर्दा जिन्दगीभर रुखो पीठो खान र दुःख एवं ताडना खप्न विवश लाखौं असचेत नेपाली महिलाहरुले यस्ता परंपराहरुको दास नबन्न कसरी सक्लान्? अवैज्ञानिक परंपराहरुको सांग्लो चुडाउन आँट गर्ने कसले?

यो घटनाले के देखाएको छ भने- हाम्रो आन्दोलनमा तात्कालीन राजनीतिक फाइदा निकै गह्रौं हुन थालेको छ, वैज्ञानिक साम्यवादी दर्शन र संस्कृतिको अवलम्बनमा निकै ठूलो ह्रास आउन थालेको छ। तात्कालीन फाइदाले साम्यवादी दर्शन र संस्कृतिलाई नै क्वाप्लाक्क खान थालेको छ।

यी पनि अहिलेको चर्चित पार्टीका मानिसहरुवारेको चर्चित घटनाहरु भए।

तर चर्चाको वृत्त बाहिर सर्वत्र यस्ता घटनाहरु बग्रेल्ती भएका देखिन्छन्। साम्यवादी भनिएका सबैजसो पार्टीमा यस्ता घटनाहरु घटित हुँदैछन्।

हामीले त्यस्ता साम्यवादी नेताहरू यत्रतत्र देख्छौं, जो बेलुकी कार्यकर्ताहरुलाई वैज्ञानिक दर्शनको क्लास लिनुहुन्छ र बिहानै घोकन्ती पाराले गीता पाठ नगरी भातै खानुहुन्न। जिल्लाभरि नास्तिकताको लहर चलाउने त्यस्ता नेताहरु पनि बग्रेल्ती देखिन्छन्, जो आफ्नो घरमा चाहिँ आफै सबैभन्दा बढी सक्रिय र अगुवा भएर भागवत- सप्ताह लगाउने सवालमा पनि अग्रपंक्तिमा रहेर क्रियाशील हुनुहुन्छ!

विवाह-ब्रतबन्ध, श्राद्ध-काजक्रिया, दशैं-तिहार सबै यथावत रुपले नै चलिरहेका छन्, जसरी पण्डित-पुरोहितहरु परिभाषित गर्छन्।

यत्तिमात्र हैन, उनीहरु यस्ता काजकर्महरु विशेष तडकभडकपूर्ण तरीकाले गर्ने गर्छन्। कुनै चुसाहा जमीन्दारको घरमा गरिने स्तरको खर्च गरेर वेफ्वाँकमा सम्पत्ति सकेर धाकधक्कू जमाउने नियतले बिहे, ब्रतबन्ध, पास्नी आदि गर्ने "प्रगतिशीलहरु" यहाँ धेरै छन्। फूर्सदका समयमा उनीहरु साम्यवादी दर्शनको व्याख्यान पनि बैठक र सभाहरुमा, क्लास र गोष्ठीहरुमा यथावत चलाइरहेका हुन्छन्, उपदेश दिइरहेका हुन्छन्।

**हामीले क्रान्तिलाई उपरी-तहमा, बाहिर मात्र घटित गर्न खोज्यौं, सर्वप्रथम आफूमा क्रान्ति घटित गर्न जरुरी नै ठानेनौं।**

साम्यवादी दर्शन र संस्कृति एकातिर छ, हाम्रो दैनिक व्यवहार अर्कोतिर छ- यी दुई बीच कतै कुनै भेटघाट र सामन्जस्य देखिन्न। एउटा पूर्वतिर लागिरहेछ, अर्को पश्चिमतिर। यो हाम्रो कम्युनिष्ट अन्दोलनको एउटा मुख्य समस्या भएको छ।

यस्तो किन भइरहेछ त?

यस्तो हुनुको मुख्य कारण के हो भने, हामीले साम्यवादी दर्शनलाई गलत रुपमा बुझ्यौं र गलत रुपमा ग्रहण गऱ्यौं। साम्यवादी दर्शन व्यवहारको दर्शन हो। यो दर्शनको काम अरु दर्शनको जस्तो संसारको बारेमा व्याख्या गर्नु मात्र होइन, बरु संसारलाई नै बदल्नु हो। तर संसारलाई बदल्ने काम तिनीहरुले नै गर्न सक्छन् जो आफू बद्लिने क्रममा छन्, जसले आफूलाई बदलेका छन्। हामीले चाहिँ साम्यवादी दर्शनलाई व्यबहारमा अँगालेर आफूलाई बदल्न जरुरी नै ठानेनौं। खालि बाहिरी दुनियाँ मात्र बदल्ने हाम्रो ध्याउन्ना रह्यो। हामीले क्रान्तिलाई उपरी-तहमा, बाहिर मात्र घटित गर्न खोज्यौं, सर्वप्रथम आफूमा क्रान्ति घटित गर्न जरुरी नै ठानेनौं। हामीले व्यवहारको दर्शनलाई पुराणहरु झैं कण्ठस्थ पार्ने र फलाक्ने, तर्क गर्ने दर्शनका रुपमा मात्र बुझ्यौं र ग्रहण गऱ्यौं। यसरी हामीले साम्यवादलाई केवल बैठकहरुको औपचारिकतामा कैद गऱ्यौं। गल्ती यहीं भयो र यहींबाट भयो।

मार्क्सले भन्नु भएको थियो- संसारलाई बदल्न मजदूरहरुले सर्वप्रथम आफूलाई बदल्नु पर्छ। माओले भन्नु भएको थियो- क्रान्तिको पहिलो निशाना आफैं हुनुपर्छ।

यी दुवै भनाईको सार एउटै हो- क्रान्ति पहिले हामीले आफूबाट थाल्नुपर्छ, आफ्नो घरबाट थाल्नुपर्छ। बदलिएका मानिसले नै संसारलाई बदल्न सक्छन्। बलेको अगुल्टोले नै निभेको अगुटोलाई बाल्न सक्छ। क्रान्तिकारीहरुले आफूलाई, आफ्नो दृष्टिकोणलाई बदलेर, बदल्न शुरु गरेर मात्र, समाजलाई बदल्न खोज्नु पर्छ।

हामीले चाहिँ संसारलाई बदल्न बाहिर साम्यवादी दर्शनको लम्बेचौडे व्याख्यान दियौं, तर आफ्नो दृष्टिकोणलाई चाहिँ ज्यूँ का त्यूँ राखिछोड्यौं, त्यसलाई बदल्न र बैज्ञानिकीकरण गर्ने संघर्ष नै थालेनौं।

त्यसैले, बाहिर हामी साम्यवादी दर्शनका प्रमुख प्रवक्ता बन्यौं, घघडान नेता- कार्यकर्ता बन्यौं, भित्र हामी आफैंले ईश्वरको नाममा कालो बोको काट्यौं। बाहिर हामीले ठूलो प्रचार गऱ्यौं पुस्तक लेखेर, भित्र हामी आफैं चरु लिएर ईश्वरको नाममा होम गर्न गयौं।

यो विरोधाभाष साम्यवादलाई पनि पुराणहरु जस्तै औपचारिक रुपमा र यान्त्रिक रुपमा मात्र ग्रहण गर्नुको नतीजा हो। साम्यवाद हाम्रो जीवन-दर्शन बनेन्। यो पनि शास्त्र मात्र बन्यो, धर्मग्रन्थहरु जस्तै। हाम्रो समस्या यहींबाट पैदा भएको हो।

यो समस्यालाई हल गर्ने हो भने साम्यवादलाई हामीले साम्यवादी ढंगबाट ग्रहण गर्नु पर्छ। यसलाई कोरा शास्त्रका धर्मग्रन्थको रुपमा होइन, हाम्रो जीवनको हरेक समस्यालाई हल गर्ने, वैज्ञानिक ढंगले विश्लेषण गर्ने र समाधान गर्ने वैज्ञानिक विधिका रुपमा ग्रहण गर्नु पर्छ। अनि मात्र साम्यवाद हाम्रो जीवन-दर्शन र जीवन-संस्कृति बन्न सक्छ।

मानिसहरुमा अज्ञानताको कारणले र अज्ञानप्रतिको भयको कारणले नै ईश्वरप्रति विश्वास रहेको छ। त्यसैले ईश्वर सम्बन्धी भ्रमलाई जगैबाट खतम गर्ने हो भने- अज्ञानता खतम गर्नु पर्छ। तर एकै रातमा हजारौं वर्षदेखि जरा गाड्दै आएको अज्ञानता र ईश्वर प्रतिको विश्वास खतम पार्न सकिन्न। असंख्य मानिसको निम्ति ईश्वर अहिले आस्थाको विषय बनेको छ। आफ्नो दुःख पीडा भुल्ने सहारा समेत बनेको छ- अफीम जस्तै। पाप कर्म कम गर्न तर्साउने विषय समेत यो बनेको छ।

त्यसैले, हामी अनायास मानिसहरुको धार्मिक आस्थामा चोट पुऱ्याउन सक्दैनौं। चोट पुऱ्याउनु हुन्न पनि। यस्तो चोट निकै भावनात्मक हुन्छ र यो सारै हानिकारक हुन्छ।

तर असचेत र अबोध मानिसको आस्थामा चोट नपुऱ्याउनु चाहिँ एउटा कुरा हो, सबैभन्दा वैज्ञानिक दर्शनका पक्षधरहरुले अर्थात् साम्यवादीहरुले आफैंले सबैभन्दा अवैज्ञानिक कुरा आफैंले गर्न थाल्नु चाहिँ अर्को कुरा हो।

वास्तवमा कम्युनिष्टहरुले बाहिर आम जनतामा वैज्ञानिक धारणा फैलाउने काम गर्छन्, वैज्ञानिक धारणाकै प्रचार गर्छन्। उनीहरु धैर्यतापूर्ण संझाइबुझाइद्वारा मानिसहरुमा रहेको अन्धविश्वास हटाउँछन्। तर कम्युनिष्टहरु जबर्दस्ती आफ्नो कुरा लादेर मानिसहरुको धार्मिक आस्थामा चोट भने पुऱ्याउँदैनन्।

तर कम्युनिष्ट पार्टीभित्र चाहिँ यो कुरा लागु हुँदैन। पार्टीभित्र भने त्यस्ता मानिस मात्र अटाउँछन्, जो धार्मिक र कुनै पनि प्रकारको अन्धविश्वासबाट मुक्त हुन्छन्।

कम्युनिष्ट पार्टी भनेको श्रमिक वर्गको अगुवा दल हो र साथसाथै साम्यवादको आधिकारिक प्रचारक। गैर-साम्यवादी विश्वदृष्टिकोण र आचरण हुनेहरु साम्यवादको आधिकारिक प्रचारक हुन सक्दैनन्।

आम जनताको लागि धर्म र ईश्वर व्यक्तिगत मामला हुन सक्छ। मान्नेहरु स्वेच्छाले मान्छन्, नमान्नेहरुलाई नमान्न र नास्तिकताको प्रचार गर्न पनि स्वतन्त्रता हुन्छ। तर कम्युनिष्ट पार्टीभित्र भने धर्म व्यक्तिगत मामला हुन सक्दैन। तिनै मानिस नै कम्युनिष्ट हुन सक्छन्, जो सबै प्रकारको अन्धविश्वासबाट मुक्त छन्, जसभित्र धार्मिक अन्धविश्वास पनि पर्छ। अर्थात्, द्वन्दात्मक भौतिकवादका अभ्यासकर्ताहरु नै कम्युनिष्ट हुन सक्तछन्। यो स्तर प्रत्येक कम्युनिष्ट पार्टीले हासिल गर्नै पर्छ। नत्र साम्यवादीहरु नै साम्यवादका प्रचारक हुन नसक्ने विडम्बनापूर्ण स्थिति सिर्जना हुन्छ।

जहाँसम्म राज्यको सवाल छ, सरकारको सवाल छ, राज्य धर्मको

मामलामा निरपेक्ष रहनु पर्छ । राज्यले धर्मको प्रचार पनि गर्दैन, विरोध पनि गर्दैन । धार्मिक प्रचारलाई राज्यले कुनै बजेट छुट्याउँदैन पनि, र दमन पनि गर्दैन । धर्म- निरपेक्ष राज्य भनेकै यही हो ।

यही हिसाबले एमालेको सरकार धर्म-निरपेक्ष हुन्छ भने, त्यो बुझ्न सकिने कुरा हो । तर एमालेको पार्टी अध्यक्ष नै हिन्दू धर्मको प्रयोक्ता र प्रचारक हुन थाल्यो भने कसरी त्यस पार्टी र पार्टीको सरकार धर्म-निरपेक्ष हुन सक्छ ?

अनपढ र असचेत मानिसको धार्मिक भावनामा चोट नपुऱ्याउन आफ्नो संझाइ बुझाइ गर्ने काम र संघर्ष जारी राख्दै कम्युनिष्ट पार्टीकै मानिसहरु पनि एक हदसम्म उनीहरुका आस्थाका समारोहमा सरीक भइदिन सक्छन्, यो बुझ्न सकिने कुरा हो । तर कम्युनिष्ट पार्टीकै नेताहरुले र सदस्यहरुले आफैले ईश्वरलाई बली दिन र होम गर्न थाल्ने हो भने समाजमा चालू संपूर्ण रुढीवादउपर कसरी प्रश्नचिन्ह खडा हुन सक्छ र ? धार्मिक परंपराको अन्ध-अनुशरण गर्ने जनतामा रहेको प्रवृत्तिलाई- उनीहरुलाई चेतनशील पारेर मात्र उनीहरुमा आलोचनात्मक वैज्ञानिक चेत विकास गर्न सकिन्छ । अनि मात्र समाजले परिवर्तनको सही दिशा पक्डन सक्छ ।

यस दिशामा अगुवाको रुपमा पाइला चाल्नु पर्नेहरुले नै आँखा चिम्लेर उल्टो दिशामा काम गर्ने हो भने समाजमा वैज्ञानिक चेतको ढोका उघार्ने कसले ? भाग्यवाद, पुरुष हैकमवाद, ईश्वरवाद, आदिलाई यसरी "कम्युनिष्ट"हरुले पनि स्थापित गर्ने काम नै गर्ने हो भने यसले परिवर्तनतिर हैन, समाजलाई यथास्थितिवादतिर धकेल्ने निश्चित छ ।

"धर्मको मामलामा विवादास्पद काम गरी जनतालाई आफूविरुद्ध भड्कन नदिने" कार्यनीति लिनुपर्छ भन्ने तर्क पनि यहाँनेर कसैकसैले अघि सार्ने गर्दछन् । तर के यसो भनेर साम्यवादीहरुले जे पनि गर्ने र जुनसुकै स्तरसम्म पनि तल झर्ने छुट हुन सक्छ र ? हामी आफ्नो व्यक्तिगत मामलामा पनि, एक इन्ची पनि आम जनताभन्दा भिन्न र उन्नत नहुने त ?

प्रश्न अत्यन्त गंभीर र सोचनीय छ । ❑

पढ्नुहोस्-
साप्ताहिक जनादेश

# म पनि कामरेड !

**-इस्माली**

**प्रगतिशील साहित्य क्षेत्रका चर्चित सृजनशील कथाकार इस्मालीले लेख्नु भएको एक नयाँ कथा "म पनि कामरेड !" यस पल्ट हामीले प्रस्तुत गरेका छौं ।**
**-मूल्यांकन**

सबै क्षेत्रको मतगणना परिणाम प्राप्त भइसकेको थिएन, तर सरकार कुन पार्टीले बनाउँछ भन्ने पक्कापक्की भैसकेथ्यो ।

कतै नभएको जात्रा हाँडीगाउँमा ! कतै नभएको घटना हाम्रो देशमा ! सबैतिर सखाप भएको भनिएका कामरेड हाम्रा देशमा पशुपतिनाथका कृपाले भनौं कि केले भनौं, मौलाउँदा फस्टाउँदा थिए । यो पनि त विडम्बनै थियो ।

अफिसमा नीलकान्त माड्सा'ब टोलाउन-झोक्राउन थालिसक्नु भएको थियो । हुन त उहाँको नियुक्ति चार वर्षको लागि करार सेवामा भएको थियो र भर्खर वर्षदिन भएको थियो । वर्षदिनमै नीलकान्त माडसा'बले नीलमहलमा नौ पुस्ताका लागि जोरजाम गरिसक्नु भएथ्यो । गएको चुनाउमा त नीलकान्त माडसा'बले नौ जना नामी नेतालाई त थैली नै टक्र्याउनु भएको थियो र त झोक्राइरहनु भएको थियो, भने, म जाबोको के गति होला !

पोहोरै पनि सबथोक ठीकठाक भैसकेथ्यो, कोसेली पात पनि पुऱ्याएकै थिएँ । तर कता कहाँ के गडबड भयो, नीलकान्त माडसा'बको पोल्टामा परिगो । पहिला पनि त्यसै हिस्सिएँ- लगभग पक्कै जस्तो भइसकेथ्यो, भोलिपल्टै जनआन्दोलनको घोषणाले व्यवस्थालाई नै बदर गरिगयो । म त छाँगाबाट खसेझैं भएँ ।

अब यसपालि त केही तरकीब लाउनै पऱ्यो भन्ने ठानिर'थे । बरा नीलकान्त माड्सा'ब नै झोक्राएको देख्दा मेरो चित्तले नि हरेश खानखोज्यो । अचेल हुँदो अफिसमा संगठनवालाहरुको चुरीफुरी बढ्दै थियो । अब-चाहिँ यिनीहरुले छोड्दै छोड्दैनन्, साटो फेर्छन् फेर्छन् ।

"हाम्रो नाउँ माथि पुऱ्याउने यै हो । अहिले बडो साखुल्लो बन्दोर'छ, साला पांगरेड !" भन्न थालेथे । एकदिन त उसले आफ्नै कानले सुनेथ्यो तर म पनि सितिमिति हरेश खानेवाला थिइनँ । आफ्नो कोशिसमा म पनि लागिरहें ।

देख्दादेख्दै सरकार गठन भयो । मंत्रीमण्डलका सदस्यहरुले शपथग्रहण गरे ।

नयाँ नौला मान्छेहरु मंत्री भए । जिन्दगी तलुवा खिइएका क्यान्भास जुत्ता र फुटपाथमा बिक्ने कमीज पैण्ट र जाकेट लाउने मान्छेहरु काला चिल्ला कारमा झण्डा फर्फराउँदै सलाम खाँदै गुड्ने भए । भरेको-तौलेको मानु खाएर वर्षौं जेलको चिसो छिंडीमा जिन्दगी गुजार्नेहरुले अब चन्द्रशमसेरले गरीब रैती-दुनियाँका पसीना लुटेर बनाइदिएको दरवारमा रग-रउस गर्ने भए । सँधै भागी भागी लुकी छिपी रात-बिरात हिंड्नुपर्ने, पुलिसको नाम सुन्दै सातो पुत्लो उड्नेहरु आज सबका सलाम खाने मंत्री भए । अड्डा-अफिस, जंगी-निजामती सबतिर सब चकित थिए ।

जनता दाहिने भएपछि कसको के लाग्छ र ! यु.के., यु.एस.ए.देखि भुटान-भारतसम्म कसैले नचिताएको कुरा भएथ्यो । त्यै त अचम्म ! सगरमाथा, सांग्रिला र यतीको देश भनेर चिनिने मेरो देश अब कामरेडहरुको देश भनेर चिनिने भो ।

'कामरेड !'

अचानक मलाई लाग्यो मैले गुह्य पत्ता लगाएँ । शायद यसैलाई 'ब्रम्हज्ञान' भन्दछन्- जान्नेहरु । अहं ब्रम्होस्मी । ब्रम्हा मै हुँ । मलाई अतिरेक आनन्द अनुभव भयो । आर्किमिडिजले 'विस्थापनको सिद्धान्त' पत्ता लगाउँदा उनी जति खुशी भएथे र 'युरेका युरेका' भन्दै कुदेथे, मलाई लाग्यो म त्योभन्दा बढी खुशी छु । आखिर ब्रम्हज्ञान जो प्राप्त गरेथें मैले ।

कामरेड !

क्या चिज छ - कामरेड !

अस्तिसम्म सबै नेपाली पंच र सबै पंच नेपाली थिए र त भएकै थियो । हिजो पनि सबै नेपाली प्रजातन्त्रवादी थिए र सबै प्रजातन्त्रवादी नेपाली थिए र पनि भएकै थियो भने आज सबै नेपाली कामरेड र सबै कामरेड नेपाली हुन नहुने किन ? तर हैन, कामरेड भनेपछि नेपाली नै हुनपर्छ भन्ने छैन । तपाई नाउँका अगाडि कामरेड थप्नुस्, अण्टार्कटिकादेखि नर्वेसम्म, टोकियोदेखि अलास्कासम्म तपाईंका आफन्त मित्रहरु अनगिन्ती हुनेछन् । यो त विश्वबन्धुत्वको भावना हो र यही नै मेरो ब्रम्हज्ञान हो , विद्यावारिधि हो । यही विद्यावारिधिको भावुक डिग्री बोकेर म शहरका पुस्तक पसलहरु चहार्न थालें । म जताततै कामरेड नै कामरेड देख्न थालें ।

"कामरेड, तपाई कहाँ कामरेड-पुस्तक होला ?" शहरको नामूद पुस्तक पसलेकहाँ पुगें म, कुद्दै-कुद्दै ।

साहूजी ट्वाल्ल परेर मेरा मुखमा हेर्न थाल्यो । डेबिट क्रेडिटमा जिन्दगी गुजार्ने त्यो बबुरो के बुझोस्-कामरेडको गुह्य !

"कामरेडले बुझ्नुभएन ? कामरेड-लिटरेचर क्या ! हाम्रो सरकारले पढ्ने पुस्तकहरु अर्थात् हँसिया-हथौडाका पुस्तकहरु.....।" मैले खुलस्त पार्न खोजें ।

"ए क क, अं......,अं......., बुझें । त्यहाँ परको मेनरोडको चौबाटोमा हुनुपर्छ । त्यहीं सम्पर्क राख्नुस् । " हातले परको मेनरोडतिर संकेत गर्दै भन्यो उसले ।

म कुद्दै कुद्दै त्यहीं पुगें । तर त्यहाँ त त्यस्तो कुनै पसल थिएन । सोद्धा-बुझ्दा थाहा भो- कुनै जमानामा यहाँ त्यस्तो ऐतिहासिक पसल थियो । तर क्रेमलिनमा लेनिनको शालिक ढालेपछि यहाँको त्यो पसल पनि पहिले लिलामीमा र त्यसपछि 'खाली शिशी, पुराना कागज' को भाउमा कालीमाटीको कबाडीले उठाएछ ।

म एकदम खिन्न भएँ । खिन्न भएर त्यहीं पेटीमा उभिइरहेको थिएँ - झोक्राएर । 'जयनेपाल' टाइपको एउटा ठिटो अगाडि आएर ठिंग उभियो र बूट

**सँधै भागी भागी लुकी छिपी रात-बिरात हिंड्नुपर्ने, पुलिसको नाम सुन्दै सातो पुत्लो उड्नेहरु आज सबका सलाम खाने मंत्री भए । अड्डा-अफिस, जंगी-निजामती सबतिर सब चकित थिए**

बजार्दै सलाम ठोक्यो, "लाल सलाम सा'ब !"

मैले त्यल्लाई तलदेखि माथिसम्म हेरें । 'केटो कामकै हुन्छ' सोचें तर ठम्याइहाल्न त गाह्रो भो । तैपनि सोधें, "कामरेड, धेरै दिनमा भेट भो, नामै भुलेंछु मैले त ।"

"आच्या, दाइ पनि ! म त उही गणेशे हुँ नि ! कस्तो नचिन्नुभा ! दाइले नेगुविमा लाइदिनु भा मलाई..... दाइको गुन म कहिल्यै बिर्सन्न...!" ऊ कृतकृत्य हुँदै बोल्यो ।

"आहा... चिजकै केटो फेला पऱ्यो," सोचें मनमनै- "आफ्नै गाउँले चेलो !" र, प्रकटमा भनें- "नाम पो बिर्स्या त, कामरेड, नचिन्या त काँ हो र ? के छ त हालचाल ?"

"एकदम राम्रो छ, दाइ । आजकाल त एकदम आराम छ । कामको भीड-भाड छैन, किताब- सिताब पढ्यो"

"के किताब ?"

"रातो किताब !"

"क्या हो यो रातो किताब भन्या ?" मैले अचम्म मान्दै सोधें ।

"ल त्यति पनि थाहा छैन, दाइलाई ?" उसले हियाउँदो स्वरमा भन्यो ।

'मलाई अलि ननिको लाग्यो, झनक्क रीस पनि उठ्यो । 'यो जाबो फुच्चे, जसलाई मैले नै जागिर लगाइदिएँ, ले मलाई हेप्ने ?' सोचें एक मनले, तर फेरि अर्को मनले भन्यो- "आफ्नै चेलो हो; आफ्नो अज्ञानता अन्त त जाहेर भा'छैन नि, ठीक छ, गर्दे आत्मसमर्पण, यसैलाई गुरु मान् । बिना गुरु ज्ञान नास्ति !"

अनि अनुहारमा पोखिन खोजेको रीसलाई दबाउँदै भनें, "भाइ, तिमीलाई थाहै छ हाम्रो ब्रम्हले नस्वीकार्ने कुरो भोग्नु पऱ्या छ..... । आफ्नो मनको कुरो आफैंसित छँदैछ । तै पनि 'हाँ......हुँ.....' त गर्नै पऱ्यो । ज्ञान भन्या कुरा सब थोकको राख्नुपर्छ, हैन र ! तिमीले यसमा मलाई सहयोग गर ।"

"दाइ, तपाई सुर्तै नगर्नुस्, सब म गरिहाल्छु नि, मेरो त फाँटै त्यै थियो ।"

गणेशेले मलाई धेरै मद्दत गऱ्यो । यस मानेमा मैले गणेशेलाई 'गडफादर' नै माने पनि हुन्छ । मोराले थाहा नपाएको त कुरै रैन छ...... । उसले मलाई केही किताबहरु पनि दियो । ती किताबहरु पहिले छापा-सापा मार्दा खानतलासीमा फेला पारेका र अफिसको चिसो छिंडीमा कतै मिल्कि-रहेका हुनाले ढुसीले खाएर केही खत्तम भैसकेथे भने केहीमा धमिराले खाएर

**"ज्वाइँ कामरेड ! यहाँ अफिसमा दशथरी मान्छे आउँछन् । बाहिरै गएर गफ गरौं ।" उनले मिहीन स्वरमा भने ।**

पढ्नै नहुने भैसकेथ्यो । किताबहरु पनि के के हुन् के के ! दास क्यापिटल, थ्योरी अफ सरप्लस भ्यालु, कलेक्टेड वर्क्स अफ मार्क्स एंगेल्स, कलेक्टेड वर्क्स अफ लेनिन, एक कदम आगे दो कदम पिछे, माओत्सेतुंगका संग्रहित रचनाहरु, के के हुन के के ! कत्रा कत्रा ठेली ! किताब देख्दै सातो गयो मेरो त ।

"यी किताबहरु दाइले शो केसमा सजाएर राख्नुस् मन लाग्दा फुर्सदमा पढे हुन्छ, अनि तत्काल पढ्न चाहिं यो लिस्टका किताबहरु मगाउनुस्" भन्दै किन्न पर्ने पुस्तकहरुको नाम लेख्न थाल्यो ।

लेख्दा लेख्दै फेरि के सोच्यो कुन्नि र भन्यो "आ भैगो दाइ, मै ल्याइदिन्छु किनेर ।"

"हुन्छ त, अहिल्यै ल्याउँछौ कि ?" भन्दै मैले एउटा 'हात्ती' उसको हातमा राखिदिएँ ।

एक छिनपछि त नयाँ पुराना गरी एक भारी किताब बोकेर ऊ आइपुग्यो र कोठाभरि किताबै-किताब छरिदियो.... वर्गसंघर्ष... मुक्तिमोर्चा.. पेमालामा प्रश्नोत्तर माला' उग्रवामपन्थी विचारधाराको खण्डन..मशाल.....गद्दार पुष्पलाल.... त्यसपछि केही साहित्यिक किताब र पत्रिकाहरु- संकल्प, झिसमिसे,

**एक छिनपछि त नयाँ पुराना गरी एक भारी किताब बोकेर ऊ आइपुग्यो र कोठाभरि किताबै-किताब छरिदियो.... वर्गसंघर्ष...मुक्तिमोर्चा.. पेमालामा प्रश्नोत्तर माला उग्रवामपन्थी विचारधाराको खण्डन... मशाल..... गद्दार पुष्पलाल....**

उभार, अनुभूति, वेदना एवं देवासुर संग्राम, पचास रुपियाँको तमसुक, नारी बंधन र मुक्ति, मानव महाकाव्य, बोई, पूर्वतिर, देउमाइको किनारमा, खदमाको गाउँ, खुड्ते कडेरिया.. । केही गीति क्यासेटहरु पनि ल्याइदिएछ ।

त्यसपछि मुख्य मुख्य नेताका बायोडाटा पनि मैले उहीमार्फत् प्राप्त गरें । कतिपयको त भूमिगत कालको बस्ने ठाउँ, टेक नाम के के थियो, नाता गोता को को कहाँ छन् , रुचि-संस्कार के के थियो आदि जानकारी पनि उसैले दियो । अझ गुह्य कुरो त उसले के बतायो भने मेरी श्रीमतीको भाउज्यूको दाइ त होल टाइमर मात्र हैन, प्रभावशाली व्यक्ति रै'छन् । बस्, मलाई त 'के खोज्छस् कानो ?..' भनेजस्तै भो ।

भोलिपल्ट अफिस पुग्दा त म तीन छक्क परें । नीलकान्त माड'साबले त फेरि पनि मलाई शह दिइसक्नु भएको । उहाँको चेम्बरमा टाँगिएको महामानवको पूर्णकदको फोटोको ठाउँमा माइलादाइ र नेताद्वयको फोटो टाँगिएको थियो । चेम्बरको सरस्वती दराजमा 'सेलेक्टेड वर्क्स' सजिइसकेको थियो ।

"तँ काँगरेडलाई मैले जान्या छु, पखन् !" सोचें मनमनै र एउटा काम निकालेर म पार्टी अफिसतिर हान्निएँ । त्यहाँ गएर मैले श्रीमतीको भाउजूको दाइ अर्थात जेठानको जेठानलाई भेटें । पहिले त उनले मलाई चिन्न अनकनाए । उनलाई आफ्नो परिचय दिंदै मैले भने, "राम दाइले भेटनु भन्नु भा'थियो । कामरेडलाई त भेट्नै गाऱ्हो ।"

"ए , हजूर पो ! हजुरको नाम त सुनेको हूँ तर देख्न भेट्न् पाएको होइन"!" उनको अनुहार उज्यालो देखियो । बोलीमा खुशी झल्क्यो । मलाई लाग्यो- मेरो 'डबल एक्सन फर्मुला'ले तुरुन्तै काम गऱ्यो । डबल एक्सन- बहिनी ज्वाइँको पनि ज्वाइँ । अनि फेरि कामरेड, अर्थात् ज्वाइँ कामरेड ।

"हो नि, हजूर भूमिगत, जथाभावी हिंड्ने/भेट्ने कुरा पनि त भएन । त्यैमाथि वाँ हजूरको मान्छे भन्ने सुराग पाएछन् । त्यँदिखि त हजूर ! गुप्तचरहरूले पछ्याएको पछ्यायै, कहिल्यै छोडेकै हैनन् । अनि भैगो भनेर मैले पनि कहिल्यै हजूरलाई भेट्ने कोशिसै गरिनं । बरू मै कहर खप्छु भन्ने अठोट गरें ।"

यसो भन्दा शब्दहरूमा आवश्यकता अनुसार जोडबल गर्न भुलिनँ र अन्त्यमा थपें- "हाम्री गोमा सँधै हजूरको कुरा गरिरहन्छे"।" मैले अर्को सुपरसोनिक क्षेप्यास्त्र प्रक्षेपण गरें ।

"ज्वाइँ कामरेड ! यहाँ अफिसमा दशथरी मान्छे आउँछन् । बाहिरै गएर गफ गरौं ।" उनले मिहीन स्वरमा भने ।

"हो नि, मलाई अघि नै भनुँ भनुँ लाग्या थियो । फेरि ननिको मान्नु होला कि भनेर'अचेल त अफिसमा कामरेड भन्दा पनि पाँगरेड र काँगरेडको भीँडभाड बढ्दो छ हजूर"।" पछिल्लो वाक्य मैले साउती गरे जस्तो गरी कानैमा भने ।

वरपर लविमा उभिएकाहरू हामीलाई ठूलाठूला आँखाले हेर्दै थिए ।

हामीले नजीकैको होटलमा गएर 'स्मल पट'को चिया खायौं र एकछिन भलाकुसारी गफ गऱ्यौं । अनि छुट्टिने बेलामा भनें, "दाइ ! भोलि छोराको जन्मोत्सव छ । भाउजू, केटाकेटीलाई लिएर पाल्नुस् न'सबैको भेटघाट चिनजान पनि हुने" । फरक नपरोस्"।"

"हवस्, फरक पर्ने छैन ।" उनले आश्वस्त गराए ।

म प्रफुल्ल मनले घर फर्कें ।

मेरो अनुहारमा फैलिएको खुशी देखेर संघारमा पाइलो टेक्नासाथ गोमाले सोधिहालिन्, " हैन, सँधै निन्याउरो मुख लाएर फर्कनु हुथ्यो त, आज निकै फ्याकफुरुक छ नि !"

" सँधै कत्ति दुःख कहर खप्ने ! हाम्रो पनि दिन फिरिहाल्छ नि गोमा । भनेकै थिएँ नि- पृथ्वी गोलो छ भनेर ! भोलि दाइ आउँदै हुनुहुन्छ सपरिवार- छोराको वर्थ डे भनेर बोलाछु ।"

"हैन, कसको वर्थ डेमा कुन दाइलाई बोलाउनु भा ?" उनी अलमल्ल परिन् ।

"हैन तिमी जुटिहालन तयारीमा, भोलि नै हाम्रो छोराको वर्थ डे मानिदिए भै गो नि । यो त पार्टीमा खाता खोल्या के ।" भन्दै मैले उनको दाइको जेठानसँगको भेटको बेलीविस्तार लाएँ ।

हाम्रो छोराको जन्मोत्सवमा कामरेड दाइ सपरिवार पाल्नु भो । ...... त्यसपछि हाम्रो धेरै लामो गफ भयो । साह्रै वेश मान्छे हुनुहुँदो रहेछ दाइ त ।

गोमासंग मेरो बिहे भएको दिनदेखिको हालसम्मको आद्योपान्त वृतान्त सुनाएँ । उहाँको नातेदार भनेर प्रतिगामीहरुले दिएको दुःख- सास्ती- कहरको वृतान्त कहें । जिल्लाका कामरेडहरुलाई काण्डको बेलामा दुई दुई महिनासम्म आफ्नै घरमा भूमिगत र खेको कुरा भन्न छुटाउने त कुरै भएन । अफिसमा कांगरेड नीलकान्त माडसा'बको चर्तिकलाको बयान गर्न पनि बाँकी राखिन । मुलतः मेरो जोड

यसैमा थियो ।

कुरा यत्तिमै सीमित रहेन । मलाई अफिसमा कामरेड मोहनको अर्थात् मोहन माड्सा'बको पनि डर थियो । मलाई पाँगरेड भन्ने पनि उनी नै हुन् । कामरेड मोहन निकै इमान्दार मानिस थिए । पदको लोभ लालसामा उनी कहिल्यै फँसेनन् । अहिले आफ्नै सरकार हुँदा पनि कहीं धाउने, दौडधूप गर्ने, भलाकुसारी गर्ने कतै केही छैन । सक्षम र कर्मठ व्यक्तिलाई उपयुक्त ठाउँमा राख्नुपर्छ भन्छन् । देश र जनताको हित चिताउने सक्षम मान्छेलाई काम गर्ने मौका दिनुपर्छ पो भन्छन् । अभ्र सर -कारको आलोचना पो गर्छन त-प्रतिगामीलाई काँध थाप्यो भनेर । त्यसैले त्यो पनि बाँकी राखिनँ, भनें, "कामरेड मोहनको गतिविधि अचेल त्यत्ति संतोषजनक छैन । उग्र उग्र कुरा गर्नुहुन्छ... सरकारको, पार्टीको आलोचना मात्र गर्नुहुन्छ ... जेमा पनि उल्टो उल्टो कुरो मात्रै...।"

कामरेड दाइले कामरेड मोहनको नाम थर वतन डायरीमा टिप्नु भयो ।

त्यत्तिमात्र हैन राष्ट्रियदेखि अन्तर्राष्ट्रिय क्षेत्रमा समेत हामीले कुरा गर्‍यौं । मुलुकका भुरे टाकुरे नेताहरुलाई गाली गर्न पनि चुकिनँ र आधुनिक विचारका अध्येता दिवंगत नेताको मुरीमुरी प्रशंसा गरें । गोर्वाचोभ र यल्तसीनलाई गाली गर्न पनि बाँकी राखिन; चीन र कोरियाका कामरेड किमको त बातैपिच्छे सह्राहना गर्दै गएँ- "त्यस्तो पो नेता !"

हाम्रो धेरै लामो कुराकानी भयो । साह्रै बेश मान्छे हुनुहुँदो रहेछ- आँखामा राखे पनि नबिभ्फाउने !

"लौ त ज्वाइँ कामरेड, धन्दा मान्नु पर्दैन । हामीलाई तपाई जस्तो कर्मठ योग्य कामरेडको निकै खाँचो छ ।" उठ्दै भन्नुभयो उहाँले ।

हिँड्ने बेलामा अफिसको फोन नम्बर टिप्नु भयो र "देखभेट सँधै हुन नसके पनि फोन गर्दै गरौं....." भन्दै आफ्नो भिजिटिंग कार्ड पनि दिनुभयो ।

" अब त बुभ्र्यौ कि ! मौकामा चौका हान्नै पर्छ नि, के को वर्थ डे भन्यौं नि....!" मैले एलेक्जेण्डर महानको भ्रैं विजयी मुस्कान ओठमा खेलाउँदै भने । गोमा पनि दंग परिन् ।

घोडा बेचेर सइस सुते भ्रैं हामी सुत्यौं । म पनि अब लालमोहरिया कामरेड जस्तै भएथें- कामरेड दाइको कृपाले । अब देख्नु होला नीलकान्त माड्सा'बले !

".....नीलकान्त माड्सा'बले राजिनामा दिन मान्नु भएनछ । म नियमानुसार बस्छु, नियमानुसार हट्छु भन्ने अड्डी लिनु भएछ । तर उहाँको अड्डी पानीको फोकाभ्रैं भयो । उहाँले अवकाश पाउनु भो । सँधै 'माछो-माछो, भ्यागुतो !' हुने गरेको त्यो घुम्ने मेचमा यसपाली म नै ढुक्कै बस्ने भएँ, बसें ।

टेबिलभरि थुप्रिएको फूलमालाले म छेलिएको थिए । कोठाभरि अफिसका स्टाफहरु बधाइ दिँदै मुख मिठ्याउँदै थिए ।

यत्तिकैमा कामरेड मोहन खोसुवा-खारेजीमा परेका चार पाँच जना कामरेड- कर्मचारी सहित हान्निदै कोठामा पसे र उनले मेरो कठालोमा समाउँदै मेचबाट जुरुक्क उठाए- "साला, पाँगरेड ! के ठान्या छौ, तिमीले ?' सँधै बेनीति-बेथितिकै बोलबाला चल्छ कि क्या हो ?" संगै आएकाहरुले मेरो माला च्यातचुत पारेर मिल्काइदिए ।

"कामरेड, के गर्‍या यो ? यस्तो प्रतिगामी व्यवहार नदेखाउनुस् त..." भन्दै म चिच्याएँ ।

"किन के भो ? तर्सनु भो ?" -गोमा पनि ब्यूँभ्री ।

"हैन, हैन, केही हैन । सपना मात्र हो.'"- मैले भनें ।

भोलिपल्ट अफिस पुग्दा सबैजसो बाहिरै बसेका थिए । संभवत: मलाई देखेर कानेखुशी गर्न थालेथे, म पुग्नासाथ चूप लागे ।

"अग्रिम बधाइ छ ! पन्नालाल माड्सा'ब !" हरेकृष्ण माड्सा'बले भने ।

"के को बधाइ, कामरेड ? खोई त नीलकान्त माड्सा'ब ? हुनुहुन्न ?" गजक्क पर्दै मैले सोधें ।

"त्यै त बधाइ भन्या !" उनीहरुले थपे ।

नीलकान्त माड्सा'ब आउनु भएनछ । उहाँको फर्मूलाले काम गरेनछ ।

"हैन, अफिसलाई त यस्तो लथालिंग हुन दिनु त भएन नि । हामीले सोचविचार गरेनौं भने त...... कामरेड हो....। खै, कामरेड मोहन कता जानु भो...;"

-मैले चिन्ता जाहेर गरे ।

"हो नि, कामरेड ।"

-सबैले एकै स्वरमा भने ।

*-(शहीद दिवस, २०५१)*

❑

पढ्नुहोस्- साहित्यिक पत्रिकाहरू
**वेदना, लहर, कलम**

# के यसले वामपन्थी आन्दोलनको वास्तविक अनुहार देखाउन मद्दत गरेको छ ?

# गीति-नाटक "ठूली"

❑ **"पानी र पछि विदोमा हुँदा**
**घाम लागे घमाइलो**
**हितैको संगी भेटघाट हुँदा**
**सारै नै रमाइलो"**

❑ **"हेर्दामा राम्रो यो काली गंगा**
**तर्नलाई गाह्रो छ**
**चुनौति हाम्रो संसारलाई**
**जित्न भ्रन् गाह्रो छ ।"**

❑ **"उग्रवादी बढे श्रीमान् !**
**हाम्रो सारा हुर्मत गयो ।**
**खै, के भनौं श्रीमान !**
**यहाँ सरा भाँड भैलो छ ।"**

❑ **"जुन दुश्मन मेरो**
**त्यही संगी तेरो**
**रोजिस् ए कुजात**
**तँ कुलघाती कुलंगार् ए**
**गैहाल् यो गाउँबाट ।"**

❑ **"तिमी दुईले बिबाह गर**
**जोडी मिल्छ असाद्दै रामरो"**

❑ **"बहुदल आउँदा सोचेका थियौं**
**फिर्छ कि सुदिन**
**भ्रन् हाम्लाई आज बिपत्ति मात्र**
**थपियो भ्रन् भ्रन्"**

❑ **"गाउँको जाली भ्रन् ठालू भयो**
**सरकारको भरले**
**लड्नु नै पर्‍यो यी दुष्टसँग के**
**हुन्थ्यो डरले"**

❑ **"फोरी देऊ चुराहरू**
**पुछिदेऊ सिउँदोको सिन्दुर**
**आउँदैन सेते जागेर**
**गयो सेते मुग्लानमा गोली लागेर"**

❑ **"भ्ररभ्ररराउँदो भ्रिल्को बनी**
**चम्क नौजवान**
**क्वीक मार्च लेफ्ट राइट लम्क**
**नौजान ।"**

**मा**थिका केही हरफहरू "ठूली" गीति नाटकका बीचबीचका प्रसंगहरूबाट उद्धृत गरिएका हरफहरू हुन् ।

"रक्तिम सांस्कृतिक अभियान" ले गत माघको तेस्रो साता काठमाडौंको प्रज्ञा भवनको हलमा लगातार तीन दिनसम्म प्रदर्शन गरेको यो गीति-नाटक चर्चित नेपाली प्रगतिशील गीति नाटकहरूमध्ये "सिम्मा" र "फुलवारीको कथा हवाईको व्यथा" पछिको तेस्रो गीति नाटक हो । कलाकार जीवन शर्माद्वारा रचिएको र संगीतबद्ध गरिएको यो गीति नाटक सोह्र दृश्यहरूमा संगेटिएको छ । अघिल्ला दुई गीति-नाटकहरूमा भन्दा अलि बढी नै पटक र बढी समय यसमा पर्दा बन्द हुने र खुल्ने प्रकृया समाविष्ट छ ।

बीच-बीचमा "सिम्मा" को भ्रभ्रल्को आउने "ठूली" को मुख्य विशेषता हो- यसले २०४६ पछिको परिवर्तित स्थितिको नेपाली समाजलाई आफूमा संगेट्ने प्रयत्न गरेको छ । पञ्चायती व्यवस्था पछि आएको पूँजीवादी बहुदलीय व्यवस्थामा नेपाली ग्रामीण समाजमा काम गरीखाने जनताहरूलाई लुटाहा जालीहरूले के अब शोषण गर्न छाडे त ? प्रहरी-प्रशासनले खास गरी शोषित र क्रान्तिकारीहरूलाई शोषकहरूको पक्षमा लागेर सताउन छाडे त ? के अब चाहिं देशमै बसेर, मुग्लान नपसीकन गरीखाने वातावरण तयार भयो त ?

-यी नै प्रश्नहरूको जवाफ खोज्ने काम यस गीति-नाटकमा भएको छ ।

ठूली र सेते यसका नायिका र नायक पात्र हुन् । ठूले नामको अर्को युवक चाहिं यी दुईभन्दा पनि बढी सचेत

र सक्रिय देखन्छ। कथानक ठूली र सेतेको सन्दर्भमा अघि बढ्छ, यसलाई जोड्ने उपक्रम चाहिं ठूलेको सन्दर्भले कायम गर्छ।

जनताको पक्षमा र पञ्चायती व्यवस्थाको विरुद्ध लड्ने जमातका ठूली र सेतेबीचको प्रेम सम्बन्धलाई ठूलेको विशेष प्रेरणामा उनीहरूले वैवाहिक रुप दिन्छन्। सेते कामी जातको र ठूली गुरुङ्ग जातकी हुँदा हुँदै पनि यो विवाह उनीहरूले आँटका साथ सम्पन्न गर्छन्। बहुदल आएपछि पनि रंग बदलेका जालीहरूको जालझेल र प्रहरीले खोजी खोजी हिडेको कारण सताइएर ठूली र सानी छोरीलाई छोडेर सेते विदेशिन्छ। कास्मिरको जंगलमा भारतीय फौजी जवान बनेर गएको सेते लडाईमा एउटा हात गुमाउन पुग्छ।



रक्तिम सांस्कृतिक अभियानका कलाकारहरू/क्यासेट बोक्दै जीवन शर्मा

उता ठूलीलाई जालीहरूले सताउँछन्। छोरी पनि मर्छ। सेते मरेको झुठो खबर गरी उसलाई विधवा भेष धारण गर्न लगाउँछन्। यसैबीच, पुलीसको पक्राउ र थानामा अत्यन्त ठूलो यातना खप्न बाध्य पारिएको ठूले पनि जेल तोडेर घर आउँछ। सेते पनि विदेशबाट घर फर्किन्छ। उनीहरूको साथी-संगातीको सिंगै समूहले संघर्ष तेज गर्ने टुंगो गर्छ। जाली शोषकको घरतिर अघि बढेको समूहलाई पुलीसले छेक्छ। पुलीसहरू लघारिन्छन्। पछि बन्दूक बोकेर आएका पुलिसहरूका विरुद्ध घरेलु हातहतियार बोकेका जनसमुदायको मुठभेड हुन्छ। मुठभेड चालु हुन्छ, यत्तिकैमा गीति-नाटक समाप्त हुन्छ।

"रक्तिम" परिवारका कलाकारहरूले यस गीति-नाटकमा प्रस्तुत गरेको स्वर, संगीत, अभिनय, प्रकाश-व्यवस्था, दृश्य-संयोजन आदि प्रशंसनीय रहेका थिए। बाल शहीद राजन रायमाझीको प्रतिमा स्थापनाको निम्ति सहयोगार्थ प्रदर्शित यस नाटकको व्यवस्थापन सो प्रतिमा स्थापना सहयोग समितिले गरेको थियो। व्यवस्थापन पक्ष पनि कुशल देखिन्थ्यो। पर्दा खुल्दा केही ढीलाइ हुन गएको अनुभव चाहिं दर्शकहरूलाई हुन्थ्यो।

समग्रमा भन्नुपर्दा गीति-नाटक ठूलीले राम्रो र सह्राहनीय काम गरेको छ।

तर यसको विषय-वस्तुको छनौटका बारेमा भने केही टिप्पणी गर्नै पर्ने देखिन्छ।

पहिलो कुरा हो- यत्रो ठूलो प्रयत्नलाई "सिम्मा" भन्दा निकै भिन्न विषयवस्तु प्रस्तुत गर्नमा लगाइएको भए प्रष्ट रुपले फरक विषयमा अर्को एक रचना तयार हुन्थ्यो। नेपाली प्रगतिशील नाट्य क्षेत्रमा यसले विविधता दिन थप बल पुऱ्याउँथ्यो।

दोस्रो कुरा हो- यस गीति-नाटकका पात्रहरूको छनौटको प्रश्न।

यसमा ठूली, सेते र ठूले गरी मुख्य तीन प्रगतिशील पात्रहरू छन्। ठूलीकी आमा र उनीहरूका संघर्षशील साथीहरू सहायक पात्रहरू हुन्। प्रतिकृयावादी खेमामा यहाँ महापञ्च खेमवीर, उसको चम्चा, पञ्चायती सि.डि.ओ. र पुलीसहरूलाई देखाइएको छ। यी प्रतिकृयावादी पात्रको चयन भने ठीकै देखिन्छ। यिनले समाजको सो वर्गको प्रतिनिधित्व गरेका छन्। तर प्रगतिशील पात्रहरूको चयनमा भने गम्भीरता अपनाइएको पाइन्न।

यी मुख्य पात्रहरू हाम्रो समाजका प्रगतिशील आन्दोलनका अगुवाको रुपमा यहाँ प्रस्तुत छन्। तर यिनीहरूमा अगुवामा हुनु पर्ने स्तर देखिँदैन। कामी-गुरुङ्ग अन्तरजातीय विवाह जस्तो साहसी कदम चाल्ने, पञ्चायत विरुद्ध लड्ने पात्रहरू पछि गएर पुलीस-दमनको नाममा एक जना सजिलै घर छोडेर विदेशिन्छ, अर्कीले गाउँको जालीको खबरमा सजिलै विश्वास गरेर सेतो वस्त्र धारण गर्छे। तुलनात्मक रुपले सचेत ठूले जेल-नेल खप्नु पर्दा पनि विचारमा भने दृढ छ तर उसमा पनि सुझबुझभन्दा "क्रान्तिकारी भावुकता" ज्यादा विद्यमान देखिन्छ। जाली-सामन्तको घरतिर आफू आफू मिलेर उनीहरू भिड्न जान्छन्। आम-जनतालाई संगेट्ने र उन्नत विकल्पबारे गम्भीर भएर सोच्ने प्रवृत्ति ठूलेमा पनि देखिन्न। "सिम्मा" को नायक पात्रले "लड्नु नै पर्छ भने विदेशमा हैन, स्वदेशमै लड्ने "मोटामोटी खाकासम्म मात्र आफूले खिचेको छ। तर "ठूली" का प्रमुख पात्रहरू "जनवादी क्रान्ति" को प्रष्ट किटानीसाथ प्रस्तुत भएका छन्। यत्ति ठोस रुपमा लक्ष्य किटेर अगाडि बढ्नेहरूले अप्नाउनु पर्ने गम्भीरता उनीहरूमा देखिन्न।

साथै, नाटकमा प्रस्तुत शोषणका दृश्यहरूले र शोषणविरोधी आन्दोलनको गतिविधिले दर्शकको मनलाई यथेष्ठ गम्भीरतापूर्वक चिमोट्ने गरी छुन सकेको पनि पाईंदैन।

यसरी हेर्दा के देखिन्छ भने-नेपाली प्रगतिशील लेखक-कलाकारहरूले मात्रात्मक मात्रै भए पनि बदलिएको बर्तमान परिस्थितिमा हाम्रो समाजमा जनता र जनताका शत्रुबीचको अन्तरविरोधको स्वरुप र त्यसलाई हल गर्ने व्यवहारिक कौशलका बारे गहिरिएर हेर्नु, केलाउनु, खोजबीन गर्नु जरुरी छ।

यस गीति-नाटकमा अन्तिम दृश्यले दिने संघर्ष जारी रहेको संकेत चाहिं राम्रो र प्रतीकात्मक छ।

**अन्तमा एउटा प्रसंग उठाऔं-**

यदि "ठूली" ले प्रस्तुत गरेका स्तरका व्यक्तिहरू नै हाम्रो वर्तमान वाम-आन्दोलनका अगुवाहरूका वास्तविक प्रतिनिधि पात्र हुन् भने चाहि "ठूली" ले हामीलाई हाम्रो वास्तविक अनुहार देखाउन मद्दत गरेको नै मान्नु पर्छ। यसबाट वाम नेतृत्वले सिक्नु पर्छ- आफ्नो स्तर 'तुरुन्तै संघर्ष र तुरुन्तै पलायन अनि फेरि एकाएक जोश र बेतयारीपूर्ण सूत्रबद्ध संघर्ष' गर्ने "पवित्र क्रान्तिकारी भावुकता" को स्त[illegible] [illegible] माथि रहेनछ।

नेतृत्वको स[illegible]को यो समस्य[illegible]ई कसरी हल गर्ने ?

**– हरिगोविन्द लुईटेल**



## शहीद रत्नकुमार वान्तवाको जीवनीमा आधारित "देउमाईको किनारमा" फिल्मका निर्देशकसँग कुराकानी

भिडियो फिल्म "देउमाईको किनारमा" आम-दर्शकहरूसमक्ष प्रदर्शित हुन बाँकी छ। तर पनि यसले खास गरी राजनीतिक क्षेत्रमा सचेत व्यक्तिहरूको ध्यान भने केही हदसम्म तानिसकेको छ। नेपालको कम्युनिष्ट आन्दोलनलाई विविध वैचारिक- धाराहरूमा रहेर अगाडि बढाई जनताको मुक्तिको निम्ति लागिपर्ने वीर सपुतहरूमध्येका एक सपुत क. रत्नकुमार वान्तवाको जीवनीलाई आम-मानिसहरूसम्म पुऱ्याउने जमर्को गरेको हुनाले नै यस फिल्मप्रति मानिसहरूमा यो चाख पैदा भएको हो।

ध्वनी र छायांकन लगायत विविध पक्षमा भएका केही कमजोरीका बावजूद फिल्मको प्रस्तुति सामान्यतः राम्रो रहेको यो फिल्ममा खास खास संवेदनशील दृश्यहरूलाई दर्शकहरूको मनलाई अरु छुने, अरु संवेदनशील बनाउने कार्य गर्न सम्भव थियो। तर पनि जम्मामा, यस फिल्मले देश र जनताको निम्ति समर्पित हुनेहरूको जीवन-गाथालाई देश-वदेशका कुना-काप्चासम्म पुऱ्याउन टेवा पुऱ्याएको

कारण र यस दिशामा कामको थालनी गरेर देखाएको कारण यस फिल्म निर्माणको कार्यमा जुटेकाहरू सबै धन्यवादका पात्र बनेका छन् ।

क. रत्नकुमारको बालक कालदेखि उहाँको हत्या र पछि शालिक निर्माण भएको घटनासम्म संगेटिएको यस फिल्मका पात्रहरूले वम देवान, शुसीला श्रेष्ठ, क. गुरु अर्थात् ईश्वर पोखरेल आदि जीवित व्यक्तिहरूको पनि प्रतिनिधित्व गरेका छन् । घटनालाई २०४६ को आन्दोलनसँग र त्यसपछिको स्थितिसँग पनि जोडिएको छ । फिल्मले क. रत्नकुमार वान्तवाको सपना भनेको २०४६ पछिको वर्तमान स्थितिसम्म मात्र सीमित थिएन भन्ने कुरामा चाहिं प्रकाश पार्न सकेको छैन । यद्यपि, यसमा क. रत्नकुमारको जीवन दर्शन मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ्ग विचारधारा थियो भन्ने कुरा भने प्रष्ट रुपले खुलाइएको छ ।

प्रेम सुब्बा, शारदा शाक्य, राज थापा, चेसुङ्ग चेम्जोङ्ग, सुवास थापा, जे.वि. टुहुरे, राजाराम पौडेल आदि कलाकारहरूले भाग लएको यस फिल्ममा प्रायः सबैको अभिनय राम्रै रहेको पाइन्छ ।

फिल्मका निर्देशक प्रेम सेर्मा "माङजाबुङ्गे" सँग हामीले लामो कुराकानी गरेका थियौं ।


२०४७ सालमा हिउदँदेखि पत्रकार केवल "देशु" अर्थात् गोपाल देवानसँग र पछि सुरेन्द्र सेर्मासँग उहाँले सँगै बसेर पटकथा र संवाद लेखन कार्य सम्पन्न गरेपछि २०५० माघ १ मा यस फिल्मको छायांकनको शुरुवात गरिएको थियो । एक वर्षमा यसका सम्पूर्ण कामहरू सकी गत माघ ११ गते यसको प्रथम प्रदर्शन गरिएको थियो । क. रत्नकुमार वान्तवासँग सम्बन्धित ठाउँहरू इलाम बजार, धरान, काठमाडौं र उहाँको गाउँ चित्रे एवं उहाँले वीर गति प्राप्त गर्नु भएको स्थान इभाङ्ग लगायत इलामको कन्याम, झापाको हिमाल टि गार्डेन र मोरंगको उर्लावारी आदिमा यसको छायांकन गरिएको थियो ।

देशभरका हाइभिजन हलहरू र विदेशमा पनि यस फिल्मको प्रदर्शन गर्ने सोचाइ रहेको कुरा हामीसँगको कुराकानीमा उहाँले बताउनु भयो प्रस्तुत छ- कुराकानीको बाँकी अंश ।

**- हरिगोविन्द लुईंटेल**

# यो फिल्म निर्माण कार्य संयोग र रहर मात्र होइन

**प्रेम सेर्मा "माङ्जाबुङ्गे"**



**० तपाई केबाट प्रेरित भएर यो फिल्म बनाउने कार्यतर्फ लाग्नुभएको हो ?**

- मेरो कला, साहित्य, संस्कृतिप्रतिको झुकाव २०३५/३६ को "संकल्प" गीती कार्यक्रमबाट भएको हो । त्यसपछि जीवन र जगतबारेमा केही बुझ्न थालियो, पत्रकारिता पनि गरें । चिनिया चलचित्रहरू पनि काठमाडौं बस्ता हेर्ने मौका पाएको थिएँ । नेपालमा पनि सोभियत संघ, कोरिया र चीनका जस्तै देश र जनताका लागि जीवन दिने शहीदहरूको कृति खोज्दै जाँदा कमरेड संजय थापाद्वारा लेखिएको "देउमाईको किनारमा" उपन्यास प्राप्त भयो र यसैलाई लिएर चलचित्र निर्माण गर्ने अठोट लिएँ । अब तपाईहरू नै निष्कर्ष निकाल्नु होस्- म केबाट प्रेरित भएर यसमा लागेको हुँला ?

**० तपाईले फिल्म बनाउन नेपालको वाम आन्दोलनको कथा संयोगवश हैन, खोजेरै रोज्नुभएको बुझियो । अब यत्तिमै सन्तुष्ट हुनुहुन्छ कि भविष्यमा पनि यतैतिर लाग्ने विचार लिनुभएको छ ?**

- यो चलचित्र निर्माण कार्य संयोग र रहर मात्र होइन यस दिशामा मैले निरन्तर लागिरहने अठोट गरेको छु । यसको लागि शुभेच्छुकहरू सबैको सहयोग र सद्भावनाको अपेक्षा पनि मैले गरेको छु ।

**० तपाईलाई यस्ता फिल्मतिर लाग्नुको सट्टा "व्यवसायिक" फिल्म बनाएर "राम्रै" कमाउनतिर लाग्ने सल्लाह दिनेहरू पनि होलान् नि ?**

- यस क्षेत्रमा काम गर्दा जनताको सेवा गर्ने कार्यमा पनि सहयोग पुग्ने र यो क्षेत्रले भविष्यमा जनताको सांस्कृतिक चेतनाको विकासमा पनि मद्दत गर्न सक्ने देखेकोले मैले यो क्षेत्र रोजेको हुँ र मलाई लाग्छ- यसै क्षेत्रमा कार्य गरेर पनि व्यवसायिकता अपनाउन सकिन्छ । त्यस्ता मानिसहरूलाई मेरो जवाफ यही हुनेछ ।

**० यो फिल्म बनाउँदा तपाईंहरूले के-के कष्ट झेल्नुपर्‍यो ?**

- सुटिङ अवधिमा भएका कष्टहरू यहाँ वर्णन गरेरै सकिन्न । सबैभन्दा मुख्य कुरा, अर्थको अभाव थियो ।

चित्रेदेखि देउमाईसम्म करीब ८ घण्टा ओह्रालो हिंड्नु पर्दथ्यो । त्यहाँ जेनेरेटर म र डी.एम. सुब्बाले, पेट्रोल





सुरेन्द्र सेर्माले, अन्य भोलाहरू लोकबाबु शाक्यले तान्द्राङ तुन्द्रुङ गर्दै बोकेर हिंड्दा बडो रमिता नै हुन्थ्यो । उता थाहै नपाई जुकाले निधारमा पुगेर डसिरहेको हुन्थ्यो । केहीं साथीहरू चिप्लेर लड्थे । त्यसरी लड्नेहुँदा एक पल्ट पेट्रोलको भाँडो गुडुल्केर तल पोथ्रामा अल्फेर मात्र बचेको, नत्र अनकन्टार खोल्सीभित्र भरेर हाम्रो शुटिङग नै नहुने थियो । यो त एक भलक मात्र हो ।

यसमा केही रोचक प्रसंगहरू पनि छन् । त्यो के भने- लालसेनाद्वारा मात्र जनवादी क्रान्ति पूरा गर्न सकिन्छ भन्ने सम्वादको सटको लगत्तै हामीले "रातो रुमाल" गीतको बाँसुरीको अलाप लिदै थियौं, जुन शट ओ.के. हुनु थियो, त्यही शटमा एउटा कालो कुकुर आएर बढो खुसीका साथ पुच्छर हल्लाई हल्लाई हार्दिकता भल्काइरहेको थियो ।

यस्तै, चित्रेदेखि नै कमरेड वान्तवाको घरको कुकुरले हाम्रो युनिटलाई मंगलबारेसम्म पुऱ्याएर फर्कियो । यथार्थमा, कमरेड रत्नको साथमा पनि एउटा कुकुर प्रायः हुने गर्थ्यो भनेर त्यहाँका गाउँलेहरू सम्भना सुनाउँथे । उता रत्नको लास सिंहवाहिनीमा पुऱ्याएर गाड्नुअघि अनुहारमा एउटा भिंगा बसेर हाम्रो त्यो सटको कला पक्षमा मद्दत पुऱ्याइरहेको थियो । इभाङमा पुगिसकेपछि हाम्रो चलचित्रको क्लाइमेक्स दृष्यांकन गरिरहेका थियौं । त्यत्ति नै खेर जेनेरेटर बिग्रियो, त्यहाँबाट इलाम पुगेर मर्मत गर्नु हाम्रो वसको कुरो थिएन, त्यसैले जति गऱ्यौं, त्यसमा नै चित्त बुझायौं ।

युनिटका सबै निर्देशक प्राविधिक, कलाकारले दुर्गम विकट पहाडी क्षेत्रमा पुगेर छायांकन गर्नुपर्दा ज्यादै कष्ट भेल्नु त पऱ्यो नै ।

**० सेन्सरले यस फिल्मलाई केही ठाउँमा काट्यो क्यारे, के प्रदर्शन गर्न नहुने कुरा नै ती थिए र ?**

- मलाई त्यस्तो चाहिं लाग्दैन, बहुदलीय प्रजातन्त्रमा विचारको स्वतन्त्रता हुनुपर्ने हो । त्यसमाथि, यो भनेको इतिहास हो तर सञ्चार मन्त्रालयको यस व्यवहारले देशमा आमूल परिवर्तनको लागि हामीले अभै गर्नु धेरै रहेछ, इतिहासले कोल्टे फेर्नै बाँकी रहेछ भन्ने कुराको बोध गराएको मलाई लागिरहेको छ । प्रदर्शन गर्न नहुने भए जनताहरूले किन यत्तिका प्रशंसासहित प्रदर्शनको माग गर्थे ?

**० एउटा राम्रो फिल्म भन्नाले तपाई के बुभ्नु हुन्छ ?**

- एउटा राम्रो फिल्म भन्ने वित्तिकै उपयुक्त कथा, कलाकारहरूको उपयुक्त छनौट र दक्ष प्राविधिकहरूद्वारा तयार भएको र समाजलाई सकारात्मक सन्देश दिन सक्ने, जुन सन्देशले बहुसंख्यक शोषित पीडित जनताहरूको मुक्तिको बाटो निर्देशित गर्न सकोस्, यस्तो फिल्मलाई म एउटा राम्रो फिल्म मान्दछु । यस्ता फिल्महरूमा केही मनोरञ्जन पनि समावेश हुनुपर्छ भन्ने मलाई लाग्दछ ।

**० नेपालका चेतनशील बौद्धिक व्यक्तिहरूले सांस्कृतिक जागरणबारे कत्तिको रुचि लिएको पाउनुभएको छ ?**

- रुचि त जरुर लिएका छन्, तर व्यवहारमा उत्रनेहरूलाई सहयोग भने आवश्यक मात्रामा पुगेको जस्तो लाग्दैन । अब हामीले हाम्रो विचारधारालाई मात्र वैज्ञानिक द्वन्द्ववादी भनेर जलप लगाएर पुग्दैन, सिद्धान्त र व्यवहारको कसीमा हामी कत्तिको ठीक छौं, त्यो सोच्ने बेला आएको छ । अबको सांस्कृतिक जागरण अभियानमा इलेक्ट्रोनिक मिडियाको भरपुर उपयोग गर्न पनि हामीले जान्नुपऱ्यो । यसको लागि उपयुक्त तालीमको व्यवस्था, लगानीको वातावरण आदि तयार गर्न हाम्रा जननेताहरूले गम्भीरतापूर्वक सोच्नुपऱ्यो । तर अहिले यस क्षेत्रमा अपेक्षाकृत काम हुनसकेको छैन । सबै उही पुरानै ढाँचामा व्यस्त छन् । यस्तै शैलीले मात्र सांस्कृतिक जागरणमा चेतनशील बौद्धिक व्यक्तिहरूको दायित्व पूरा हुन्छ जस्तो मलाई लागेको छैन ।

**० यो फिल्मको निम्ति र यस फिल्मबाट तपाईले के-के आशा लिनु भएको छ ?**

- यस चलचित्रको लागि सम्बन्धित निकाय र सरकारले शहीदहरूको सपनालाई पुनःस्मृति गराउन प्रदर्शन सामग्री जुटाई दिनसके पूर्व मेचीदेखि महाकालीसम्मका जनताहरूको सांस्कृतिक चेतानामा थप योगदान पुग्ने थियो । प्रोडक्शन, जो ऋणमा डुबेको छ, केही हदसम्म उक्सने थियो । यस चलचित्रको प्रभावले शहीदहरूका उच्च मनोवल र आकांक्षाहरु नयाँ पुस्तामा संचार हुने र अभै राम्रा-राम्रा कथाहरूमा प्रगतिवादी चलचित्रहरू निर्माण गर्ने ढोकाहरू खुल्ने आशा मैले लिएको छु ।





*फिल्मका नायक प्रेम सुब्बा*

**० नीकट भविष्यमा के गर्दै हुनुहुन्छ ?**

- नीकट भविष्यमा चैतन्य सिटौलाको लगानीमा नाटककार खगेन्द्र सिटौलाको कथा "बौलाही दिदीको अधुरो तिहार" मा आधारित चलचित्र निर्माण गर्न पटकथा-संवादको कार्य गरिरहेको छु, जो मेरै निर्देशनमा निर्माण हुँदैछ । ❑ ❑

**अबको सांस्कृतिक जागरण अभियानमा इलेक्ट्रोनिक मिडियाको भरपुर उपयोग गर्न पनि हामीले जान्नुपऱ्यो**

# के हिमालय दक्षिणतिर सर्दैछ त ?

डा. केदार खनाल

हामीहरु हिमालय भनेर उत्तरमा रहेको हिम श्रृंखलालाई भन्ने गर्दछौं र यसको नामले नै पनि "हिउँको घर" भन्ने जनाउँदछ । तर आज भोलि भूवेत्ताहरु हिउँले ढाकिएको भागलाई मात्र हिमालय भन्दैनन् । उनीहरुले भन्ने गरेको हिमालय उत्तरमा इन्डस साङ्पो सुचर (जहाँ भारतवर्ष र एशियाको भूभाग जोडिएको थियो) भन्दा उत्तरको ट्रान्स हिमालयदेखि दक्षिणमा गंगा ब्रम्हपुत्रको मैदानसम्म फैलिएको छ ।

इन्डस साङ्पो सुचरसँग जोडिएको दक्षिणको भूभागलाई तेथिज हिमालय भनिन्छ, जुन तिब्बतको पठारमा अवस्थित छ । त्यसभन्दा दक्षिणको भूभागलाई उच्च हिमालय भनिन्छ, जहाँ बाह्रै महिना हिउँ जमेको हुन्छ । त्यसदेखि दक्षिणतर्फको महाभारत पर्वतलाई मेन सेन्ट्रल थ्रस्ट (प्रमुख केन्द्रीय धक्काको साँध) ले छुट्याएको बताइन्छ । महाभारत पर्वत र चुरे पहाड अथवा सिवालिकलाई मेन बाउन्डरी थ्रस्ट (प्रमुख सीमानाको धक्काको भाग ) भनिन्छ । त्यसैगरी चुरे पहाड र गंगा, ब्रम्हपुत्रको मैदान बीचमा मेन फ्रन्टल थ्रस्ट (प्रमुख सामुन्ने धक्काको भाग) भनिन्छ ।

यहाँनिर दुई प्रश्न उब्जन्छ ।


एक, उच्च हिमालयको टुप्पोमा वा तेथिज हिमालयमा कसरी समुद्री जनावरका भग्नावशेष पुगे ?

अर्को, हिमालयको भू-बनावटमा दक्षिणतर्फ कसरी क्रमशः उँचाई घट्दै गयो ?

यस सम्वन्धमा विगत समयदेखि अनुसन्धान जारीरहेको पाइन्छ । भूगर्भविद्ले आइसोस्टासीको सिद्धान्तको आधारमा के भन्न पुगे भने- हिमालयको भित्री जरा पनि त्यत्तिकै (त्यसै प्रकारबाट) भित्र घुसेको हुनुपर्छ, जसरी वाहिरको उच्च भाग उठेको छ । यसको उदाहरण बिभिन्न आकारका काठका टुक्रालाई डुवाउँदा हुने प्रक्रियालाई लिन सकिन्छ । यदि लामो टुक्रा छ भने पानीभित्र लामै भाग डुब्छ, छोटो टुक्राको पानीभित्र रहने भाग पनि छोटै हुन्छ ।

माथिका दुई प्रश्नहरुको जवाफको खोजीका क्रममा कति कुरा आज थाहा भएका छन्, भने, कति कुराको खोजी जारीरहेको पाइन्छ ।

पहिलो प्रश्नको जवाफमा आज भूवेत्ताहरुले के भन्ने गरेका पाइन्छन् भने- यो भन्दा करीव ६ करोड वर्ष पहिले जब भारतीय महादेशको माथिल्लो तह (जुन करीब १०० किलोमिटर बाक्लो छ । जसलाई लिथोस्फेयर भनिन्छ) युरेशिया महादेशमा ठक्कर खान पुग्यो,



तिनीहरुको बीचमा रहेको समुद्र तेथिज सागर बन्द भयो । यस क्रममा भारतीय प्लेट (लम्बाई र चौडाइको तुलनामा कम गहिराइ भएको भाग) यूरेशिया प्लेटभित्र घुस्न थाल्यो । सबैभन्दा पहिले ठक्कर खान पुगेको भागलाई "इन्डस साङ्पो सुचर" भनिन्छ । जमीनभित्र जमीन नै पस्ने प्रक्रियाले गर्दा अरु भेकमा भन्दा क्रष्ट (पृथ्वीको माथिल्लो तह, जुन ३० देखि ६० किलोमिटर गहिरो भएको अन्दाज गरिन्छ) बाक्लो (अर्थात् ६० किलोमिटर करीब) भएको कुरा आजका अनुसन्धानबाट प्राप्त नतीजाले प्रष्ट पारेका छन् ।

> उच्च हिमालयको टुप्पोमा वा तेथिज हिमालयमा कसरी समुद्री जनावरका भग्नावशेष पुगे ?

जहाँसम्म माथि उल्लेखित पहिलो प्रश्नको सवाल छ, माथि उल्लेख गरिएको समुद्र दुई महादेशबीच ठक्कर हुँदा समुद्र बिलाउने क्रममा नै समुद्री जनावर पनि लोप हुन पुगेका हुन् । आज तेथिज र उच्च हिमालयमा पाइएका जीवावशेष त्यसरी पहिले लोप भएका समुद्री जनावरका हुन् ।

जहाँसम्म दोस्रो प्रश्नको सवाल छ, त्यो निकै जटील देखिन्छ । त्यसैले यहाँ एउटा काल्पनिक मोडेल पेश गरिन्छ । मानीलिऊँ काठमाडौंस्थित कीर्तिपुरको डाँडो उच्च हिमालय हो । यस अर्थमा पल्लो गाउँ पाँगाले तिब्बतको पठार भन्ने बुझाउँछ भने शहरतिरको भागमा भएका साना डाँडाहरुले महाभारत र चुरे पहाडलाई जनाउँछन् ।

जब माथि उल्लिखित प्लेटहरु ठक्कर खान पुगे, त्यस अवस्थादेखि आजसम्म यो क्रम जारी रहेकोछ । भरतीय प्लेट करीब ५ सेन्टीमिटर प्रति वर्षको दरले उत्तरतर्फ जमिनभित्र घुस्तै छ । उता युरेशियाको दक्षिण पूर्वमा गति त्योभन्दा कम भएको अन्दाज गरिन्छ । यी प्लेटका आ-आफ्नो गतिका आधारमा यिनीहरु ठक्कर खाने सीमाना पनि दक्षिणतर्फ सरेको कुरा आज अनुसन्धान-कर्ताहरुले बताउने गरेको पाइन्छ । त्यसअनुसार क्रमशः समय बित्दै जाँदा मेन सेन्ट्रल थ्रस्ट अनि मेन बाउन्डरी थ्रस्टले सीमानाको काम गरेको बताउने गरेको पाइन्छ । त्यसका अतिरिक्त, आज यी दुई प्लेट ठक्कर खाएको भागलाई मेन फ्रन्टल थ्रस्ट भनिन्छ, जुन माथि नै उल्लेख गरिएको छ । यसले हिमालय क्रमशः दक्षिणतिर सर्दै गएको कुरालाई पुष्टि गर्दछ ।

यस बयानले अर्को प्रश्न के पनि थपेको छ भने, कालान्तरमा के नेपाल पनि जमीनभित्र घुस्ला त ?

यसको उत्तर सकारात्मक नै हुन्छ । तर त्यस अवस्थामा समयको ख्याल राख्नुपर्ने हुन्छ । एक वर्षमा ५ सेन्टिमिटरको दरले अगाडि बढ्ने क्रममा नेपालको करीब २०० किलोमिटरको भाग घुस्न करीब चालीस लाख वर्ष लाग्नेरहेछ । यस हिसाबबाट एक शताब्दिमा ५ मिटरभित्र पस्ने थाहा हुन्छ । तर भू-बनावट तथा गतिका आधारबाट यति सजिलो बयान गर्नु उपयुक्त हुने चाहिँ देखिदैन ।

गहक प्लेटभित्र पस्ने क्रममा जब ७०० किलोमिटर तल पुग्छ, चाप र तापको कारणले पग्लिएर तरल बन्छ । र, पानी उमाल्दा चिसो भाग तल र तातो भाग माथि हुँने संवाहन प्रक्रिया जस्तै तल (जमिन भित्र) पनि त्यो प्रकृया हुन्छ, अनि भित्र थपिएको तरल उल्टो दिशामा बग्न थाल्छ र कालान्तरमा पुनः शुरु हुने ठाउँमा पुगेर चक्र पूरा हुन्छ । यस तवरले हेर्दा भारतीय प्लेटको दक्षिणी भाग एकातिर उत्तरतर्फ सर्दैछ भने दक्षिणमा भित्रबाट बाहिर आउने पदार्थको भागबाट क्रमशः नयाँ चट्टान थपिदै गएको हुने अन्दाज गरिन्छ ।

यसको अर्को उदाहरण "समुद्री जनावरको फैलावट" लाई पनि लिन सकिन्छ । अटलान्टिक महासागरबीचको पहाडको उमेर जाँच्दा के पाइएको बताइन्छ भने, पहाडको उच्च भागमा नयाँ चट्टान हुने रहेछन् र त्यहाँबाट जति जति टाढा गयो चट्टान पनि त्यत्तिकै पुराना हुने रहेछन् । यो पनि माथि उल्लिखित बयान अनुसार हुँन आउँछ । भित्रबाट आएको तातो बस्तु जम्मा भएर पहाड बन्छ । यसरी भित्रबाट बस्तु लगातार बाहिर आउँदा पहिले जम्मा भएका बस्तु झन्-झन् टाढा जाने गर्दछन् र चक्र पूरा गर्छन् ।

त्यसैले हाम्रो भूभाग जमीनभित्र घुसेकोमा पीर मान्नु पर्ने अवस्था चाहिँ छैन । किनकि जति गुम्छ, त्यसै रुपमा प्राप्त पनि हुने गर्दछ । बरु यी सब प्रक्रियाको श्रोत पृथ्वीभित्रको ताप हो र त्यतिविधि ताप पृथ्वीमा भएका पार्श्ववर्तित तत्वबाट, प्रसारित विकिरण आदिबाट अत्पादन हुने कुरा चाहिँ कता कता बास्तबिकता भए पनि यो "होला र ?" भन्ने चाहिँ लाग्न सक्ने देखिन्छ ।

❑ ❑

**कालान्तरमा के नेपाल पनि जमीनभित्र घुस्ला त ?**

# हामी सहयोग नै गर्छौं तर यो सरकार साँच्चै राम्रो काम गर्न तयार छ ?

**क. दीपक शर्मा,**
**ने.क.पा. (एकता केन्द्र) राष्ट्रिय सम्मेलन आयोजक समितिका सेक्रेटरी, भूमिगत नेताको जवाफ**

**० क. प्रचण्डहरूसँगको फुटपछि तपाईंहरूको पार्टीले आफूभन्दा नजीकको शक्ति कसलाई मानेको छ ?**

**– केदारप्रसाद ज्ञवाली, तम्घास, गुल्मी**

-हामी प्रतिक्रियावाद विरोधी आन्दोलनको मित्रशक्तिको रुपमा त स्वयं प्रचण्डजीहरूको समूहलाई पनि लिन्छौं । नेपालको कम्युनिष्ट तथा वामपन्थी आन्दोलनभित्र त्यस्ता अन्य समूहहरू पनि छन् , जससँग नीकटको सम्बन्ध राख्दै राष्ट्र र जनताको पक्षमा गरिने प्रतिक्रियावाद विरोधी संघर्षमा ऐक्यवद्ध हुँदै संयुक्त रुपमा अघि बढ्न सकिन्छ र हामी त्यसनिमित्त प्रयत्नरत पनि छौं । जहाँसम्म पार्टीले पक्रेको कम्युनिष्ट आन्दोलनंको क्रान्तिकारी धाराको आधारमा सैद्धान्तिक, राजनैतिक र नीतिगत रुपले पार्टीसँग नजीक रहेको शक्तिको सवाल छ, हामीले कतिपय मतभेदका बाबजुद ने.क.पा. (मसाल) लाई त्यस रुपमा लिन सक्दछौं ।

**बर्तमान एमाले सरकारले राम्रो काम गऱ्यो भने पनि तपाईहरू विरोध नै गर्नु हुन्छ रे, हो ?**

*- त्रिरत्न शाक्य, पाटनढोका*

राम्रो काम गरे किन विरोध गर्ने ? एमाले र एमाले सरकारको बारेमा तथा एमाले सरकार बनेको सन्दर्भमा हाम्रो पार्टीले स्पष्ट गर्न चाहेको कुरा के हो भने, (१) वर्तमान राज्यसत्ता सामन्त, दलाल तथा नोकरशाही पूँजीपतिवर्गको राज्यसत्ता हो । क्रान्तिद्वारा राज्यसत्ताको यो चरित्रलाई गुणात्मक रुपले नफेरेसम्म जुनसुकै सरकार बनेपनि, चाहे त्यो एमालेको सरकार नै किन नहोस्- राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समस्या हल हुने छैन र त्यसैले, त्यसको समाधानको निम्ति गरिने क्रान्तिकारी आन्दोलनमा कुनै तात्विक अन्तर आउँदैन । आमूल परिवर्तनको क्रान्तिकारी आन्दोलन जारी रहन्छ र रहनुपर्दछ । अहिले नै कम्युनिष्टहरूको हातमा सत्ता आयो, शोषित पीडितहरूको हातमा राज्य आयो भने झैं गलत र भ्रामक प्रचार भइरहेको वर्तमान सन्दर्भमा यसबारेमा प्रष्ट हुनु अत्यन्त जरुरी छ । (२) एमाले कम्युनिष्ट पार्टी होइन । यो सैद्धान्तिक रुपले दक्षिणपन्थी संशोधनवाद र राजनीतिक रुपले सुधारवादमा पतन भईसकेको अवसरवादी शक्ति हो । त्यसैले अहिलेको सरकार कम्युनिष्ट पार्टीको सरकार पनि होइन । (३) एमाले ढुलमुल रहेको वामपन्थी शक्ति हो । तर ढुलमुले वामपन्थी भूमिकाबाट पनि यो पछि हट्दै गइरहेको छ । यसले आफूलाई सम्हाल्ने, सच्याउने प्रयत्न गरेन र यही क्रम जारी रह्यो भने यो प्रतिक्रियावादी शक्तिमा बदलिने संभावना बढेर जानेछ । (४) एमाले सरकारमा गईसकेपछि उसले आफ्नो नीति तथा कार्यक्रम- घोषणापत्र अनुसार, गर्नु पर्ने र गर्न सकिने कामहरू पनि दृढतापूर्वक गर्न पहल कदमी गरिरहेको छैन । जनतालाई तत्कालीन रुपमै पनि ठोस राहत प्रदान गर्न सकेको छैन ।

उपरोक्त सवालहरूमा प्रष्ट हुनु भनेको आमूल परिवर्तनको क्रान्तिकारी आन्दोलनलाई जारी राख्नु, एमालेको सैद्धान्तिक राजनैतिक भण्डाफोरलाई तीब्र पार्नु हो । साथै राष्ट्रियता, जनतन्त्र र जनजीविकाको तत्कालीन सवालहरूमा आवश्यकता-अनुसार आवाज उठाउनु र संघर्ष गर्ने कार्य जारी राख्नु पनि हो । त्यसो गर्दा ती तत्कालीन सवालहरूमा एमाले सरकार पनि ठोस् चीज क्रियान्वयन गर्न चाहन्छ भने उसको लागि त्यो अनुकूलता हुने छ ।

**एकता केन्द्रको जवाफ**

त्यसैले, हाम्रो पार्टीले एमाले सरकारले राम्रो काम गर्न लाग्दा विरोध गर्ने त कुरै भएन, बरु राष्ट्र र जनताको निम्ति ठोस् महत्वको कार्य गर्न लागेमा विरोध नगर्ने मात्र होइन समर्थन र सहयोग नै गर्नेछ । जस्तै, के एमाले सरकार "जसको जोत उसको पोत"को आधारमा क्रान्तिकारी भूमिसुधार गर्न साँच्चै अग्रसर हुनेछ ? के एमाले सरकार सन्१९५० को सन्धि लगायतका असमान सन्धिहरू खारेज गर्न साँच्चै अघि बढ्ने छ ? के एमाले सरकार नारीहरूलाई पैतृक सम्पत्तिमाथि पुरुष सरह समान अधिकार दिलाउन तयार छ ?

प्रष्ट छ- यसमा हाम्रो पूरा समर्थन र सहयोग हुनेछ । तर के एमाले सरकार स्वयंबाट त्यस दिशामा कुनै आशा गर्न सकिन्छ ? आगामी दिनहरूमा छिट्टै नै प्रष्ट हुनेछ ।

**० तपाईंको पार्टीका कार्यकर्ताहरू एमालेमा पस्दैछन् भन्ने सुनिन्छ के यो साँचो हो ?**

*- सुरज न्यौपाने, बेलबारी, मोरंग*

क्रान्तिकारी कम्युनिष्ट आन्दोलन एक दीर्घकालीन र कष्टकर आन्दोलन हो । क्रान्ति गर्ने चाहनाले यस आन्दोलनमा आएका र एकाएक कम्युनिष्ट बनेकाहरू मध्ये पनि दृष्टिकोणमा प्रष्ट हुने, सिद्धान्तलाई अझ धारिलो पार्ने र आफूलाई बदल्ने संघर्षमा निरन्तर लागि पर्ने कार्य गर्न नसक्दा कतिपय राम्रा क्रान्तिकारीहरू समर्थकमा झरेका छन् र कतिपय पूर्ण रुपले पतित भई गद्दार पनि बनेका छन् । कम्युनिष्ट आन्दोलन प्रतिक्रियावादी समाजवाटै जन्मिएको हुन्छ र त्यसैको सम्पर्कमा लामो समयसम्म रहिरन्छ । त्यसो हुनाले कम्युनिष्ट आन्दोलन वा पार्टीभित्र एकातिर सैद्धान्तिक राजनैतिक रुपमा अवसरवाद र अवसरवादीहरू देखापर्दछन्, देखा पर्न सक्दछन्, भने अर्कोतिर शुद्ध निजी स्वार्थका कारणले आएका र लुक्न सफल भएका अवसरवादीहरू पनिं हुन्छन् र हुन सक्दछन् । त्यस्ता अवसरवादीहरू संकटको बेलामा वा आफ्नो तुच्छ निजी स्वार्थ पार्टीबाट पूरा नहुने देखेपछि पार्टी र क्रान्तिका विरुद्धमा नाङगो रुपमा विभिन्न मुकुण्डो लगाएर देखा पर्दछन् । दुनियाभरिको कम्युनिष्ट आन्दोलनमा यो देखिएको छ । स्वयं नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा पनि यसका प्रशस्त उदाहरणहरू छन् । कतिपय कम्युनिष्ट नेताहरू नै कांग्रेस वा पञ्चायतमा गएका छन् र गद्दार बनेका छन् । पतनको दिशामा लागेको उदाहरण स्वयं एमालेका नेताहरू नै छन, जो हिजोको ने.क.पा. (माले) का पनि नेताहरू हुन । तसर्थ सामान्य रुपमा भन्दा, यस प्रक्रियाबाट हाम्रो पार्टी पनि अछुतो रहने कुरा भएन । हाम्रो पार्टीमा रहेकै हुनाले कोही सदाको लागि कम्युनिष्ट क्रान्तिकारी भई नै रहन्छ भन्ने ग्यारेन्टी गर्न सकिन्न, कतिपय भड्कावमा पर्न सक्छन्, कतिपयले गद्दारीको बाटो समात्न पनि सक्दछन् । तर महत्वको कुरा के हो भने- सिंगो पार्टी र पार्टी पंक्तिले त्यसका विरुद्ध दृढतापूर्वक संघर्ष गर्दै क्रान्तिको झण्डालाई उँभो उचालिराख्नेछन् । वैचारिक सैद्धान्तिक स्तर उकास्ने कार्य, वैचारिक सैद्धान्तिक संघर्ष र क्रान्तिकारी संघर्षको विकासबाट नै यसो गर्न सम्भव हुन्छ र हाम्रो पार्टी त्यही प्रक्रियामा अघि बढिरहेको छ ।

हाम्रो पार्टी मार्क्सवाद लेनिनवाद माओत्सेतुङ विचारधाराको सैद्धान्तिक पथप्रदर्शनमा क्रान्तिको रथ हाँक्ने सर्वहारावर्गीय कार्यभारलाई पूरा गर्ने स्तरमा पार्टीलाई पुऱ्याउन, मुख्यतः दक्षिणपन्थी अवसरवाद र "वामपन्थी" लफ्फाजी (शब्दाडम्बर) को विरुद्ध संघर्ष गर्दै क्रान्तिकारी आन्दोलनलाई सही दिशामा अघि बढाउन र सुदृढ क्रान्तिकारी विकल्प निर्माण गर्न जुटिरहेको छ । यस्तो स्थितिमा सारा प्रतिक्रियावादी तथा अवसरवादीहरूद्वारा हाम्रो पार्टीमाथि चौतर्फी आक्रमण गरिएको छ । यो क्रान्तिकारी धारा र क्रान्तिकारी शक्तिलाई कमजोर पार्ने षडयन्त्र बाहेक अरु केही हुनै सक्दैन । तर निश्चित छ- त्यस्ता षडयन्त्रहरू चकनाचुर हुनेछन् । किनकि अन्ततः सिद्धान्त र राजनीति सही हुनु र नहुनुले नै सबै कुराको फैसला गर्दछ ।

❑ ❑

प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीप्रति हार्दिक शुभकामना !

**- मेयर बेलप्रसाद श्रेष्ठ तथा**

**धुलिखेल नगरपालिका परिवार**

# सर्वश्रेष्ठ DAEWOO COLOR TV




- Only TV in Nepal with **SUPERVISION - S** technology to give you crystal clear picture.
- Multisystem
- 24 - months guarantee
- New Total Control,(including auto search) remote control
- Woofer - type double speakers
- Automatic switch - off if no programme / telecast
- plus many more additional features.

**Him Electronics P. Ltd.**

**CLEAR PICTURE**
**CLEAR SOUND**
**CLEAR** *CHOICE*

**DAEWOO**
**HIGH TECHNOLOGY COLOR TV**

Gorkha Organisation

पञ्चकन्या नै किन...?

## गुणस्तरले धेरै फरक पार्छ



प्रयोग गरी हेर्नुहोस्, फरक बुझ्न गाह्रो पर्दैन
अतुलनीय शक्ति र मजबुत पकड क्षमताको अपूर्व संगम
घर तपाईंको प्रतिष्ठा हो, त्यसमा सम्झौता किन ?

## पञ्चकन्या ४ आर टी फलामे छड

उपभोक्ताको सुरक्षा र सन्तुष्टीको लागि हाम्रो नयाँ प्रस्तुती
गुणस्तर प्रमाण चिन्ह र तीन ट्याग सहितको एक भरपर्दो छड

...सदैव विश्वासिलो

पञ्चकन्या
आइरन इण्डस्ट्रिज प्रा. लि.



Mark of Quality
Leather Wings
for real walking pleasure

## डाक्ट्रीन

(खुद्रा मूल्य रू. ८३९।९९)

युवा तथा युवती दुवैलाई हुने अत्याधुनिक TPR सोल राखी तयार गरिएको डाक्ट्रीन नामको जुत्ता कारखानाका शो रूमहरूमा उपलब्ध छ । स्टक सीमित छ, मौकाको फाइदा उठाउनु होला ।

## लेदर विङ्गस प्रा. (लि.)

बाँसबारी, काठमाडौं- ३, पो.व. नं. ७२४०, फोन नं. ४११-७२०

**कृपया लोगो हेरी खरिद गर्नु होस्**

# स्ववियू चुनावमा अनेरास्ववियु सर्वशक्तिशाली

यही फागुन १४ गते संपन्न भएको स्वतन्त्र विद्यार्थी यूनियनको चुनावमा नेकपा (एमाले) सित संबद्ध अनेरास्ववियूले आफूलाई फेरि एकचोटि देशको सबैभन्दा ठूलो विद्यार्थी संगठनका रुपमा उभ्याएको छ।

राससका अनुसार, यो पंक्ति लेख्दासम्म अनेरास्ववियूले घोषित ७५ क्याम्पसको परिणाम मध्ये ३९ वटामा पूरै प्यानेलमा विजय हासिल गरेको छ, जब कि निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेससमर्थक नेविसंघले खालि १९ स्थानमा मात्र एकलौटी विजय हासिल गरेको छ। १० वटा क्याम्पसमा मिश्रित परिणाम प्राप्त भएको छ। अन्य विद्यार्थी संगठन मध्ये अनेरास्ववियू (क्रान्तिकारी) ले गोर्खा क्याम्पसमा मात्र एकलौटी विजय हासिल गरेको छ।

अनेरास्ववियू केन्द्रीय कार्यालयको भनाइ अनुसार अनेरास्ववियूले ७० प्रतिशत स्थानमा विजय हासिल गरेको छ भने नेविसंघले २० प्रतिशत स्थानमा। एमाले सरकार सत्ता आएपछि भएको संपूर्ण स्ववियूको चुनावको हिसाब गर्दा कूल एकानब्बे क्याम्पसमंध्ये ६३ वटामा अनेरास्ववियूले जितेको छ, २८ मा नेविसंघले।

काठमाडौं उपत्यकामा यस पटक अनेरास्ववियूले नेविसंघको हातबाट पुल्चोक क्याम्पस खोसेको छ। उपत्यका बाहिर यसले जनकपुरमा र विराटनगरमा नयाँ उपलब्धि हासिल गरेको छ। जनकपुरमा नेविसंघ भण्डैभण्डै बढारिएको छ। विराटनगरमा पहिलो पटक अनेरास्ववियूले स्नातकोत्तर क्याम्पसमा विजय हासिल गरेको छ। महेन्द्र संस्कृत विश्वविद्यालय अर्न्तगतका ६ वटा क्याम्पसमा पहिले यसले वर्चस्व कायम गरेकोमा अहिले ८ वटा क्याम्पसमा वर्चश्व कायम गरको छ। सबै ठाउँमा मिलाएर नयाँ १८ वटा क्याम्पसमा अनेरास्ववियूले विजय हासिल गरको छ तथा पुरानो दुई ठाउँमा हारेको छ।

विभिन्न क्याम्पसमा थोरै भए पनि राम्रो प्रभाव भएका तीन वटा क्रान्तिकारी विद्यार्थी संगठनहरु यो स्ववियू चुनावमा पहिलेभन्दा कमजोर भएका छन्। अनेरास्ववियू (छैठौं), अर्को अनेरास्ववियू (क्रान्तिकारी) र नेपाल क्रान्तिकारी विद्यार्थी संघ- यस्ता संगठनका रूपमा देखा परेका छन्। अनेरास्ववियू (छैठौं) ले त्रिविवि लगायतका विभिन्न क्याम्पसमा केही सीट जितेको छ, तर पूरै प्यानेल कतै पनि जितेको छैन।

चुनावी परिणामले यी क्रान्तिकारी विद्यार्थी संगठनहरूले आफ्नो सक्रियता र आपसी एकतालाई सुदृढ गर्नु नितान्त जरूरी भएको प्रष्ट पारेको छ।

नेपालका विद्यार्थीहरूको नेपालको प्रजातान्त्रिक आन्दोलनमा निकै ठूलो योगदान छ। पार्टीहरू भूमिगत भएको समयमा खुलेआम रूपमा राजनीतिक गतिविधि गरेर प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउने काममा क्रान्तिकारी विद्यार्थी संगठनहरूले ठूलो भूमिका खेलेका थिए। तर अहिले स्थिति बदलिएको छ। अहिले देशमा बहुदलीय पूँजीवादी प्रजातन्त्र छ र एमालेको सरकार छ। परिवर्तित स्थितिमा पनि क्रान्तिकारी विद्यार्थी संगठनहरूले आम जनतामा क्रान्तिकारी राजनीतिक चेतना जागृत गराउने कुरामा ठूलो भूमिका खेल्न सक्छन्। देशबाट निरक्षरता उन्मूलन गर्न उनीहरूको ठूलो योगदान हुन सक्छ। नेपालको पछौटे अप्रजातान्त्रिक र अवैज्ञानिक शिक्षा व्यवस्थामा क्रान्तिकारी परिवर्तन ल्याउनमा उनीहरूको भूमिका अहं महत्वको हुन सक्छ। उनीहरू देशको क्रान्तिकारी विकास प्रक्रियामा सचेत र संगठित पहरेदार हुन सक्छन्। स्ववियूहरू यसको लागि सहायक साधन हुन सक्छन्। यो विद्यार्थीहरूको सशक्त संघर्षको औजार र राजनीतिक विश्वविद्यालय हुन सक्छ।

तर केही समय यता क्रान्तिकारी विद्यार्थी संगठनहरूको गतिविधिमा निकै मन्दी छाएको देखिएको छ। काम कारवाहीमा अन्यौल देखा परेको छ। स्ववियुहरू धेरै हदसम्म विद्यार्थीको हक हितको लागि लड्ने र आम विद्यार्थीहरुलाई जागृत गर्ने औजार हुन छाडेका छन्। यो निकै चिन्ताजनक स्थितिको द्योतक हो।

हामीहरूलाई लाग्छ, क्रान्तिकारी विद्यार्थी संगठनहरूले हालको स्थितिको कारक तत्वलाई ठम्याउनु पर्छ र परिवर्तित स्थितिमा आफ्नो क्रान्तिकारी दायित्व र भूमिकालाई फेरि परिभाषित गर्नुपर्छ। अनि मात्र स्ववियुमा जित्नु अर्थपूर्ण हुन सक्छ। ❑

# 'मूल्यांकन'ले रजत अंक पूरा गऱ्यो !

गत अंकबाट मूल्यांकनले रजत-अंक अर्थात् २५ औं अंक पूरा गऱ्यो।

मूलतः नेपालको वामपन्थी आन्दोलनमा विचारधारात्मक स्पष्टताको निम्ति समर्पित यो मासिक पत्रिका देशका थुप्रै बौद्धिक-राजनीतिक व्यक्तित्वहरु र हजारौं पाठकहरुको सक्रिय सहयोग र सहभागितामा अघि बढिरहेछ। यतिखेर, आज २६ औं अंकसम्म पुग्दा हामी हाम्रा तमाम पाठक र शुभेच्छुकहरूमा के जानकारी पुऱ्याउन चाहन्छौं भने- प्रकाशन शुरू भएको करीब तीन वर्षको यस अवधिमा 'मूल्यांकन' देशमा पत्रपत्रिका पुग्ने सबै ठाउँहरूमा कुनाकुनासम्म पनि पुग्छ र व्यापक रूपमा पढिन्छ। बेलायत, अमेरिका, जापान, साउदी अरेबिया लगायतका विदेशका मुलुकमा पनि विभिन्न स्थानमा रहेका थुप्रै नेपालीहरू यसका ग्राहक बन्नु भएको छ। खास गरी भारतमा त नियमित ग्राहकका अतिरिक्त गोररखपुर, दिल्ली, कलकत्ता, मद्रास, सिलिगुडी, आदि स्थानमा व्यवसायिक रूपमा बिक्री हुने चाँजो पनि मिलेको छ। सबैतिर 'मूल्यांकन' एउटा नियमित पाठ्यसामग्री बन्न पुगेको छ। यसको उद्देश्यपूर्ण यात्रामा सहमत र सहभागी भई 'मूल्यांकन'लाई यस स्थितिमा पुऱ्याउन मद्दत गर्नु हुने सबै महानुभावहरूप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

हामीलाई पाठक वर्गबाट 'मूल्यांकन'को विषयवस्तु र साजसज्जा एवं प्रस्तुतिका विषयमा थुप्रै अमूल्य सुझावहरू आउने गरेका छन्। ती सुझावहरूलाई ध्यानमा राखी हामीले यसमा थुप्रै सुधारहरु पनि गरेका छौं। आशा छ- पाठक वर्गबाट हामीलाई घचघच्याउने काम भइ नै रहने छ।

ठीक्क महिना महिना दिनमा प्रकाशित गर्न नसक्नु र अखवारहरूले पाएझैं सहुलियत दरमा कागज किन्न हामीलाई सरकारले सुविधा नदिनुको कारण भएका कठीनाईहरू हाम्रासामु रहेका छन्। यी कठिनाइका विरूद्ध हामी जुद्धै छौं पनि। तर पनि हामी के कुरा पाठक वर्गमा निवेदन गर्न चाहन्छौं भने- तपाईहरूको सहयोग नै हाम्रो स्थायित्वको मूल आधार हो।

नाफाको स्वार्थले प्रेरित भएर हैन, देशको र हाम्रो आन्दोलनको आजको आवश्यकताले प्रेरित भएर थुप्रैतिर रहनु भएका थुप्रै सहयोगी- शुभचिन्तकहरूको सामुहिक यत्नद्वारा संचालित यस मासिकको एक प्रति मात्र तपाईले किनीदिनु पनि हाम्रो लागि ठूलो सहयोग हो। यसलाई नियमित रुपले किनी दिएर, ग्राहक-पाठक बढाउनमा मद्दत गरेर, यसलाई झनझन उपयोगी बनाउन खवरदारी गरेर तपाई 'मूल्यांकन'को वैचारिक अभियानलाई सघाउ पुऱ्याउन सक्नु हुन्छ। यसनिम्ति हामी यहाँहरूको थप ध्यानाकर्षण गराउन चाहन्छौं। धन्यवाद!

-'मूल्यांकन' परिवार

## आगामी अंकमा

गत फागुन ६ गते **'मूल्यांकन वार्षिक समीक्षा-भेला'** सम्पन्न भयो। यसमा गत वर्षभरि प्रकाशित सामग्रीहरूबारे विभिन्न वामपन्थी नेताहरू तथा बौद्धिक व्यक्तित्वहरूले गर्नु भएको महत्वपूर्ण टिप्पणी र दिनु भएका सुझावहरू आगामी अंकमा प्रकाशित गरिने छ।

-मूल्यांकन

उत्तमस्वाद................भरपूर सन्तुष्टी
राजहंस
घ्यू
राजहंस
तेल

# उत्पीडित जनजातिहरूले आफैंबाट भेदभाव अन्त गर्न थाल्ने



गत फागुन १ गते देखि बुटवलमा लगातर चार दिनसम्म चलेर "नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज" को एकता राष्ट्रिय सम्मेलन समाप्त भएको छ। चुनावी प्रकृयाद्वारा नै सम्मेलनले अध्यक्ष पदमा पद्मलाल विश्वकर्मालाई र महासचिव पदमा छविलाल विश्वकर्मालाई निर्वाचित गरेको छ। केन्द्रीय समितिका अन्य पदाधिकारी र सदस्यहरूका अतिरिक्त सम्मेलनले एक सल्लाहकार समिति बनाएको र राष्ट्रिय परिषदको व्यवस्था पनि गरेको छ।

तीन दिनको बन्द सेसनले जातीय मुक्ति आन्दोलनका संबन्धमा स्पष्ट कार्यदिशा तय गरेको कुरा सो समाजले जनाएको छ। तमाम उत्पीडित जातिलाई अझ एकीकृत र सशक्तीकरण गर्दै समानता, राष्ट्रियता एवं प्रजातान्त्र वहालीको आन्दोलनलाई निरन्तर अघि बढाउने प्रस्ताव पनि सम्मेलनले पारित गरेको छ।

हाम्रो समाजमा उत्पीडित-दलित जातिहरू कथित "माथ्ला जातिहरू" बाट उत्पीडित छन्। तर यो उत्पीडन र भेदभाव यी दलित जातिहरू आफैंभित्र पनि चालू रहेको छ। त्यहाँ भित्र पनि उँच-नीचको भेदभाव कायम छ।

यो सम्मेलनले आफूभित्रको यो भेदभावको अन्त गर्न थाल्ने संकल्प गरेको छ, यो अत्यन्त सकारात्मक र सृजनशील कार्य हो भन्ने हामीलाई लागेको छ। यसरी आफूभित्रैबाट सामाजिक परिवर्तनको शुरुवात गर्न थालिने अभियानले आफूभित्र एकता र वैज्ञानिक समतामूलक सोच पैदा गर्न ठोस मद्दत पुग्ने छ।

जातिको नाममा गरिने भेदभाव रुपी रुढीवादी अवैज्ञानिक र अन्यायपूर्ण व्यवहारहरूलाई जरैदेखि अन्त गर्न यस मुक्ति समाजले सक्रिय भूमिका खेल्न अगुवाइको काम गर्नु जरुरी छ। आफ्ना निश्चित केही कार्यकर्ताहरूलाई निरन्तर क्रियाशील भई खट्न सक्ने भौतिक वातावरण सृजना गर्न सकेमा मात्र कामको निरन्तरता र सघनता बढ्ने निश्चित छ। यसतर्फ समाजको ध्यान जानु जरुरी छ।

हाल हाम्रो समाजमा विद्यमान रुढीवादी, अन्धविश्वासी धारणा नै जातीय भेदभावको मूल जरो हो। त्यसैले यस संगठनले जातीय उत्पीडनका ठोस् ठोस् सवालहरूमा संघर्षको पहलकदमीका अतिरिक्त आम रुपमा जन चेतना जगाउने कार्यलाई पनि आफ्नो कार्य प्राथमिकतामा पार्नु पर्छ भन्ने हामीलाई लाग्छ।

के कुरा प्रष्ट छ भने- देशमा रहेका प्रायः सबै राजनीतिक पार्टी र प्रायः सबै ऐन नियमहरू जातीय भेदभावका विरुद्ध छन्। यस स्थितिमा यस भेदभावलाई हटाउनका निम्ति खाँचो छ- उत्पीडितहरू स्वयंको व्यवस्थित र व्यापक एवं व्यवहारिक संघर्ष र पहलको। ❑


पढ्नु होस्-

साप्ताहिक दृष्टि
साप्ताहिक प्रकाश
साप्ताहिक पृष्ठभूमि
साप्ताहिक छलफल
साप्ताहिक नयाँ हाँक
र हालसालै देखि प्रकाशित हुन थालेको
साप्ताहिक जनआस्था

खगेन्द्र संग्रौलाको नयाँ रचना
समयको स्पन्दन (नाटक)
बजारमा उपलब्ध छ।

प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीप्रति हार्दिक शुभकामना!

भक्तपुर जिल्ला विकास समिति

प्रजातन्त्र दिवसको
उपलक्ष्यमा
समस्त देशवासीप्रति
हार्दिक शुभकामना
व्यक्त गर्दछौं !

– म्यूचुअल ट्रेडिङ्ग कम्पनी (प्रा.) लि.
५३९– मखन गल्ली, काठमाडौं– ८

प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीप्रति हार्दिक शुभकामना !

नेपाल बैंक लिमिटेड

प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीप्रति हार्दिक शुभकामना !

- बुटवल धागो कारखाना लि.
- मोरंग सुगर मिल्स लि.
- नेशनल फाइनान्स कम्पनी लि.
- घरेलु हस्तकला उद्योग प्रा.लि.
- साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.
- खाद्य उद्योग लि.
- नेपाल बनस्पती घ्यू उद्योग लि.
- गोरखकाली रबर उद्योग लि.
- हितकारी गुठी

प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीप्रति हार्दिक शुभकामना !

– जनक शिक्षा सामग्री केन्द्र
सानो ठिमी, भक्तपुर।




## एकता नहुनुको कारण-बारे पनि ध्यान जाओस्

वामपन्थी समाजमा 'मूल्यांकन' सर्वाधिक लोकप्रिय छ। कम्युनिष्ट गतिविधिका बारेमा सान्दर्भिक चर्चा, परिचर्चा र अन्तर्क्रिया जस्ता रोचक तथा ज्ञानबर्द्धक सामग्रीहरुको नियमितताले गर्दा नै मूल्यांकनले सर्वाधिक लोकप्रियता हासिल गरेको हो। र, मूल्यांकनले मूलतः दुई प्रकारका विषयवस्तुहरुमा विशेष जोड दिएको पाइन्छ- १. विभाजित नेपाली कम्युनिष्ट पार्टीहरुका बीच अन्तर्क्रिया गराई सबैलाई एउटै मञ्चमा उभ्याएर वाम एकताको जनमत तयार पार्ने काम, २. विश्व कम्युनिष्ट गतिविधिका बारेमा ताजा जानकारी गराएर नेपाली जनताको मनोबल उच्च बनाउने काम।

वस्तुतः मूल्यांकन आफ्नो उद्देश्यमा पूर्णतया सफल छ र मूल्यांकनको तर्फबाट वाम एकताको लागि गरिएको प्रयास पनि सह्राहनीय छ। तर नेपाली कम्युनिष्टहरू, जो आफ्नो कमी कमजोरी स्वीकार गर्न तयार छैनन् र आफू बाहेक अरूलाई कम्युनिष्ट मान्न तयार पनि छैनन्, के यिनीहरू एउटै मोर्चामा कहिल्यै उभिन सक्छन्? कम्युनिष्ट आन्दोलन विभाजित हुनु र कम्युनिष्टहरूका बीचमा न्यूनतम् कुरामा पनि सहमति हुन नसक्नुको पछाडि के कारण छ?- यसबारेमा पनि मूल्यांकनले चासो बढाउनु पर्‍यो।

साथै पौष अंकमा नीति/संस्कृति अन्तर्गत चन्द्रदेव नेपालीद्वारा लेखिएको 'हाय ! गुट मानसिकता' ज्यादै रोचक तथा सान्दर्भिक लाग्यो।

*-भीमप्रसाद अधिकारी, विदुर अधिकारी,* सिन्धुली- १

## माघ अंकबारे

विशेषतः 'दर्शन/दिग्दर्शन' उद्देश्यमूलक, यथार्थ र क्रमिक हुनुपर्‍यो। त्यस्तै नीति-संस्कृति, विश्व कम्युनिष्ट गतिविधि, घटना र प्रवृत्ति, पाठकको प्रश्न-नेताको उत्तर महत्वपूर्ण छन्- मेरा लागि। तथापि दर्शन/दिग्दर्शनको अभावमा मूल्यांकन अपूर्ण हो कि भैं लाग्छ।

पश्चिम बंगालको वास्तविकताले दुःखित तुल्यायो भने क्यूबाप्रतिको विश्व समर्थन र सहानुभूतिले खुसी। यस पटकको पर्दा-रंगमञ्चमा 'डर'को समीक्षा चोटिलो छ भने 'देउमाईको किनारमा' बारे अपूरो भयो।

*-'योद्धा' राम,* मोरङ्ग

## साइज एउटै होस्

यस पत्रिकामा आवरणको 'मूल्यांकन' अक्षरको ब्लकमा रातो रंग नराख्नुको कारण बुझ्न सकिएन। भित्र राख्ने गरेका ब्लकहरू सकेसम्म सानो राखेर समाचार बढी अटाओस्। त्यस्तै यो पत्रिका एकै साइजको होस्। यसो भएमा वर्ष वर्षको बाइण्डिङ्ग गर्न सजिलो हुन्छ र कटिङ्ग गर्दा अक्षरहरू काटिने थिएनन्।

*-रामचन्द्र महर्जन,*
कीर्तिपुर, कुलाछें

## जीवनी र विचार

विश्व कम्युनिष्ट आन्दोलन कुन रूपले अगाडि बढिरहेछ र बढ्न सक्छ भन्ने कुरा मूल्यांकनले छर्लङ्ग बनाएको छ। नेताहरूको जीवनी, उनीहरूको राजनीतिको शुरूवात, जेलनेल यातनाहरू, जनताको निम्ति उनीहरूले गरेका कामहरू र उनीहरूका विचार-हरूलाई पनि यसले संगेटोस्।

*-हरिमाया तिमिल्सिना र टीका तिमिल्सिना*
कास्की कालिका गा.वि.स. वडा २ धुँवाखोला

## लामो लेखको सट्टामा

मूल्यांकनको माघ अंकमा क्यूबा र इण्डोनेशियाका विषयमा प्रकाशित सामग्री ज्यादै राम्रो लाग्यो। विशाल अमेरिकी साम्राज्यवादको नजिकै रहेर पनि त्यसको आर्थिक नाकाबन्दी लगायतका विभिन्न कुकृत्यका विरूद्ध संघर्ष गरिरहेको राष्ट्र क्यूबाको विगत र वर्तमान स्थितिबारे अझै पढ्ने जिज्ञासा छ। पश्चिम बंगालको सरकारको विषयमा दिइएको सामग्री पठनीय भएतापनि यसरी एउटै अंकमा एउटै विषयमा लामो लेख दिइनुको सट्टा अंकै पिच्छे त्यहाँका गतिविधिबारे पढ्न पाएमा रोचक बन्ने थियो।

*-रमेश खनाल,*
शनिश्चरे- ९, झापा

## पृष्ठसंख्यामा बृद्धि

मूल्यांकन अंक २५ साह्रै राम्रो लाग्यो। यसमा भएका सबै लेखहरू आफ्नो ठाउँमा महत्वपूर्ण छन् तर विजय सुब्बाको 'अनुभूति'प्रति विशेष आभार व्यक्त गर्दछु। मूल्यांकनको पृष्ठसंख्या बढाइयोस्, बरू यसका लागि मूल्य बृद्धि गर्नु परेमा सो बृद्धि गरे पनि सामग्री अरू बढी पढ्न पाइन्थ्यो।

*-भुवन अर्याल,* गुल्मी, ग्वादी- ३

## केही सुझावहरू

नेपालमा वाम सरकार बनि-रहेको यस परिप्रेक्ष्यमा प. बंगालका सत्तासीन र सत्ता बाहिरका वाम नेताहरुका विचार दिइएकोमा सम्पादक मण्डललाई धन्यवाद ! यी सामग्रीहरू नेपालको वर्तमान सरकार र हामी जस्ता सामान्य कार्यकर्ताका लागि निकै उपयोगी छन्। समग्रमा पत्रिका ज्ञानबर्द्धक हुँदाहुँदै निम्न कमजोरीहरू रहेका छन्। अतः यसतर्फ पनि ध्यान पुऱ्याउनु हुन्छ कि ?

१. पत्रिकाको अधिकतम हिस्सा अन्त-र्राष्ट्रिय लेखहरूमा नै केन्द्रीत हुन्छ। अतः नेपालको वाम आन्दोलनको इतिहासदेखि वर्तमानसम्म धारावाहिक सामग्रीहरु आउनु पर्‍यो।
२. प्रत्येक पानाको शुरू वा अन्त्यमा महत्वपूर्ण कोटेशनहरू राखिएमा सुनमा सुगन्ध हुने थियो।
३. कुनै पनि लेखमा अप्रासंगिक तस्वीर -हरू राख्नुको औचित्य छैन, जुन अंक २५ को पेज २९ मा दिइएको क. माओ सम्बन्धी लेखको पहिलो तस्वीरलाई लिन सकिन्छ।
४. पत्रिकाको स्तर अझमाथि उठाउन प्रत्येक अंकमा राष्ट्रिय तथा अन्त-र्राष्ट्रिय वाम नेताहरूको छोटकरी परिचयसहित फोटोहरू प्रकाशित गर्नु राम्रो हुने थियो।

*-शिवलाल पाण्डे, गोकूल पराजुली र विष्णु पोखरेल*
कोहलपुर- ४, बाँके

## खेलकूद सम्बन्धी लेख चाहियो

म मूल्यांकन मासिकको एक नियमित पाठक हुँ। यो पत्रिका ज्यादै स्तरीय, निष्पक्ष र स्वतन्त्र छ। मैले मूल्यांकन मासिकका सबै अंकहरू आकलन गर्दै आएको छु। मैले यसबाट धेरै ज्ञान हासिल गरेको छु।

तर मेरो एउटा गुनासो के छ भने, यसमा कम मात्रामा मात्र खेलकूद सम्बन्धी लेख छापिंदो रहेछ। हामी जस्ता खेलप्रेमी पाठकहरूलाई यो दुःखको कुरा हो। त्यसकारण अब आउने अंकहरूमा यसले विश्वका प्रमुख खेल घटनाहरूलाई समेट्न सकोस् भन्ने कामना गर्दछु।

*-शरद पौडेल,* शुखानगर, बुटवल- १०, रूपन्देही

## पाठक वर्गका लेखहरू

मूल्यांकन मासिक पत्रिकामा विश्वका वाम आन्दोलनका घटना नछुटाई समावेश गरिनुको साथै पाठक वर्गका केही वामे सर्न लागेका जनजागृति सम्बन्धी लेखहरू पनि समावेश गरिएमा सुनमा सुगन्ध हुने थियो।

*-श्री धनबहादुर चन्द,*
दहचौर- ५, सुर्खेत

## फिल्म "डर"को समीक्षा

हामीहरू फिल्म 'डर'को समीक्षाबाट प्रभावित भएका छौं। अन्य यस्तै सामग्रीहरूको अपेक्षा गर्दछौं।

*-सुशील घिमिरे, सन्तोष लुईटेल*
पानी ट्यांकी, बौद्ध महांकाल- ६

## पशिचम बंगालसम्बन्धी सामग्री

पूर्णांक २५ समयमै पढ्ने अवसर मिल्यो। यस पल्टको अंक पहिलेको भन्दा रोचक र अध्ययन गर्नै पर्ने खालको पाएँ। आवरण पृष्ठमा ठूलाठूला अक्षरमा आकर्षक रूपमा दिइएको 'नेपालले पश्चिम बंगालबाट के सिक्नु पर्छ ?' बाट नेपालमा पहिलो पटक सत्तामा पुगेको वाम सरकारको लागि राम्रो सन्देश मिलेको छ। पश्चिम बंगालमा १७ वर्षसम्म वाम सरकार स्थिर हुनु पछाडिको पृष्ठभूमि, त्यहाँको कम्युनिष्ट सरकारले अपनाएको रणनीति तथा सर्वहारा किसान वर्गको हितमा सरकारले अपनाएको कार्यनीतिबारे अध्ययन गर्न पाउँदा खुसी लाग्यो। पश्चिम बंगालका कम्युनिष्ट नेताहरू र मन्त्रीहरूसंग लिइएको अन्तर्वार्ताबाट नेपाली वामनेताहरूको निम्ति समयानुकूल सन्देश र शिक्षा मिलेको छ।

*-आर. के. एस. 'रोविन',*
तार्कुघाट ९, लमजुङ्ग, हाल नारायणगढ

## मूल्यांकनले सबै वाम पार्टीलाई सघाएको छ

नेपालमा हाल मात्रात्मक रूपमा बढेको वाम आन्दोलनलाई गुणात्मक रूपमा बदल्नको निम्ति वैचारिक-सांस्कृतिक क्षेत्रमा थुप्रै कामहरू हुनु जरूरी छ। २०४६ पछि संगेटिएका नयाँ मानिसहरू वाम आन्दोलनभित्र सक्रिय त छन् तर मार्क्सवादका साधारण कुराहरू पनि उनीहरूलाई थाहा छैन। हाम्रा कतिपय पुराना वाम कार्यकर्ता र नेताहरूमै पनि मार्क्सवादको छिट्पुट 'ज्ञान' पाइन्छ तर उनीहरूमा मार्क्सवादी 'दृष्टिकोण' भने पाइन्न। यो स्थितिमा मूल्यांकनले यो अभाव पूरा गर्न राम्रा र उपयोगी पढ्ने सामग्रीहरू जुटाइरहेको र यसरी यसले सबै वामपन्थी पार्टीहरूलाई सघाउ पुऱ्याइरहेकोमा प्रशंसा गर्दै यसको निरन्तरताको कामना गर्दछु।

*-राजेन्द्र न्यौपाने,* छाताचोक, धरान।

नयाँ कलेवरमा प्रकाशित
विश्वभूमि [illegible]
पढ्नु होस्।




| | | | | |
|---|---|---|---|---|
| ANZ Australia | ANZ Bahamas | ANZ Bahrain | ANZ Bangladesh | ANZ Brazil |
| ANZ Chile | ANZ China | ANZ Cook Islands | ANZ Fiji | ANZ France |
| ANZ Germany | ANZ Greece | ANZ Guernsey | ANZ Hong Kong | ANZ India |
| ANZ Indonesia | ANZ Iran | ANZ Japan | ANZ Jersey | ANZ Jordan |
| ANZ Korea | ANZ Malaysia | ANZ Nepal | ANZ New Zealand | ANZ Oman |
| ANZ Pakistan | ANZ PNG | ANZ Phillipines | ANZ Qatar | ANZ Singapore |
| ANZ Solomon Islands | ANZ Sri Lanka | ANZ Switzerland | ANZ Tonga | ANZ Taiwan |
| ANZ Thailand | ANZ UAE | ANZ UK | ANZ USA | ANZ Vanuatu |
| | ANZ Vietnam | ANZ Western Samoa | | |

There's a bank that stands out in Nepal.
That bank is Nepal Grindlays Bank Limited offering a complete range of financial services.
In fact, whatever your International banking requirements, talk to Nepal Grindlays Bank Limited.
We have one of the largest International banking networks.
Providing the financial opportunities to give you the leading edge.

**Nepal Grindlays Bank Limited**
नेपाल ग्रिण्डलेज बैंक लिमिटेड
MEMBER ANZ GROUP

NAYA BANESHWORE, TEL: 229-333, TLX: 2531 GRNDLY NP, FAX: 977-1-226-762; KANTIPATH, TEL: 228-474, TLX: 2736 GMNEPL FAX: 977-1-228-692; THAMEL, EXCHANGE BUREAU, TEL: 415228/236, TLX: 2268 GRCRD; LALITPUR, GPO BOX NO. 3990, TEL. 523266 TLX: 2531 GRNDLY NP; BIRATNAGAR (MORANG), P. O. BOX NO. 201, TEL: 27982, 27983, TLX: 3037 ANZBRT; DUHABI (SUNSARI), P. O. BOX NO 201 TEL: 40030, TLX: 40177; POKHARA, LAKESIDE, TEL: 20102, TLX: 61-20318; ARGHAUN BAZAR, POKHARA, TEL: 21676, TLX: 005 NGBPOKH NP

**WINTER SCHEDULE 1ST OCTOBER TO 14TH MARCH 1995**

# The Best of Nepal.
# The Complete Domestic Airlines.

**Nepal Airways**

| FROM/TO | FLT. DAYS | FLT. NO. | DEP | ARR | AIRCRAFT TYPE |
|---|---|---|---|---|---|
| KTM/BHR | DAILY | 7E637 | 1145 | 1210 | Y - 12 |
| /BIR | DAILY | 7E605 | 1145 | 1240 | AVRO |
| /BWA | 7,3,5 | 7E623 | 1130 | 1220 | AVRO |
| /KEP | 7,3,5, | 7E623 | 1130 | 1330 | AVRO |
| /LUA | DAILY | 7E609 | 0810 | 0845 | Y - 12 |
| /LUA | DAILY | 7E611 | 0950 | 1025 | Y - 12 |
| /LUA | DAILY | 7E601 | 1130 | 1205 | Y - 12 |
| /MTN | DAILY | 7E633 | 0815 | 0915 | AVRO |
| /MTN | DAILY | 7E634 | 0845 | 0945 | AVRO |
| /PKR | DAILY | 7E603 | 0945 | 1015 | AVRO |
| //PKR | 7,1,2,3,4,6 | 7E645 | 1510 | 1540 | AVRO |
| PKR | DAILY | 7E637 | 1144 | 1255 | Y - 12 |
| PKR/BHR | DAILY | 7E640 | 1000 | 1020 | Y - 12 |
| /JOM | DAILY | 7E661 | 0715 | 0740 | Y- 12 |
| /JOM | DAILY | 7E663 | 0835 | 0900 | Y - 12 |
| /KTM | DAILY | 7E640 | 1000 | 1110 | Y - 12 |
| /KTM | 7,1,2,3,4.,6 | 7E646 | 1610 | 1640 | AVRO |
| /KTM | DAILY | 7E604 | 1045 | 1115 | AVRO |
| BIR/KTM | 7,1,3,4, | 7E606 | 1305 | 1355 | AVRO |
| | 2,5,6 | 7E606 | 1455 | 1545 | AVRO |
| /TMY | 2,5,6 | 7E621 | 1305 | 1330 | AVRO |
| BWA/KEP | 7,3,5 | 7E623 | 1250 | 1330 | AVRO |
| /KTM | 7,3,5 | 7E624 | 1510 | 1600 | AVRO |
| KEP/BWA | 7,3,5 | 7E624 | 1400 | 1440 | AVRO |
| /KTI | 7,3,5 | 7E624 | 1400 | 1600 | AVRO |
| TMI/BIR | 2,5,6 | 7E622 | 1400 | 1425 | AVRO |
| LUA/KTM | DAILY | 7E610 | 0900 | 0935 | Y - 12 |
| /KTM | DAILY | 7E612 | 1040 | 1115 | Y - 12 |
| /KTM | DAILY | 7E602 | 0715 | 0750 | Y - 12 |
| KEP/BJR | 1 | 7E683 | 0900 | 0940 | Y - 12 |
| /FEB | 5,6 | 7E681 | 1200 | 1235 | Y - 12 |
| | 3 | 7E681 | 1100 | 1135 | Y - 12 |
| /JUM | 7 | 7E671 | 1200 | 1245 | Y - 12 |
| /JUM | 1,2,4 | 7E675 | 1050 | 1135 | Y - 12 |
| /JUM | 2,5,6 | 7E669 | 0900 | 0945 | Y - 12 |
| /JUM | 3,4 | 7E671 | 1300 | 1345 | Y - 12 |
| /JUM | 3 | 7E673 | 1500 | 1545 | Y - 12 |
| /JUM | 7,3,5,6 | 7E667 | 0700 | 0745 | Y - 12 |
| BHR/KTM | DAILY | 7E638 | 1045 | 1110 | Y - 12 |
| /PKR | DAILY | 7E639 | 1235 | 1255 | Y - 12 |
| BJR/KEP | 1 | 7E684 | 0955 | 1035 | Y - 12 |
| FEB/KEP | 5,6 | 7E682 | 1250 | 1325 | Y - 12 |
| | 3 | 7E682 | 1150 | 1225 | Y - 12 |
| JUM/KEP | 7,3,5,6 | 7E668 | 0800 | 0845 | Y - 12 |
| /KEP | 7 | 7E672 | 1300 | 1345 | Y - 12 |
| /KEP | 1,2,4 | 7E676 | 1150 | 1235 | Y - 12 |
| /KEP | 2,5,6 | 7E670 | 1000 | 1045 | Y - 12 |
| /KEP | 3,4 | 7E672 | 1400 | 1445 | Y - 12 |
| /KEP | 3 | 7E674 | 1600 | 1645 | Y - 12 |
| JOM/PKR | DAILY | 7E662 | 0755 | 0820 | Y - 12 |
| /PKR | DAILY | 7E664 | 9015 | 0940 | Y - 12 |

NOTE : 1 = Monday, 2 = Tuesday, 3 = Wednesday, 4 = Thrusday
5 = Friday 6 = Saturday, 7 = Sunday

*(Subject to Government approval)*